


नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९
एक्सटेन्सन: १११/११२ (९ बजेदेखि ६ बजेसम्म)

» मंगलबार पुस ४, २०७४ » Tuesday, December 19, 2017 » www.newsofnepal.com » नेसं ११३८ पोहेलाथ्व १ » वर्ष २३, अंक ३३४ » पृष्ठ १२ » मूल्य रु. १०/–

# नेपालकै पैसाले बन्छ बूढीगण्डकी

हेमन्त जोशी, काठमाडौं

बूढीगण्डकी जलविद्युत् आयोजनाका लागि अनुमानित स्वपुँजी




एक हजार दुई सय मेगावाट उत्पादन क्षमता रहेको जलाशययुक्त बूढीगण्डकी जलविद्युत् आयोजना स्वदेशी लगानीमा निर्माण गर्न सकिने एक अध्ययनले देखाएको छ।

'बूढीगण्डकी जलविद्युत् आयोजना निर्माण सम्बन्धमा लगानीको खाका तयार गर्न गठित समिति'को प्रतिवेदनले २ खर्ब ७० अर्ब रुपियाँको स्वदेशी लागतमा आयोजना निर्माण गर्न सकिने देखाएको हो। सरकारको वार्षिक बजेट, सम्झौतित बचत गर्ने संस्थाहरूको लगानी र पेट्रोलियम तथा कार्बनमा लाग्ने करमार्फत आयोजना लागत जुटाउन सकिने सुझाव समितिले दिएको छ।

गत मंसिर ८ गते बसेको मन्त्रिपरिषद् बैठकले बूढीगण्डकी आयोजना नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनीका रूपमा विशिष्टीकृत कार्यान्वयन एकाइ स्थापना गरी अगाडि बढाउने निर्णय गरेको थियो। सोही निर्णयअनुसार सोमबार समितिले आयोजनालाई स्वदेशी लगानीमा विकास र निर्माण गर्न लगानीका स्रोतहरूको पहिचान तथा आयोजना विकास र निर्माण गर्ने खाका ऊर्जामन्त्री कमल थापालाई बुझाएको हो। ८ वर्षभित्र निर्माण सम्पन्न गरिने राष्ट्रिय गौरवको आयोजनालाई प्राधिकरणमार्फत इन्जिनियरिङ प्रोक्योरमेन्ट कन्ट्याक्ट विथ फाइनान्स (ईपीसीएफ) मोडलमा निर्माणको सुझाव समितिले सरकारलाई दिएको हो।

यसअघि आयोजना निर्माणका लागि तोकिएको ईपीसीएफ मोडलका विषयमा विस्तृत अध्ययन गरी १५ दिनभित्र प्रतिवेदन बुझाउन मन्त्रिपरिषद्ले समिति गठन गरेको थियो। उक्त समितिमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, अर्थसचिव, ऊर्जासचिव, ऊर्जा मन्त्रालय नीति महाशाखा प्रमुख, नेपाल राष्ट्र बैंकका गभर्नर, विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक सदस्य रहेका छन्।

समितिले यसअघि फ्रान्सको कम्पनी 'ट्र्याक्टेवेल इन्जियिरिङ'ले तयार पारेको आयोजनाको सम्भाव्यता अध्ययन र विस्तृत डिजाइन प्रतिवेदनलाई आधार मानेर लगानीको खाका तयार पारेको हो। ट्र्याक्टेवेल इन्जिनियरिङले तयार पारेको प्रतिवेदनमा उल्लेख गरिएअनुसार विद्युत् गृहको व्यापारिक उत्पादन शुरू हुनेसम्मको कुल निर्माण अवधि ७ वर्ष १० महिना हुनेछ। मन्त्रिपरिषद्ले भने उक्त आयोजना ८ वर्षको समयावधिमा सम्पन्न गर्ने निर्णय गरेको छ।

फ्रान्सको ट्र्याक्टेवेल इन्जिनियरिङले तयार गरेको प्रतिवेदनअनुरूप यस आयोजनाको कुल लागत २ खर्ब ७० अर्ब रहेको छ। प्रतिवेदनमा गरिएका केही अनुमानलाई पुनरवलोकन गर्दा आयोजनाको लागत झन्डै १० प्रतिशतले घट्न सक्ने समितिले सुझाएको छ।

ट्र्याक्टेवेल इन्जिनियरिङले तयार पारेको उक्त प्रतिवेदनअनुसार आयोजना निर्माणका लागि सार्वजनिक स्वामित्वमा विकास, पूर्ण निजी स्वामित्वमा विकास, पूर्ण निजी/साझेदारी स्वामित्वमा विकास गरी तीनवटा विकल्प दिइएको छ। त्यसै गरी सार्वजनिक स्वामित्वअन्तर्गत पनि बहुपक्षीय संस्थाहरूको लगानी, नेपाल सरकारको शतप्रतिशत स्व-लगानी, आंशिक लगानी र आपूर्तिकर्ताको ऋण र खरिदकर्ताले लिने ऋण गरी चारवटा विकल्प सुझाएको छ।

(विस्तृत पृष्ठ ११ मा)

शिक्षामा आमूल परिवर्तनको तयारी

# तयार भयो प्रादेशिक खाका

ईश्वरराज ढकाल, काठमाडौं

शिक्षा मन्त्रालयले प्रदेश सरकारले गर्ने कामको विवरणसहित खाका तयार गरेको छ। स्थानीय निकायमा कर्मचारी खटाइसकेको मन्त्रालयले प्रदेशको खाका तयार गरेको हो।

प्रदेशमा मानव संसाधन मन्त्रालयअन्तर्गत शिक्षा महाशाखाको परिकल्पना गरिएको छ। सो महाशाखाले प्रदेशभित्रको शैक्षिक निकायका कर्मचारी व्यवस्थापन, समसामयिक शैक्षिक मुद्दा र विवादको निरुपण, समकक्षता गुणस्तर नियन्त्रण तथा अनुगमन र समन्वयनको काम गर्नेछ। त्यस्तै हाल स्वाथ्य मन्त्रालयअन्तर्गत सञ्चालनमा आएका चिकित्सा शिक्षा प्रदान गर्ने शैक्षिक प्रतिष्ठानहरूको समेत सोही कार्यक्षेत्रभित्र राख्नुपर्ने सुझाव मन्त्रालयले दिएको छ।

**महाशाखाले प्रदेशभित्रको शैक्षिक निकायका कर्मचारी व्यवस्थापन, समसामयिक शैक्षिक मुद्दा र विवादको निरुपण, समकक्षता गुणस्तर नियन्त्रण तथा अनुगमन र समन्वयनको काम गर्नेछ।**

महाशाखाले प्रदेश तहमा कानुन निर्माण गर्ने, वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने, विभिन्न संघसंस्थासँग समन्वय गर्ने, शैक्षिक निकाय र विद्यालयको कार्यसम्पादन र अनुगमन गर्नेलगायतका काम गर्नेछ। सो महाशाखाअन्तर्गत विद्यालय शिक्षा, छात्रवृत्ति, पुस्तकालय शाखा, उच्च शिक्षा तथा प्राविधिक शाखा, अनुसन्धान, सूचना तथा तथ्याङ्क शाखा, मानव संसाधन तथा पाठ्यक्रम समन्वय शाखाको व्यवस्था गरेको छ। शिक्षा मन्त्रालयका प्रवक्ता डा. हरि लम्सालले मन्त्रालयले दिएको संरचनाको विषयमा छलफल जारी रहेको बताउनुभयो। उहाँले भन्नुभयो- 'हामीले प्रदेशमा आवश्यक पर्ने सबै विभाग, महाशाखा र शाखाको विषयमा विस्तृत जानकारी दिएका छौं।' सो महाशाखामा १ सहसचिव, ४ जना शिक्षा उपसचिव, ४ जना शिक्षा अधिकृत, २ जना कम्प्युटर अधिकृत, ३ जना प्राविधिक सहायक तथा नासु, ३ जना कार्यालय सहायक र २ जना सवारी चालक गरी १९ कर्मचारी रहने उल्लेख गरिएको छ।

प्रदेशमा प्रदेश शिक्षा विभाग, प्रदेश शिक्षक सेवा आयोग, प्रादेशिक पाठ्यक्रम तथा जनशक्ति विकास विभाग रहने व्यवस्था गरेको छ। स्वायत्त निकायअन्तर्गत प्रादेशिक परीक्षा बोर्ड, प्रादेशिक प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, प्रदेश शिक्षा सामग्री प्रकाशन केन्द्र र प्राविधिक विश्वविद्यालय रहने व्यवस्था गरेको छ।

'हामीले खाका तयार पारेर सरकालाई बुझाएका छौं। सरकारले निर्णय गर्नासाथ लागू गर्नेछौं।' -प्रवक्ता डा. लम्सालले भन्नुभयो। उहाँले सबै सरोकारवाला निकायसँग समन्वय गरेर खाका तयार पारेको जानकारी दिनुभयो। प्रदेश शिक्षा विभागले शैक्षिक योजना, कार्यक्रम तर्जुमा बजेट निकासा तथा कार्यान्वयनको व्यवस्था गर्ने, गुणस्तर मापदण्ड निर्धारण तथा अनुगमन गर्ने, शिक्षक दरबन्दी विनियोजन तथा शिक्षक व्यवस्थापन गर्ने, काम विभागले गर्नेछ।

शिक्षक सेवा आयोगले विद्यालय शिक्षक तथा कर्मचारीको छनोट तथा बढुवासम्बन्धी सिद्धान्त, मापदण्ड र कार्यविधि निर्धारण गर्ने, सामुदायिक विद्यालयको स्थायी दरबन्दीमा कार्यरत अस्थायी शिक्षक तथा कर्मचारी छनोट, परीक्षा सञ्चालन र नियुक्तिका लागि सिफारिस गर्ने, शिक्षक बढुवासम्बन्धी कार्य गर्ने, शिक्षक अध्यापन अनुमतिपत्रसम्बन्धी काम गर्ने उल्लेख छ।

(क्रमशः पृष्ठ ९ मा)

# सरकार गठनअघि नै पार्टी एकीकरण

मधुसूदन रायमाझी, काठमाडौं

नेकपा माओवादी केन्द्रले नयाँ सरकार गठनअघि नै नेकपा एमालेसँग पार्टी एकीकरण गर्ने निर्णय गरेको छ। निर्वाचनको क्रममा वाम गठबन्धन बनाएर निर्वाचनमा सहभागी हुँदा राम्रो परिणाम आएको निष्कर्ष निकाल्दै माओवादी केन्द्रले सरकार गठन गर्नुअघि पार्टी एकीकरण गर्ने निर्णय गरेको हो।

माओवादी केन्द्रले नेकपा एमालेका शीर्ष तहकै नेताहरूबाट पार्टी एकीकरणको मर्मविपरीत अभिव्यक्ति आएको बताउँदै चुनावी तालमेल हुने क्रममा भएको दुई दलबीचको सहमतिकै आधारमा अगाडि बढ्नुपर्नेमा जोड दिएको छ। गत असोज १७ गते माओवादी केन्द्र र नेकपा एमालेबीचमा चुनावी तालमेलसँगै पार्टी एकीकरण गर्ने ६ बुँदे सहमति भएको थियो। निर्वाचनमा वाम गठबन्धनलाई जनताले मतद्वारा अनुमोदन गरेको निष्कर्ष निकाल्दै पार्टी एकीकरणमा ढिलो गर्न नहुने बताइएको छ।

निर्वाचनको समीक्षा, नयाँ सरकार गठन, पार्टी एकीकरण र राष्ट्रियसभा गठनको बारेमा छलफल गर्न बसेको नेकपा माओवादी केन्द्रको केन्द्रीय कार्यालयको बैठकमा पार्टीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले नयाँ सरकार गठनअघि नै पार्टी एकता गर्नुपर्ने बताउनुभएको थियो।

## माओवादी केन्द्रको निर्णय

प्रचण्डको भनाइ उद्धृत गर्दै एक नेताले *नेपाल समाचारपत्र*सँग भने- 'देश र जनताको आवश्यकता दुई पार्टीबीचको एकीकरण हो, सरकार गठनअघि नै पार्टी एकीकरण गर्नेमा म लागेको छु।' उनले पार्टी एकीकरणका लागि एमालेका शीर्ष नेताहरूसँग परामर्श र गृहकार्य भइरहेको पनि बैठकमा जानकारी गराएका थिए। 'पार्टी एकीकरण हुँदैन कि भनेर आशंका पाल्न जरुरी छैन', प्रचण्डले भन्नुभयो- 'जनताले पार्टी एकीकरण गर्नका लागि जनादेश दिएका छन्, जनताको जनमतको सम्मान गर्न पनि पार्टी एकीकरण गर्नको विकल्प छैन।'

असोज १७ मा भएको दुई पार्टीबीचको सहमतिको तीन नम्बर बुँदामा पार्टी एकीकरणको वैचारिक र संगठनात्मक काम पूरा नभएसम्म आफ्ना-आफ्ना विचार व्यक्त गर्न र स्वस्थ बहस गर्न सकिने, तर पार्टी एकीकरणको आधारमा सदृढ बनाउन एकअर्काप्रति सार्वजनिक रूपमा नकारात्मक टिप्पणी र आलोचना नगर्ने, पार्टी एकीकरणको यस उद्देश्यअनुरूप अघि बढ्न आफ्नो-आफ्नो पार्टी पंक्तिलाई आह्वान गर्ने, छरिएर रहेका सबै कम्युनिस्ट तथा वामपन्थी पार्टी तथा समूहलाई एकीकरणको यही प्रवाहमा समाहित हुन अपिल गर्ने सहमति भएको थियो।

(क्रमशः पृष्ठ ९ मा)







# आन्तरिक पर्यटनमा रमाउँदै कर्मचारी

भगवती तिमल्सिना, काठमाडौं

चुनावी चहलपहलपछि शान्त रहेको चितवनको सौराह क्षेत्रमा राष्ट्रिय क्षयरोग केन्द्रले चहलपहल बढाएको छ। क्षयरोगी कसरी पत्ता लगाउने भन्ने बारेमा देशव्यापी रूपमा कार्यरत डीटीएलओ र आरटी एलओहरूलाई दुई समूहमा विभाजन गरी प्रिविलेन्स सर्वेको तालिमका लागि सहभागी गराएर चहलपहल बढाएको हो। यता क्षयरोग केन्द्रको कार्यालयका काम भने प्राय: ठप्प र शून्य अवस्थामा पुगेको छ।

राष्ट्रिय क्षयरोग केन्द्रमा सोमबार बिहान ११ बजेसम्म कार्यालय सुनसान थियो। कार्यालयमा भेटिएका एक कर्मचारीले भने- 'क्षयरोग केन्द्रको पुरानै चलन हो, आफ्नो कार्यालय भवनमा रहको बैठक कक्षहरूमा तालिम दिनुभन्दा पर्यटकीय क्षेत्रका ठूला होटलमा कार्यक्रम गऱ्यो भने यातायात, प्लेन, दैनिक भत्ताका साथै होटलले कमिसनसमेत दिने भएपछि यहाँ किन कार्यक्रम गर्नु।'

## क्षयरोगमा तालिमको चर्चा

'यसरी कार्यक्रमका नाममा भ्रमण आदेश बनाएर आन्तरिक पर्यटन प्रवर्द्धनमा साथ दिँदै आएको क्षयरोग केन्द्रको नयाँ नभएर पुरानै रोग हो। जुन हाकिम आए पनि तल्लो तहका कर्मचारीले हेरेर चित्त बुझाउने ठूला हाकिमहरू भ्रमणमा सयर गरेर क्षयरोग केन्द्रलाई खोक्रो बनाउने नै हो।' -ती कर्मचारीले भने।

यस विषयमा क्षयरोग केन्द्रका निर्देशक डा. केदारनरसिंह केसी भन्नुहुन्छ- 'अन्तर्राष्ट्रिय मापदण्डअनुसार अवस्था हेरी ५ देखि १० वर्षमा क्षयरोगको सर्वे गर्नुपर्ने भए पनि नेपालमा हालसम्म त्यस्तो हुन सकेको छैन। विश्व स्वास्थ्य संगठनको अनुमानित तथ्यांकलाई आधार मानी काम गरिरहेको अवस्था छ। क्षयरोग केन्द्रको ७५ प्रतिशत खर्च बचाउनका लागि सबैका लागि मध्यभागमा पर्ने चितवनमा तालिमको आयोजना गरेका हौं। आरोप निराधार छ।'

(क्रमशः पृष्ठ ९ मा)

महानगर
2017, DEC
Tuesday
19

नेपालमा २०४७ को संविधानले आधारभूत स्वास्थ्य सेवालाई नागरिकको मौलिक अधिकारको रूपमा स्थापित गरेको थियो। सोही संविधानअनुरूप २०४८ मा बनेको राष्ट्रिय स्वास्थ्य नीतिले दुर्गम र ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवाको विस्तारमा जोड दिएको थियो। वि.सं. २०६२/०६३ सालको अन्तरिम संविधानले आधारभूत स्वास्थ्य सेवालाई प्रत्येक नागरिकको मौलिक अधिकारको रूपमा स्थापना गर्‍यो। त्यस्तै राष्ट्रिय स्वास्थ्य नीति २०७१ ले सबै नागरिकको स्वास्थ्य सेवामा समतामूलक पहुंचका साथै गुणस्तरीय सेवा प्रवाहलाई जोड दिएको थियो।

# राष्ट्रिय स्वास्थ्य नीति तयार

भगवती तिमल्सिना
bgtimilsina@yahoo.com

नेपालमा लोकतान्त्रिक व्यवस्थाका लागि २०६२/०६३ को आन्दोलनबाट प्राप्त जनाधिकारका रूपमा २०७२ सालमा निर्मित संविधानमा स्वास्थ्य सेवा नागरिकको नैसर्गिक अधिकारका रूपमा स्थापित गरेको छ। संविधानमा उल्लेख भएको व्यवस्था व्यवहारिकरूपमा कार्यान्वयनमा ल्याउनका लागि भने निकै खुड्किला पार गर्नुपर्ने चुनौती कायमै छन्।

स्वास्थ्य सेवा आम मानिसको पहुँचमा पुग्नका लागि स्थानीय निकायदेखि चरणबद्धरूपमा भर्खरै सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको परिणाम आइसके पनि सरकारको जिम्मेवारी बाँडफाँड, प्रान्तीय राज्य कहाँ बनाउने, क्षेत्रगतरूपमा जिम्मेवारी कसरी बाँडफाँड गर्ने भन्ने टुंगो अझै लागिसकेको छैन। यतिबेला स्वास्थ्य क्षेत्रको कार्यविभाजन पनि उत्तिकै अन्योलको अवस्थामा रहेको छ। स्वास्थ्य सेवा अत्यन्तै संवेदनशील हुनुका साथै उपकरण जनशक्तिका साथै औषधि, खोप व्यवस्थापनका लागि भौतिक संरचना पहिलो आवश्यकताको विषय भएको स्वास्थ्य क्षेत्रका विशेषज्ञहरूको ठम्याइ रहेको छ। नेपालको भौगोलिक तथा प्राविधिक अवस्थाका कारण पनि एकैपटक स्थानीय निकायसम्म संविधानमा तोकिएको व्यवस्था मिलाउनु त्यति सजिलो नभएको मन्त्रालय निकट विज्ञहरूको भनाइ रहेको छ।

स्वास्थ्य संस्था भवन, मोटर बाटो, विद्युत् आपूर्ति, जनशक्ति, चिस्यान केन्द्रजस्ता आधारभूत आवश्यकता तयार नभई स्थानीयस्तरमा सेवा प्रवाह गर्न सक्ने अवस्था सिर्जना गर्नका लागि अझै केही समय लाग्ने देखिन्छ। यी कार्य पूरा गर्न आर्थिक, सामाजिक, भौगोलिकरूपमा सबै व्यवस्था मिलाउन सरकारलाई केही वर्ष लाग्न सक्ने हुनाले स्वास्थ्य सेवामा केही कठिनाइ आउन सक्ने विशेषज्ञहरू बताउँछन्।

स्वास्थ्य मन्त्रालयले यिनै विषयको यथार्थता पहिचानका लागि विशेषज्ञहरूको समूहलाई राष्ट्रिय स्वास्थ्य नीतिका लागि आवश्यक खाका तयार पार्न स्वास्थ्य मन्त्रालयका प्रवक्ता प्राडा श्रीकृष्ण गिरीको नेतृत्वमा प्रस्तावना तयार पार्न गठित वरिष्ठ चिकित्सकहरूको टोलीले आइतबार स्वास्थ्यमन्त्री दीपक बोहरालाई राष्ट्रिय स्वास्थ्य नीति २०७४ (प्रस्तावित) नीति तयार पारी हस्तान्तरण गरेको छ।

नेपालमा २०४७ को संविधानले आधारभूत स्वास्थ्य सेवालाई नागरिकको मौलिक अधिकारको रूपमा स्थापित गरेको थियो। सोही संविधानअनुरूप २०४८ मा बनेको राष्ट्रिय स्वास्थ्य नीतिले दुर्गम र ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवाको विस्तारमा जोड दिएको थियो। वि.सं. २०६२/०६३ सालको अन्तरिम संविधानले आधारभूत स्वास्थ्य सेवालाई प्रत्येक नागरिकको मौलिक अधिकारका रूपमा स्थापना गर्‍यो। त्यस्तै राष्ट्रिय स्वास्थ्य नीति २०७१ ले सबै नागरिकको स्वास्थ्य सेवामा समतामूलक पहुँचका साथै गुणस्तरीय सेवा प्रवाहलाई जोड दिएको थियो।

नेपालको संविधान २०७२ अनुसार देश संघीय स्वरूपमा प्रवेश गरिसकेको सन्दर्भमा संविधान प्रदत्त स्वास्थ्यसम्बन्धी हकहरूलाई यथार्थमा रूपान्तरण गर्न, संघीय संरचनाअनुरूप स्वास्थ्य सेवालाई पुनर्संरचना र विस्तार गर्दै स्वास्थ्य सेवालाई संविधान अनुकुल बनाउन आवश्यक भएकाले नयाँ स्वास्थ्य नीति तर्जुमा गरी जारी गरिएको छ। उक्त नीति जारी भएलगत्तै राष्ट्रिय स्वास्थ्य नीति २०७१ खारेज गरिएको छ। २०७४ नीति तयार गर्दा, नेपालको संविधान २०७२ बमोजिम राज्यका तीनै तहले सम्पादन गर्ने कार्यहरूको सूची, नेपाल सरकारका सान्दर्भिक विद्यमान नीतिहरू, नेपालले विभिन्न समयमा गरेको अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू एवं स्वास्थ्य क्षेत्रका चुनौतीहरूलाई समेत आधार बनाइएको राष्ट्रिय नीति तयारी समितिले जनाएको छ।

विगतलाई केलाउँदा सिंहदरबार वैद्यखाना हुँदै २० वर्षे योजनासम्म पुगेको स्वास्थ्य नीतिलाई वि.सं. २०४६ सालको जनआन्दोलनपछि नेपालमा पहिलोपटक २०४८ सालमा राष्ट्रिय स्वास्थ्य नीति बनाइएको थियो। 'यही नीतिलाई आधार बनाई देशभरि स्वास्थ्य संस्थाहरू स्थापनाको शुरुआत एवं विस्तार गरिएको हो। यो कार्यले मूर्तरूप लिएकै कारण ग्रामीण क्षेत्रको स्वास्थ्य र प्राथमिक स्वास्थ्य सेवा प्रणालीको एकीकृत र संरचनात्मक विकासलाई जोड दिनुका साथै स्वास्थ्य क्षेत्रमा आधुनिक चिकित्सा, निजी क्षेत्रको लगानी र सहभागितालाई प्रवर्द्धन गरेको हो' -राष्ट्रिय स्वास्थ्य नीति २०७४ को नेतृत्व गरिरहनुभएका डा. गिरी बताउनुहुन्छ।



यिनै कार्यलाई पछ्याउँदै २०६० मा नेपालमा स्वास्थ्य क्षेत्र रणनीति सुधारका लागि क्षेत्रगतरूपमा ५ वर्षे रणनैतिक स्वास्थ्य योजनाको कार्यन्वयन शुरु भयो। त्यसै गरी नेपाल स्वास्थ्य क्षेत्र कार्यक्रम (२०६६-२०७१) कार्यान्वियन पश्चात् हाल नेपाल स्वास्थ्य क्षेत्र रणनीति (२०७२-२०७७) को कार्यान्वयन शुरु भएको छ। यसकै प्रतिफलका रूपमा सहस्राब्दी विकास लक्ष्य ४ र ५ को प्राप्तिको सफलतामा नेपाल संयुक्त राष्ट्रसंघबाट सम्मानितसमेत भयो। यसका साथै स्वास्थ्य र सामाजिक क्षेत्रमा भएको विकासको प्रतिपादन मानव विकास सूचकाङ्कमा छिटो प्रगति गर्ने देशहरूमध्ये नेपाल एक बन्न सफल भएको थियो।

यिनै नीतिका कारण प्राथमिक स्वास्थ्य सेवा अति दुर्गम स्थानसम्म पुगेको छ। सेवा विस्तार र सर्वसुलभका विषयमा भने अझै धेरै सुधार तथा परिमार्जन गर्नुपर्ने विषयमा सर्वसाधारणदेखि दातृ निकायहरूले समेत सरकारको ध्यानाकर्षण गराउँदै आइरहेको अवस्थामा राज्य संघीयतामा गइसकेको छ। २०७२ को संविधानमा उल्लेख भएअनुरूप सर्वसुलभरूपमा स्वास्थ्य सेवा उपलब्ध गराउनु सरकारका लागि थप चुनौतीको विषय बनेको छ।

नेपालको पछिल्लो अवस्थालाई नियाल्दा नेपालको लागि आवश्यक पर्ने स्वास्थ्य जनशक्ति पूर्णरूपमा र बिरामीका लागि आवश्यक पर्ने औषधि झण्डै ४० प्रतिशतको हाराहारीमा नेपालमै उत्पादन शुरु भइसकेको छ। यसै गरी, गैरसरकारी तथा निजी क्षेत्रमा खास गरी आँखा, क्यान्सर, मुटु, मिर्गौला, स्नायु, हाडजोर्नी र प्लास्टिक सर्जरीसम्बन्धी विशिष्ट उपचार गर्ने स्वास्थ्य संस्थाहरूसमेत स्वदेशमै स्थापित हुनाको साथै रोग निदान केन्द्र तथा प्रयोगशालाहरू विकास तथा विस्तार हुनुले नेपालबाट बाहिरिने ठूलो धनराशी नेपालभित्रै परिचालन भई नेपाल समुन्नतको बाटोतर्फ लम्किँदै गएको देखिन्छ। स्वास्थ्य क्षेत्रमा नेपालले अहिलेदेखि नै व्यवस्थापनमा ध्यान दिन सकेको खण्डमा नेपाल एउटा स्वास्थ्य पर्यटनको क्षेत्रमा समेत उत्कृष्ट हुने कुरा विशेषज्ञहरूको ठम्याइ रहेको छ।

डा. गिरी भन्नुहुन्छ- 'पहिला-पहिला नेपालको ठूलो स्वास्थ्य समस्याका रूपमा रहेका औलो, क्षयरोग, झाडापखाला, श्वास-प्रश्वास, टाइफाइड, दादुरा, लहरे खोकी, भ्यागुते रोग, धनुषटङ्कार, जापानिज इन्सेफ्लाइटिस, हात्तीपाइले, कालाजार, ट्रकोमा, एचआईभी जस्ता संक्रमित रोगहरू नियन्त्रणमा छन् र रोगभार घट्दो क्रममा छ। नेपालबाट विफर उन्मूलन हुनाको साथै पोलियो शून्य अवस्थामा आइसकेको छ। कुष्ठरोग निवारणको अवस्थामा रहेको छ। मातृ तथा शिशु धनुषटङ्कार निवारण भइसकेको छ। मातृ स्वास्थ्य, बाल स्वास्थ्य तथा शिशु स्वास्थ्यमा सुधार आइसकेको छ।

अनुसन्धानको गुणस्तर मापनका लागि नियमन गर्ने विभिन्न निकायहरू (मेडिकल काउन्सिल, नर्सिङ काउन्सिल, फार्मेसी काउन्सिल, स्वास्थ्य व्यवसायी परिषद्, आयुर्वेद चिकित्सा परिषद्, राष्ट्रिय स्वास्थ्य अनुसन्धान परिषद्) स्थापना भई सक्रियताका साथ काम गरिरहेका छन्।

नेपालको स्वास्थ्य सुधारमा उल्लेख्य प्रगति भएको कुरा नेपाल स्वास्थ्य तथा जनसंख्या सर्वेक्षण २०१६ मा उल्लेख गरिएको छ। स्वास्थ्य सुधारको सूचकको रूपमा मातृ मृत्युदर तथा बाल मृत्युदरमा आएको कमीले छर्लङ्ग पारेको रिपोर्टमा उल्लेख गरिएको छ। यतिमात्र नभई स्वस्थता र पोसिलो आहारमा जनचेतना बढेको छ। विश्व रोगभार प्रतिवेदन २०१७ अनुसार नेपालीको औषत आयु ७१ वर्ष पुगेको डा. गिरिको नेतृत्वमा गठित समितिले तयार पारेको मस्यौदामा उल्लेख गरिएको छ।

## समस्या र चुनौती

नयाँ स्वास्थ्य नीति २०७४ ले सम्बोधन गर्नुपर्ने प्रमुख चुनौतीहरू- नेपालको संविधानमा स्वास्थ्य अधिकारलाई सहज, नि:शुल्क आधारभूत स्वास्थ्य सेवा पाउने व्यवस्था गर्नु र आकस्मिक स्वास्थ्य सेवाको विकास र विस्तार गर्नु।

राज्यको संघीय संरचनाअनुरूप स्वास्थ्य सेवाको संरचना र स्वास्थ्य सेवालाई अधिकार क्षेत्र तथा दायित्वअनुरूप संघ, प्रदेश र स्थानीय तहमा पुनर्संरचना, विस्तार र सेवाको सुनिश्चितता गर्नु।

नेपालमा सरुवा रोगको रोकथाम र नियन्त्रणमा प्रगति भइरहेको भए तापनि, सबै सरुवा रोगहरूको नियन्त्रण, निवारण तथा उन्मूलन नभइसकेको अवस्थामा नयाँ-नयाँ सरुवा रोगहरू जनस्वास्थ्यको समस्याको रूपमा देखा परिरहेका छन्। यसै गरी नसर्ने रोगहरूको समस्यामा वृद्धि भई जनस्वास्थ्यको प्रमुख समस्याको रूपमा देखापरेको छ। ६० प्रतिशतभन्दा बढी मृत्यु नसर्ने रोगका कारण हुन थालेको छ। यसका साथै प्राकृतिक विपद्बाट हुने जोखिम, जलवायु परिवर्तनको असर, सडक दुर्घटना र चोटपटकबाट हुने स्वास्थ्य समस्या र मृत्युको संख्या पनि दिन प्रतिदिन बढ्दो छ। त्यसैले सरुवा रोग नियन्त्रणका साथै नसर्ने रोग, स्वास्थ्य समस्या एवं प्राकृतिक एवं अन्य जोखिमको रोकथाम तथा नियन्त्रण गर्नु जरुरी छ।

ग्रामीण भेगमा आधारित स्वास्थ्य सेवाको तुलनामा शहरी भेगमा अझै सोचेजस्तो सुधार हुन सकेको छैन। शहरीकरण, विकास र निर्माणसँगै सिर्जना भएका र जीवनशैलीसँग सम्बन्धित स्वास्थ्य समस्याहरूको समाधानका साथै शहरका विपन्न, सीमान्तकृतप्रति लक्षित स्वास्थ्य सेवाको विकास गर्नु,

उपयुक्त सीप र दक्षता भएका विभिन्न तह र प्रकारका स्वास्थ्य जनशक्तिको असन्तुलित उत्पादन, दक्ष जनशक्तिको विदेश पलायन, स्वास्थ्यकर्मी र कर्मचारीको पेसागत विकास तथा व्यवस्थापन, स्वास्थ्यकर्मीहरूको सुरक्षा आदिमा देखिएका जटिलताहरूलाई योजनाबद्धरूपमा सम्बोधन गर्न सकिएको छैन। सरकारी अनुदानमा सञ्चालन भएका संस्थाबाट उत्पादित चिकित्सकलाई नेपाली जनताको स्वास्थ्य सेवामा परिचालन तथा प्रोत्साहन गर्ने व्यवस्था नहुनु।

यसका साथै गुणस्तरीय औषधि प्राप्ति, मातृ तथा शिशुका क्षेत्रमा सामान्य प्रगति भए पनि समुदाय र भौगोलिक क्षेत्र विशेषमा मातृ मृत्युदर र नवजात शिशु मृत्युदरमा सोचेजस्तो सुधार नभएको मस्यौदामा उल्लेख गरिएको छ। सामुदायिक प्रसूति केन्द्रको विस्तार, गुणस्तरीय प्रसूति सेवा र समुदायमा आधारित नवजात शिशु सेवाद्वारा मृत्युदर घटाउन दक्ष प्रसूति सेवकको प्रशिक्षण तीव्र गतिमा बढाउनुका साथै स्थानीयस्तरमै उत्पादन गर्नुपर्ने। यतिमात्र नभई जेष्ठ नागरिकको स्वास्थ्य, मानसिक स्वास्थ्य, वंशानुगत तथा जन्मजातका रोगको सम्बोधन, वातावरणीय स्वास्थ्य, व्यावसायजन्य स्वास्थ्य, युवा, किशोरकिशोरीको यौन तथा प्रजनन स्वास्थ्य, विद्यालय जाने उमेरका बालबालिकाको स्वास्थ्य र पोषण समस्यालाई यथेष्ट सम्बोधन गर्न सकिएको छैन। यसका साथै अपांगता, दृष्टि कमजोर, श्रवण शक्ति कमजोर रहेकाको क्षेत्रमा थप लगानी गर्नुपर्ने।

नेपालले सहस्राब्दि विकास लक्ष्य ४ र ५ मा प्राप्त गरेको सफलतालाई कायम राख्दै स्वास्थ्यसम्बन्धी दिगो विकासको लक्ष्य हासिल गर्नका लागि समेत नयाँ नीति अनिवार्य भएको डा. गिरी बताउनुहुन्छ।

## प्रत्येक नीतिअन्तर्गत प्रमुख रणनीतिहरू :

संविधान प्रदत्त आधारभूत सेवा सवै नागरिकलाई नि:शुल्क प्रदान गरिनेछ। परिभाषित आधारभूत स्वास्थ्य सेवा, सरसफाइ तथा पोषण सम्बन्धमा स्थानीय तहबाट आवश्यकताअनुसार नीतिगत, कानुनी तथा संस्थागत व्यवस्था गरिने। संघ, प्रदेश तथा स्थानीय तहबाट आवश्यक वित्तीय स्रोत साधन व्यवस्था गरी स्थानीय तहमार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहको व्यवस्था गरिने। स्वास्थ्य बीमाको विद्यमान सेवा तथा सुविधाको दायरालाई कानुनबमोजिम विस्तार गरी क्रमश: सम्पूर्ण नागरीकलाई समेटिने। आकस्मिक स्वास्थ्य सेवा सबै तहका स्वास्थ्य संस्थाहरूबाट नियमित प्रवाह हुने तथा प्रेषणको व्यवस्था मिलाइने। प्रमुख लोकमार्गहरूमा ट्रमा केन्द्र र सेवाको सञ्जाल निर्माण गरी शीघ्र उपचारको व्यवस्था मिलाइने। लक्षित समूहको स्वास्थ्य सेवा सहजीकरणका लागि सबै अस्पतालमा सामाजिक सेवा इकाइको व्यवस्था गरिने। अन्धोपन, बहिरोपन, पक्षघात, जन्मजात र वंशानुगत विकलांगतालगायतका अपांगता भएकाहरूको स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्न सबै तहमा उपयुक्त संरचना, संयत्र र कार्यक्रमको विकास गरी लागू गरिने।

संघ, प्रदेश र स्थानीय तहमा स्वास्थ्य प्रणालीलाई आधुनिक तथा प्रविधिमैत्री पद्धतिको रूपमा विकास गरिनेछ। संघीय संरचनाअनुरूप कार्यान्वयन गर्नका लागि आवश्यक कानुनी तथा संस्थागत व्यवस्था परिमार्जन तथा विकास गरिने। हरेक वडामा कम्तीमा १ स्वास्थ्य संस्था, हरेक स्थानीय तहमा कम्तीमा १ प्राथमिक अस्पताल, हरेक जिल्लामा द्वितीय तहको अस्पताल तथा हरेका प्रदेशमा कम्तीमा १ तृतीय तहको अस्पताल (१ विशिष्ट अस्पताल ट्रमा सेवासहितको र १ स्वास्थ्य विज्ञान प्रतिष्ठान) रहने गरी स्वास्थ्य संस्थाहरूको विकास गरिने। संघअन्तर्गत रहेका अति विशिष्ट तहको अस्पतालहरूको विकास तथा विस्तार गरिने। प्रदेश तथा स्थानीय तहले स्थानीयस्तरका विशिष्ट स्वास्थ्य आवश्यकतालाई सम्बोधन गर्न उपलब्ध साधन स्रोतको परिचालन गरी उपयुक्त स्वास्थ्य नीति, रणनीति तथा कार्यक्रम अवलम्बन गर्न सक्ने। दुर्गम तथा ग्रामीण भेगमा सुलभरूपमा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह र व्यवस्थापनको लागि ई-हेल्थ, मोबाइल हेल्थ, टेलिमेडिसिनलगायत अन्य आधुनिक प्रविधिको विकास, विस्तार तथा नियमन गरिने। सबै अस्पतालहरूले फार्मेसी जनशक्तिमार्फत आफ्नै संस्थामा फार्मेसी सेवा दिने। निदानात्मक सेवालाई आधुनिक एवं प्रविधिमैत्री बनाउँदै राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालालाई अन्तर्राष्ट्रिय मापदण्डअनुरूप सुदृढीकरण गरी प्रत्येक प्रदेशमा १ रिफरेन्स प्रयोगशाला स्थापना गरिने जस्ता व्यवस्था रहेको छ।

सेवा प्रदायक व्यक्ति तथा संस्थाबाट प्रदान गरिने स्वास्थ्य सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउन स्वास्थ्य व्यवसायी परिषद्हरूको संरचनाको विकास तथा सुधार गरिनेछ। विद्यमान व्यावसायिक परिषद् हरूलाई संघीय ढाँचाअनुरूप विकास तथा प्रदेश तहमा विस्तार गरिने। सेवाग्राहीको स्वास्थ्यप्रति सेवा प्रदायकलाई उत्तरदायी बनाउन व्यवसायिक आचार संहिताको पालनालाई सुनिश्चित गरिनेजस्ता विषयमा जोड दिइएको छ।

समुदायमा स्वास्थ्य सेवा प्रवर्द्धनमा महत्त्वपूर्ण भूमिका प्रदान गरिरहेका महिला स्वास्थ्य स्वयंसेविकाको भूमिकाको उच्च मूल्यांकन र प्रोत्साहन गर्दै महिला स्वास्थ्य स्वयंसेविकाको परिचालन तथा व्यवस्थापन स्थानीय तहबाट गरिने।

अन्तर्राष्ट्रिय स्वास्थ्य नियमन २००५ अनुरूप रोगलाई क्रमश: नियन्त्रण, निवारण तथा उन्मूलन गर्नका लागि संघ, प्रदेश तथा स्थानीय तहमा क्षमता तथा संयन्त्रको विकास गरिने। वातावरण र स्वास्थ्यमैत्री प्रविधिलाई प्रोत्साहन गर्दै स्वास्थ्य संस्थाजन्य फोहरमैलाको व्यवस्थापन तथा विसर्जनसम्बन्धी निर्देशिका तथा मापदण्डलाई प्रभावकारी कार्यान्वयन गर्न सबै तहको क्षमता विकास गरिने। रोगभार तथा मृत्युको प्रमुख कारणको रूपमा रहेको नसर्ने रोगको रोकथाम तथा नियन्त्रणका लागि व्यक्ति, परिवार र समाजालाई पनि जिम्मेवार बनाउँदै एकीकृत स्वास्थ्य पद्धतिको विकास तथा विस्तार गरिनेछ। मानसिक स्वास्थ्य सेवा सबै तहमा उपलब्ध हुने गरी स्वास्थ्य जनशक्ति, सेवाको विकास तथा विस्तार गर्दै मानसिक बिरामीलाई पुनर्स्थापना, सहयोग तथा हेरचाहको लागि प्रोत्साहन गरिने।

मानव स्वास्थ्यलाई हानी गर्ने प्रशोधित तथा तयारी खाद्य पदार्थलाई निरुत्साहित गर्दै खाद्य पदार्थको उत्पादन, भण्डारण, प्रशोधन तथा बिक्री-वितरणको क्रममा स्वास्थ्यलाई प्रतिकूल असर पर्ने खालका रासायनिक पदार्थ, विषादि तथा अखाद्यवस्तुहरूको मिसावट र प्रयोगलाई नियन्त्रण तथा नियमन गरिने। लागू पदार्थको नियन्त्रण तथा मदिराको प्रयोगलाई निरुत्साहित गरिने। सुर्तीजन्य पदार्थको बिक्री-वितरण तथा प्रयोगको प्रभावकारी नियमन गरिने। पोषणको अवस्थालाई सुधार गर्न गुणस्तरीय एवं स्वास्थ्यबर्द्धक खाद्य पदार्थको प्रबर्द्धन, उत्पादन, प्रयोग र पहुँचलाई विस्तार गरिनेछ।

स्वास्थ्य अनुसन्धानलाई अन्तर्राष्ट्रिय मापदण्डअनुरूप बनाउँदै अनुसन्धानबाट प्राप्त प्रमाण र अभ्यासलाई नीति निर्माण, योजना तर्जुमा तथा स्वास्थ्य पद्धतिको विकासमा प्रभावकारी उपयोग गरिनेछ। नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को संस्थागत संरचना, क्षमता तथा कार्यक्षेत्रलाई समयानुकूल परिमार्जन, विकास तथा विस्तार गरी अन्तर्राष्ट्रिय मापदण्डअनुरूप बनाइने।

संघीय संरचनाअनुरूप सबै तहको स्वास्थ्य सूचना प्रणालीलाई एकीकृतरूपमा विकास तथा व्यवस्थापन गरिने। सेवाग्राहीको सेवा सम्बन्धी विवरणको विद्युतीय अभिलेखन (ई-रेकर्डिङ) राख्ने व्यवस्था क्रमश: मिलाउँदै समग्र स्वास्थ्य सूचनाहरूको सुरक्षाको उपाय अवलम्बन गरिने। स्वास्थ्य क्षेत्रमा प्रयोग हुने विकिरणजन्य सेवाको प्रभावकारी व्यवस्थापनका लागि आवश्यक मापदण्ड तर्जुमा गरी लागू गरिने। सेवाग्राहीको सुझाव, उजुरी, गुनासो सुनुवाइ तथा सुरक्षा एवं सोको कानुनी समाधानका लागि आवश्यक संयन्त्र विकास गरिने। सबै स्वास्थ्य संस्थाबाट प्रदान गरिएको स्वास्थ्य सेवाको बारेमा सार्वजनिक तथा सामाजिक परीक्षण गर्ने व्यवस्था मिलाइने।

स्वास्थ्य क्षेत्रका भौतिक संरचनाहरू बल, अपांग, तथा जेष्ठ नागरिकमैत्री एवं भूकम्प प्रतिरोधी निर्माण गरिने। स्वास्थ्य क्षेत्रको दिगो विकासका लागि आवश्यक वित्तीय स्रोत व्यवस्थापन गरिनेछ। सूर्तीजन्य पदार्थ तथा स्वास्थ्यलाई हानी गर्ने अन्य पदार्थहरूमा लगाइने अन्य करको दायरा र दरमा वृद्धि गर्न तथा राजस्वको निश्चित हिस्सा स्वास्थ्य क्षेत्रका लागि छुट्याउन समन्वय गरिने। अन्तर्राष्ट्रिय विकास साझेदारहरूबाट लिइने आर्थिक सहयोगलाई परिणाम तथा प्राथमिकता क्षेत्र निर्धारण गरेर दोहोरोपना नहुने गरी प्रभावकारीरूपमा परिचालन गरिने।

## संस्थागत व्यवस्था

यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि संविधानले परिभाषित गरेको जिम्मेवारी तथा संघीय संरचनाअनुरूप स्वास्थ्य मन्त्रालय, मन्त्रालयअन्तर्गतका केन्द्र, प्रदेश, जिल्ला र स्थानीयस्तरमा रहेका विद्यमान संरचनाका साथै स्वास्थ्यसँग सम्बन्धित स्वायत्त एवं अर्धस्वायत्त निकायहरूको संवैधानिक र नीतिगत प्रावधानअनुसार पुन: परिभाषित गरी लागू गरिनेछ। नयाँ संघीय संरचनाबमोजिम आवश्यक कर्मचारीको दरबन्दी सिर्जना गरी संस्थागत क्षमता सुदृढ गर्नुका साथै अन्य मन्त्रालय एवं सरोकारवालाहरूसँगको समन्वयमा यस नीतिको कार्यान्वयन गरिनेछ।

## अनुगमन तथा मूल्याङ्कन

राज्यका विभिन्न तहमा सञ्चालन गरिने स्वास्थ्य कार्यक्रमको नियमितरूपले अनुगमन र मूल्याङ्कन गरिने व्यवस्था गर्न उपयुक्त संयन्त्र बनाई कार्यान्वयनमा ल्याइनेछ। राष्ट्रिय योजना आयोगले तर्जुमा गरी व्यवहारमा ल्याएको नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन ढाँचा तथा स्थानीय विकास मन्त्रालयले कार्यान्वयनमा ल्याएको अनुगमन तथा मूल्याङ्कन प्रणालीसमेतलाई मध्यनजर गर्दै उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गरिनेछ। स्वास्थ्य सूचना प्रणालीलाई समयानुसार परिमार्जन तथा विद्युतीय प्रणालीको विकास तथा विस्तार गरी अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सहज र नियमित बनाइनेछ मस्यौदामा उल्लेख गरिएको छ।

## जोखिम

राज्य समयमै सजग हुनका लागि समेत मस्यौदा समितिले जोखिमलाई समेत यसरी औंल्याएको छ : पर्याप्त स्रोतको अभावमा स्वास्थ्य सेवाका घोषित नीति तथा रणनीतिहरूको कार्यान्वयनमा कठिनाइ हुन सक्ने सम्भावना रहन्छ। संघीय संरचनाअनुरूप स्वास्थ्यको पूर्वाधारको विकास, संगठनात्मक परिमार्जन र स्वास्थ्य जनशक्तिको व्यवस्थापनमा हुन सक्ने जटिलताले स्वास्थ्य सेवा प्रभावित हुने सम्भावना छ।



## नातिकाजीको सम्झनामा
# सम्मान र पुरस्कार घोषणा



नातिकाजी स्मृति समाजले सोमबार संगीतकार नातिकाजीको स्मृतिमा विभिन्न संगीतकर्मी र पत्रकारलाई सम्मान गर्ने भएको छ। स्व. नातिकाजीकै निवासमा आयोजना गरेको *संगीत महर्षि नातिकाजी श्रेष्ठको ९३औं जन्मजयन्ती एवं सम्मान तथा पुरस्कार घोषणा कार्यक्रममा* समाजका सचिव दीपक श्रेष्ठले गायक *एलपी जोशीलाई नातिकाजी राष्ट्रिय विशिष्ट श्रष्टा सम्मान* २०७४ प्रदान गर्ने जानकारी गराए।

*नातिकाजी राष्ट्रिय विशेष संगीत सम्मान* भने यस वर्षबाट पत्रकारिता क्षेत्रमा समेत प्रदान गरिने भएको छ। यसपटक यो सम्मानबाट *नेपाल समाचारपत्र*का प्रधान सम्पादक पुष्करलाल श्रेष्ठलाई सम्मानित गरिने भएको छ। प्रधान सम्पादक श्रेष्ठसहित यो सम्मान यस वर्ष गायक तथा हास्यव्यंग्य अभिनेता मदनकृष्ण श्रेष्ठ, प्रसाद श्रेष्ठ, रमेश ताम्राकार, प्रेमराजा महत, गीतकार डा. भोला रिजाल र डा. अरुण सायमीलाई सो सम्मान प्रदान गरिने भएको छ।

*नातिकाजी राष्ट्रिय संगीत पुरस्कार* २०७४ गायक राजेशपायल राई, गीतकार सुवासचन्द्र ढुंगेल, गायिका कोमल वली र संगीतकार नारायण वलीलाई प्रदान गरिने भएको छ भने संगीतकार लक्ष्मण शेष, गायक प्रमोद खरेल र गायिका मीना निरौलालाई *नातिकाजी राष्ट्रिय संगीत प्रतिभा पुरस्कार* २०७४ प्रदान गरिने समाजले जनाएको छ। सम्मान तथा पुरस्कार छनोटका लागि गायक योगेश वैद्यको संयोजकत्वमा सिफारिस समिति गठन गरिएको समाजले जनाएको छ।



समाजका अध्यक्ष शम्भुजित बासकोटाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नातिकाजीले नेपाली संगीतको श्रीवृद्धिमा पुऱ्याएका योगदानको चर्चा गर्दै गीतकार रत्नशमशेर थापाले उनी नेपाली माटोको संगीत भर्ने संगीतकार भएको बताए। थापाले त्रिचन्द्र कलेजमा २०१८ सालमा नातिकाजीसँगै पढेको स्मरण गर्दै नेपाली गीत-संगीतको क्षेत्रमा नातिकाजीको योगदानलाई आधुनिक पुस्तामा हस्तान्तरण गर्नुपर्नेमा जोड दिए। त्यसै गरी समाजका अध्यक्ष तथा नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति शम्भुजित बासकोटाले नेपाली संगीतलाई चिरकालसम्म जीवन्त राख्न नातिकाजीको संगीत कोशेढुंगा सावित हुने चर्चा गरे। यी सम्मान र पुरष्कार एक विशेष कार्यक्रमका बीच राष्ट्रपति विद्यादेवी भण्डारीबाट प्रदान गरिने पनि उनले जानकारी गराए।

कार्यक्रममा संगीतकर्मीहरुले नातीकाजीको तस्वीरमा माल्यार्पण गरी उनीप्रति श्रद्धा व्यक्त गरेका थिए।

# पृथ्वी जयन्तीमा मिस गोरखा



गोरखा, (नेस)। विभिन्न अडिसनबाट छानिएर आएका गोरखाली युवतीहरुबाट आगामी पुस २७ पृथ्वी जयन्तीको अवसर पारेर *मिस गोरखा* चयन गरिने भएको छ। सौन्दर्य कला व्यवसायी संघ गोरखा शाखाको आयोजनामा *मिस गोरखा २०17 ब्युटी विथ ब्रेन* प्रतियोगितामार्फत *मिस गोरखा* घोषणा गरिने भएको हो।

संघले गोरखाका सञ्चारकर्मीसँग छलफल गर्दै *मिस गोरखा* गर्न लागेको जानकारी गराएको हो। पहिलो र दोस्रो अडिसनबाट छनोट भएका ३२ गोरखाली युवतीमध्येबाट फाइनल राउन्डमा २० जनाले स्पर्धा गर्ने र उनीहरुमध्ये एक जनालाई *मिस गोरखा* घोषणा गरिनेछ। अहिले उनीहरुलाई विभिन्न विधामा प्रशिक्षण गराइरहेको सचिव रीना गुरुङले जानकारी गराइन्। प्रशिक्षणमा उनीहरुको फोटो सुट, भिडियो प्रोफाइल, संस्कार संस्कृति तथा शैक्षिक अवलोकन भ्रमण, सेल्फ ट्यालेन्ट राउन्ड गराएर सिकाउने काम भइरहेको संघकी अध्यक्ष सुकु श्रेष्ठले जानकारी गराइन्। *मिस गोरखा* घोषित हुने युवतीले नगद ५० हजार रुपियाँका साथमा अन्य उपहार पाउने छिन्। त्यस्तै *फस्ट रनर्सअप*ले ३० हजार, सेकेन्ड रनर्सअपले २० हजार र *थर्ड रनर्सअप*ले १० हजार रुपियाँ पाउने छन्।



स्वागत र बधाई

नेपाल चलचित्र संघद्वारा संघकै कार्यालयमा आयोजित *स्वागत र बधाई कार्यक्रम*मा चलचित्र विकास बोर्डकी नवनियुक्त अध्यक्ष निकिता पौडेललाई स्वागत गर्दै संघका अध्यक्ष प्रदीपकुमार उदयका साथमा नेपाल चलचित्र निर्माता संघका सचिव उपाध्यक्ष। सो अवसरमा विभिन्न संघ-संस्थाका पदाधिकारीहरुले निकितालाई सफल कार्यकालका लागि शुभकामना दिएका थिए।

**तस्वीर : रंगराज आचार्य**

## मोबाइलबाट खिचिएका फिल्मको स्पर्धा हुने

सर्वनामल थिएटरले गत वर्षदेखि आयोजना गरेको राष्ट्रव्यापी लघु मोबाइल सिनेमा प्रतियोगिता *दृश्यांश*को दोस्रो संस्करण यसपालि पनि गर्ने भएको छ। प्रतियोगितामा मोबाइल फोनबाट बनाइएका नेपाली लघु सिनेमा सामेल गरिने भएको छ।



प्रतियोगिता सर्वनाम थिएटरको आयोजना र सिनेमा घर एपको सहआयोजना हुन लागेको हो। सार्वधिक प्रयोग हुने फिल्म माध्यम मोबाइल फोनको माध्यमबाट यही लुकेका कथाहरुलाई नेपाली लघु सिनेमाको रूपमा प्रस्तुत गर्न यो प्रतियोगिता आयोजना गरिन लागेको संयोजक सम्पदा मल्लले बताइन्। 'नेपालभित्र र बाहिर बस्ने सम्पूर्ण नेपालीले कुनै पनि मोबाइल फोनको प्रयोग गरी नेपाली भाषामा ३ मिनेटसम्मको सिनेमा बनाउन सक्नेछन्', मल्लले भनिन- 'फोनबाहेक अन्य क्यामेराले बनाइएका सिनेमाहरु रद्ध हुनेछन्।' प्रतियोगितामा फिल्मकर्मी निश्चल बस्नेत, दीपक रौनियार, अविनाशविक्रम शाह र पत्रकार सुशील पौडेल निर्णायक रहनेछन्।

प्रतियोगितामा पहिलो पुरस्कारस्वरूप ७५ हजार रुपियाँ र ट्याबलेटका साथमा *दृश्यांश अवार्ड*, दोस्रो पुरस्कारस्वरूप स्यामसुङ ट्याव-३ भी अवार्ड र तेस्रो पुरस्कारमा टचकन ट्यावका साथमा अवार्ड पदान गरिनेछ। तीनै विजेताका लागि ३ महिने नाट्य कार्यशालाको व्यवस्था गरिएको सर्वनामले जनाएको छ। *अडियन्स च्वाइस अवार्ड*का साथमा आइप्याड ९.७ पदान गरिनेछ। साथै प्रतियोगितामा छानिएका उत्कृष्ट १० फिल्मलाई पुरस्कार वितरण समारोहमा प्रदर्शन गरिनेछ।





सम्मान चलचित्रको
उत्सव उत्कृष्टताको

CG Entertainment
Presents
LUX Kamana Awards

LUX कामना फिल्म अवार्डस् २०७४
मन परेको फिल्म र फिल्मकर्मीलाई
SMS गर्नुहोस्, विजेता बनाउनुहोस्

CO-SPONSOR: Pashupati BISCUITS
RED CARPET: YETI PVC FLOORING Live with honour...
OFFICIAL DRINK: GRAND MASTER XXX RUM
OFFICIAL BANK: prabhu Bank

ASSOCIATE SPONSOR:
NIC ASIA एन आई सी एशिया बैंक लि.
IME International Money Express Fast, Reliable And Secure Remittance
KILOMETER

मनपर्ने चलचित्र तथा सिनेकर्मीलाई जिताउनका लागि माथि उल्लेखित Short Keywords टाइप गरी ३२७२२ मा पठाउनुहोस् । जस्तै, सर्वोत्कृष्ट चलचित्र विधामा भोट गर्नका लागि KFA<space> र तपाईंलाई मन परेको चलचित्रको कोड नम्बर टाइप गरी ३२७२२ मा पठाउनुहोस् ।

**विधाः सर्वोत्कृष्ट चलचित्र**
छक्का पञ्जा
Type KFA space 1A & send to 32722
डाइङ क्यान्डल
Type KFA space 1B & send to 32722
गाजलु
Type KFA space 1C & send to 32722
जात्रा
Type KFA space 1D & send to 32722
के म तिम्रो होइन र
Type KFA space 1E & send to 32722

**विधाः सर्वोत्कृष्ट निर्देशक**
सुवर्ण थापा – बाटोमुनिको फूल-२
Type KFA space 2A & send to 32722
दीपेन्द्र के खनाल – चपली हाइट-२
Type KFA space 2B & send to 32722
हेमराज बीसी – गाजलु
Type KFA space 2C & send to 32722
आकाश अधिकारी – के म तिम्रो होइन र
Type KFA space 2D & send to 32722
निश्चल बस्नेत – लुट-२
Type KFA space 2E & send to 32722

**विधाः सर्वोत्कृष्ट अभिनेता**
दयाहाङ राई – वीरविक्रम
Type KFA space 3A & send to 32722
अनमोल केसी – गाजलु
Type KFA space 3B & send to 32722
विपीन कार्की – जात्रा
Type KFA space 3C & send to 32722
निखिल उप्रेती – निर्भय
Type KFA space 3D & send to 32722
सौगात मल्ल – शब्द
Type KFA space 3E & send to 32722

**विधाः सर्वोत्कृष्ट अभिनेतृ**
प्रियंका कार्की – छक्का पञ्जा
Type KFA space 4A & send to 32722
सृजना सुब्बा – डाइङ क्यान्डल
Type KFA space 4B & send to 32722
वर्षा राउत – जात्रा
Type KFA space 4C & send to 32722
केकी अधिकारी – लभ सासा
Type KFA space 4D & send to 32722
नीता ढुंगाना – निर्भय
Type KFA space 4E & send to 32722

**विधाः सर्वोत्कृष्ट खलपात्र**
ध्रुव कोइराला – बाजिगर
Type KFA space 5A & send to 32722
अर्पण थापा – वीरविक्रम
Type KFA space 5B & send to 32722
दीपकराज गिरी – छक्का पञ्जा
Type KFA space 5C & send to 32722
कमलमणि नेपाल – जात्रा
Type KFA space 5D & send to 32722
कामेश्वर चौरासिया – पलाँस
Type KFA space 5E & send to 32722

**विधाः सर्वोत्कृष्ट हास्य कलाकार**
केदार घिमिरे – छक्का पञ्जा
Type KFA space 6A & send to 32722
रवीन्द्र झा – जात्रा
Type KFA space 6B & send to 32722
दयाहाङ राई – लुट-२
Type KFA space 6C & send to 32722
सलोन बस्नेत – गाजलु
Type KFA space 6D & send to 32722
बुद्धि तामाङ – छक्का पञ्जा
Type KFA space 6E & send to 32722

**विधाः सर्वोत्कृष्ट संगीतकार**
ताराप्रकाश लिम्बु – वीरविक्रम/हारें हारें
Type KFA space 7A & send to 32722
राजनराज शिवाकोटी – छक्का पञ्जा/पूर्व-पश्चिम रेल
Type KFA space 7B & send to 32722
कालिप्रसाद बासकोटा – लुट-२/ठमेल बजार
Type KFA space 7C & send to 32722
अर्जुन पोखरेल – निर्भय/यो दुनियाँ
Type KFA space 7D & send to 32722
वसन्त सापकोटा – राधा/छपक्कै
Type KFA space 7E & send to 32722

**विधाः सर्वोत्कृष्ट पार्श्व गायक**
ताराप्रकाश लिम्बु – वीरविक्रम/हारें हारें
Type KFA space 11A & send to 32722
राजनराज शिवाकोटी – छक्का पञ्जा/पूर्व-पश्चिम रेल
Type KFA space 11B & send to 32722
कृष्ण काफ्ले – छक्का पञ्जा/सुन न चम्पा
Type KFA space 11C & send to 32722
प्रताप दास – के म तिम्रो होइन र/पागल
Type KFA space 11D & send to 32722
युवराज चौलागाईं – पलाँस/तिमी साथमा
Type KFA space 11E & send to 32722
स्वस्प्रराज आचार्य – शब्द/हरपल
Type KFA space 11F & send to 32722

**विधाः सर्वोत्कृष्ट पार्श्व गायिका**
जलजला परियार – बाटोमुनिको फूल-२/केही कदम
Type KFA space 10A & send to 32722
मिलन अमात्य – हाउ फन्नी/यो के हो
Type KFA space 10B & send to 32722
अञ्जु पन्त – किस्मत-२/यी आँखा लैजाउ
Type KFA space 10C & send to 32722
मीना निरौला – लुट-२/ठमेल बजार
Type KFA space 10D & send to 32722
मेलिना राई – राधा/छपक्कै
Type KFA space 10E & send to 32722

**विधाः लक्स पपुलर च्वाइस अवार्ड**
वर्षा राउत
Type KFA space 8A & send to 32722
केकी अधिकारी
Type KFA space 8B & send to 32722
प्रियंका कार्की
Type KFA space 8C & send to 32722
ऋचा शर्मा
Type KFA space 8D & send to 32722
सृष्टि श्रेष्ठ
Type KFA space 8E & send to 32722

अब विद्यालय अनुमति, अनुगमन, योजना कार्यान्वयन, तलब वितरण कक्षा ८ को अन्तिम परीक्षा सञ्चालनलगायत २३ वटा काम स्थानीय तहबाटै हुन्छन्।

# जिल्लास्तरीय परीक्षा खारेज

## कक्षा ८ मा अब आधारभूत तहको अन्तिम परीक्षा हुने

**नेपाल समाचारपत्र**
काठमाडौं

कक्षा ८ को अन्तिम परीक्षा स्थानीय तहले सञ्चालन गर्ने तयारी गरे तापनि त्यसको नाम के राख्ने भन्ने विषयमा शिक्षा विभागले गृहकार्य शुरू गरेको छ। विभागले गएको बिहीबार सबै मन्त्रालयका सचिवसहित सहसचिव र क्षेत्रीय शिक्षा निर्देशकसँग छलफल शुरू गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (ज) ले दिएको अधिकारअनुसार स्थानीय तहले कक्षा ८ को परीक्षा सञ्चालन गर्ने निर्णय गरेपछि विभागले गृहकार्य शुरू गरेको हो। विभागका महानिर्देशक बाबुराम पौडेलले कक्षा ८ को अन्तिम परीक्षाको नामका विषयमा छलफल भइरहेको बताउनुभयो। उहाँले भन्नुभयो- 'पालिकास्तरीय परीक्षा राख्ने कि आधारभूत तहको अन्तिम परीक्षा राख्ने भन्ने विषयमा छलफल भइरहेको छ।'

विभागले अन्तिममा आधारभूत तहको अन्तिम परीक्षा राख्ने तयारी गरेको छ। कक्षा १० को परीक्षालाई माध्यमिक तहको अन्तिम परीक्षा भनेजस्तै कक्षा ८ को परीक्षालाई आधारभूत तहको अन्तिम परीक्षा भन्नुपर्ने तर्क अधिकांशको छ।

'हालसम्म कक्षा ८ को अन्तिम परीक्षालाई जिल्लास्तरीय परीक्षा भनिन्थ्यो। हामी केही दिनमै परीक्षाको नाम सार्वजनिक गर्ने योजनामा छौं' -महानिर्देशक पौडेलले भन्नुभयो। स्थानीय तहमा शिक्षाका कर्मचारी खटिइसकेको अवस्थामा कक्षा ८ को परीक्षा स्थानीय तहबाटै सञ्चालन गर्न लागिएको यो पहिलोपटक हो।

विभागले प्रारम्भिक कार्यविधि तयारी गरिसकेको छ। जसअनुसार स्थानीय तहको अन्तिम परीक्षा सञ्चालन कार्यविधि प्रशासकीय प्रमुखको अध्यक्षतामा सामुदायिक विद्यालयका शिक्षकहरू, संस्थागत विद्यालयका प्रतिनिधिसमेत रहेको सदस्य र स्थानीय तहमा शिक्षा हेर्ने कर्मचारी सदस्य सचिव रहने गरी बढीमा ७ सदस्यीय आधारभूत तह परीक्षा समिति गठन गर्ने, समितिले परीक्षा सञ्चालन, व्यवस्थापन तथा अनुगमनसम्बन्धी नीति, कार्यविधि, मापदण्ड आदि निर्धारण गरी परीक्षा सञ्चालन गर्ने, परीक्षा समितिले तोकेको अधिकृतबाट परीक्षाको नतिजाको प्रमाणीकरण गर्ने, कुनै स्थानीय तहमा शिक्षा हेर्ने कर्मचारी उपलब्ध नभएको अवस्थामा सम्बन्धित स्थानीय तहमा कार्यरत स्रोत व्यक्तिमध्येबाट प्रमुख प्रशासकीय अधिकृतले समितिको सदस्य सचिव तोक्ने। यदि कुनै स्थानीय तहमा स्रोतव्यक्तिसमेत कार्यरत नभएको अवस्थामा सम्बन्धित जिल्ला शिक्षा कार्यालयले कुनै अधिकृतस्तरको कर्मचारी वा स्रोतव्यक्तिलाई तोकी पठाएको व्यक्तिले सदस्य सचिव भई काम गर्नेलगायतका रहेका छन्।

सबै स्थानीय तहका शिक्षा हेर्ने कर्मचारीले आफूहरूले कक्षा ८ को परीक्षा सञ्चालन गर्न सक्ने जानकारी, मन्त्रालय र विभागलाई दिइसकेका छन्। तर जिल्ला शिक्षा कार्यालयले अझै पनि आफ्नै अधिकार क्षेत्रभित्र पर्ने भएको भन्दै परीक्षा सञ्चालन गर्ने दाबी गर्दै आएका छन्। केही स्रोत व्यक्ति र विद्यालय निरीक्षकले विद्यालयमा गएर जिल्ला शिक्षा कार्यालयबाटै परीक्षा हुने बताउँदै आएका छन्।

शिक्षा विभागका महानिर्देशक पौडेलले स्थानीय सरकार सञ्चालन ऐनले दिएको अधिकारअनुसार अब कक्षा ८ को परीक्षा सञ्चालन गर्ने जिम्मा स्थानीय तहकै रहेको स्पष्ट पार्नुभयो। उहाँले भन्नुभयो- 'अब विद्यालय अनुमति, अनुगमन, योजना कार्यान्वयन, तलब वितरण कक्षा ८ को अन्तिम परीक्षा सञ्चालनलगायत २३ वटा काम स्थानीय तहबाटै हुन्छन्।' उहाँले जुनसुकै जिल्ला शिक्षा अधिकारीले परीक्षा सञ्चालन गर्ने अधिकार हाम्रो हो भने तापनि त्यो गलत भएको स्पष्ट पार्नुभयो।

काठमाडौं महानगरपालिकाका शिक्षा हेर्ने उपसचिव प्रह्लाद अर्यालले कक्षा ८ को अन्तिम परीक्षा सञ्चालन गर्न आफूहरू तयारी अवस्थामा रहेको बताउनुभयो। उहाँले भन्नुभयो- 'हामी तयारी अवस्थामा छौं, अब केही दिनपछि कार्ययोजना बबनाएर काम थाल्नेछौं।'

# छिटो पार्टी एकता गर्न ओलीलाई वाईसीएलको आग्रह

भक्तपुर, (नेस)

माओवादी केन्द्रको भातृ संगठन योग कम्युनिस्ट लिग (वाईसीएल) नेपालले नेकपा(एमाले)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीलाई छिटोभन्दा छिटो पार्टी एकता गर्न आग्रह गरेको छ। सोमबार बधाई दिन ओली निवास बालकोट गएको वाईसीएल नेपालको केन्द्रीय पदाधिकारीको समूहले अध्यक्ष ओलीसमक्ष एमाले र माओवादी केन्द्रबीच पार्टी एकताका लागि आग्रह गरेको हो।

वाईसीएलका नेतासँगको भेटपछि प्रतिक्रिया दिँदै ओलीले पार्टी एकता हुँदा कोही नेतालाई म समितिमा पर्दिन कि भन्ने चिन्ता होला तर त्यस्तो चिन्ता नगरी देश बन्छ कि बन्दैन भन्नेमा चिन्तित हुन आग्रह गर्नुभयो।

आगामी सरकारले युवा स्वरोजगार कार्यक्रम ल्याउने प्रतिबद्धता व्यक्त गर्दै अध्यक्ष ओलीले आफू प्रधानमन्त्री भएका बेला शैक्षिक योग्यताको प्रमाणपत्र राखेर ऋणदिने व्यवस्था गरिएको सुनाउनुभयो। युवाहरूलाई उद्यमी, अध्ययनशील, समाजका रोल मोडल र सीपयुक्त हुन ओलीले सुझाव दिनुभयो।

भेट पछि वाईसीएलका उपाध्यक्ष वीरु तामाङले कांग्रेसको शासनबाट देशले मुक्ति पाएको भन्दै जनमतको सम्मान गर्दै देशलाई विकासको बाटोमा लैजान ओलीलाई शुभकामना दिएको बताउनुभयो। भेटका क्रममा देशको विकास र समृद्धिका लागि आफूहरू जस्तोसुकै भूमिका निर्वाह गर्न पनि तयार रहेको वाईसीएलका नेताले प्रतिबद्धता व्यक्त गरेका छन्।

वाईसीएलका अध्यक्ष रामप्रसाद सापकोटाको नेतृत्वमा अध्यक्ष ओलीलाई बधाई दिन टोली पुगेको थियो।

# नक्कली कागजात बनाउने गिरोह पक्राउ

काठमाडौं (नेस)

नक्कली सरकारी कागजात तथा शैक्षिक प्रमाणपत्रहरू बनाउने गिरोहका ७ जनालाई केन्द्रीय अनुसन्धान ब्युरोबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको छ। उनीहरूलाई प्रहरीले काठमाडांका विभिन्न स्थानबाट पक्राउ गरेको हो।

पक्राउ पर्नेमा रूकमको झुला-३ घर भई काठमाडौं धापासी बस्ने न्यु लुम्बिनी कम्युनिकेसन एन्ड डिजिटल फोटो स्टुडियो सञ्चालक टेकबहादुर बुढा मगर, रोल्पाको माडी गाउँपालिका-४ घर भई काठमाडौं नयाँ बसपार्क हिलेटोल मनमैजु बस्ने राप्ती फोटो स्टुडियोका सञ्चालक रामजीप्रसाद डीसी, गोरखाको शहीद लखन गाउँपालिका-७ घर भई काठमाडौं नयाँबजार बस्ने रचना फोटो स्टुडियो सञ्चालक विराज श्रेष्ठ, म्याग्दीको मंगला गाउँपालिका-४ घर भई काठमाडौं गोंगबु गणेशथान बस्ने कान्तिपुर म्यानपावर सामाखुसीका कर्मचारी श्यामकुमार थापा मगर, स्याङ्जाको हरिनाथ गाउँपालिका-३ मग्याम घर भई काठमाडौं गोंगबु मित्रनगर बस्ने स्याङ्जा तनहुँ कम्युनिकेसनका सञ्चालक हरिबहादुर शाही, ललितपुरको महालक्ष्मी नगरपालिका-५ बस्ने श्रेष्ठ कम्युनिकेसनका सञ्चालक हरेराम श्रेष्ठ, धादिङको निलकण्ठ नगरपालिका-१ घर भई काठमाडौं महानगरपालिका-९ सिनामंगल शम्भुमार्ग बस्ने कल्की एयरपोर्ट स्टुडियोका सञ्चालक विश्वनाथ अधिकारी रहेका छन्।

प्रहरीले उनीहरूको साथबाट नेपाल सरकार लेखेको होलो ग्राम, विभिन्न व्यक्तिको नामका सवारी चालक अनुमतिपत्र, शैक्षिक योग्यताका प्रमाणपत्र (मार्कसिट, ट्रान्सकिप्ट, चारित्रिक प्रमाणपत्र) नेपाली नागरिकता तथा राहदानी, विभिन्न संस्थाका रबर स्ट्याम्प, कम्प्युटरको सीपीयू, हार्डडिक्सलगायतका सामान बरामद गरेको छ।

उनीहरूलाई काठमाडौं जिल्ला अदालतबाट सरकारी छाप दस्तखत किर्ते मुद्दामा म्याद थप गरी अनुसन्धान भइरहेको केन्द्रीय अनुसन्धान ब्युरोले जनाएको छ।

# लुटपाट गरी फरार अभियुक्त पक्राउ

काठमाडौं (नेस)।

लुटपाट गरी फरार भएका सिन्धुपाल्चोकको इन्द्रावती गाउँपालिका-३ घर भएका पुष्कर बानियाँलाई प्रहरीले पक्राउ गरेको छ।

काठमाडौं महानगरपालिका-३१ शान्तिनगर डेरा गरी बस्ने रामेछापको सुनापाती गाउँपालिका-७ घर भएका चण्डेश्वरी खत्रीको डेरा कोठाबाट लुटपाट गरी फरार भएका बानियाँलाई प्रहरीले आइतबार नयाँबानेश्वरबाट पक्राउ गरेको हो। प्रहरीले बानियाँको साथबाट सुनको मंगलसुत्र १ थान, झुम्का २ थान, चाँदीको औंठी १ थान र खुकुरी १ थान र गोली १ राउन्डसमेत बरामद गरेको छ।

# राष्ट्रियसभाको निर्वाचन नभएसम्म सरकार नछोड्ने

**नेपाल समाचारपत्र**
काठमाडौं

कानुन, न्याय तथा संसदीय मामिला मन्त्री यज्ञबहादुर थापाले राष्ट्रियसभाको निर्वाचन सम्पन्न नभएसम्म प्रधानमन्त्री शेरबहादुर देउवाले सरकार नछाड्ने बताउनुभएको छ।

'यो चुनावी सरकार हो, राष्ट्रियसभाको निर्वाचनगर्न बाँकी नै छ', मन्त्री थापाले भन्नुभयो- 'हामी निर्वाचन सम्पन्न गरेर मात्रै सरकार छाड्छौं।' प्रधानमन्त्री देउवाले चाहेर पनि अहिले सरकार छोड्न नपाउने भन्दै उहाँले निर्वाचन आयोगले समेत पूर्ण मतपरिणाम सार्वजनिक नगरेको बताउनुभएको छ।

सोमबार राजधानीमा आयोजित साक्षात्कार कार्यक्रममा बोल्दै कानुनमन्त्री थापाले राष्ट्रियसभाको निर्वाचन सम्पन्न भएपछि आफूहरूले सरकार छोड्ने भन्दै अहिले देउवाले मलाई धेरै दबाब आयो भनेर पद छोड्छु भन्न नपाउने र एमाले अध्यक्ष केपी ओली र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई पनि तत्काल सरकारमा आउँछु भन्ने छुट नभएको बताउनुभएको थियो।

कार्यक्रममा बोल्दै कानुनमन्त्री थापाले ओली र प्रचण्डले प्रधानमन्त्री देउवालाई अहिल्यै नै कुर्सी छोड भनेर राजीनामा माग्नु दम्भ र उत्तेजनाको अभिव्यक्ति भएको बताउनुभएको थियो। उहाँले सरकारले दुई महिनाअघि नै राष्ट्रियसभासम्बन्धी अध्यायदेश राष्ट्रपतिसमक्ष पठाएको भन्दै अहिलेसम्म सो अध्यादेश नआउनु दु:खद् भएको पनि उहाँको टिप्पणी थियो। अध्यादेश स्वीकृत गर्नुबाहेक राष्ट्रपतिसँग अर्को विकल्प नभएको भन्दै उहाँले राष्ट्रपति अध्यादेश स्वीकृत गर्ने धारणा राख्नुभएको थियो।

'राष्ट्रियसभा निर्वाचन नगरी हुँदैन, त्यसका लागि अध्यादेश पारित नगरी सुखै छैन', मन्त्री थापाले भन्नुभयो- 'राष्ट्रियसभाको गठन नभएसम्म नयाँ सरकार गठन गर्न मिल्दैन।' एकल संक्रमणीय व्यवस्थाबारे पर्याप्त बहस भएको भन्दै उहाँले त्यतिबेला असंवैधानिक भनेर कतै आवाज नसुनिएको र अहिले कोकोहोलो मच्याउने काम भइरहेको पनि उहाँको भनाइ थियो। सरकारले राष्ट्रियसभासम्बन्धी अध्यादेश संविधानसम्मत रूपमा राष्ट्रपतिसमक्ष पठाएको भन्दै त्यसलाई स्वीकृत गर्नुको राष्ट्रिपतिसँग विकल्प नभएको भन्दै उहाँले यसलाई तत्काल स्वीकृत नगरेर राष्ट्रिपति चक्रव्यूहमा फस्नु राम्रो कुरा नभएको पनि बताउनुभएको थियो।




सवारी चढ्न तँछाड्मछाड गरेकाले धेरै दुर्घटना निम्त्याएका कारण यात्रुलाई सुरक्षा दिने वैकल्पिक माध्यम महानगरीय ट्राफिक प्रहरीले अपनाएको छ। सोमबार बिहान रत्नपार्कस्थित सवारी चढ्दा लाइन लागेर चढ्न जनचेतना फैलाउँदै ट्राफिक प्रहरी।

तस्वीर : मोनिका मल्ल/काठमाडौं

# दलित समुदायलाई ओलीको आह्वान

भक्तपुर(नेस)

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले दलित समुदायले आरक्षणमा मात्र भर नपरेर प्रतिस्पर्धाका लागि आफूलाई तयार पार्नुपर्ने बताउनुभएको छ। राज्यका विभिन्न निकायमा आरक्षणको व्यवस्था निश्चित समयका लागि मात्र हुने भएकाले त्यसपछि हुने खुला प्रतिस्पर्धामा तयार हुन अहिलेदेखि नै लाग्नुपर्ने ओलीको भनाइ छ।

नेपाल उत्पीडित जातीय मुक्ति समाजको ३०औं स्थापना दिवसका अवसरमा सोमबार आफ्नै निवास बालकोटमा आयोजित कार्यक्रममा नेपालमा रहेको छूवाछुत प्रथा अब लामो समय कायम नरहने ओलीले बताउनुभयो। 'विगतका राजनीतिक आन्दोलनले यो विषयलाई अलि पछि पार्‍यो। तर अब राजनीतिक संघर्षको युग सकिएकाले अब यस्ता सामाजिक विसंगतिविरुद्ध अभियानहरू द्रुतगतिमा अघि बढाइन्छ', ओलीले भन्नुभयो- 'छुवाछुत नेपाली समाजको सोच्नै नसकिने कलंक हो, यसको अवशेष पनि नरहने गरी अब हटाइन्छ।'

नेपाली संस्कृतिले छूवाछुतको कल्पना नगरेको भए पनि संस्कृतिलाई विकृत बनाएर छूवाछुत घुसाइएको ओलीको भनाइ छ। 'अबको युग कोहीबाट अपमानित, अपहेलित वा तिरस्कृत हुने समय होइन', ओलीले भन्नुभयो- 'अब सबैले आत्मसम्मानका साथ बाँच्न पाउनुपर्छ।' छूवाछुत अन्त्यका लागि नेकपा एमालेले विगतदेखि नै महत्त्वपूर्ण भूमिका निर्वाह गरेको र दलित समुदायकालाई राज्यका उपल्लो तहमा स्थान दिएको पनि उहाँले स्मरण गर्नुभयो। एमालेले सामाजिक सचेतना फैलाउन र जातीय छूवाछुत हटाउनकै लागि मुक्ति समाजलाई वर्गीय संगठनका रूपमा अघि बढाएको ओलीले बताउनुभयो।

सिनेमा कर्नर










अग्नि यातायात प्रा. लि.
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-४२८५६३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : राज्यपक्षबाट लाभ, यश-कृति बढ्ने, व्यापारबाट फाइदा।
**वृष** : रोगको भय, कार्यमा बाधा-अड्चन, व्यर्थको खर्च, धन हानि।
**मिथुन** : धनलाभ, प्रेममा सफलता, बाहन जोड्ने सम्भावना।
**कर्कट** : आर्थिक लाभ, प्रतिस्पर्धात्मक क्षेत्रमा विजय, पारिवारिक सुख।
**सिंह** : कार्य सफल, धनलाभ, सुख-सन्तोष, राम्रै कामको शुरुवात।
**कन्या** : पेटमा समस्या, दौडधुप, दिनचर्या अस्तव्यस्त, तनाव।
**तुला** : आर्थिक लाभ, पराक्रम, पुरस्कार, चिट्ठा प्राप्तिको सम्भावना।
**वृश्चिक** : धनलाभ, बौद्धिक क्षमता, कूटनीतिक सफलता, सुख।
**धनु** : उत्तम भोजन, भाग्योदय, उपहारादि वस्तु प्राप्ति, कार्य सफल।
**मकर** : धननाश, दुर्घटना-रोगको भय, सानो कुरामा पनि विवाद।
**कुम्भ** : विविध सेवा वा वस्तुको प्राप्ति, उत्तम भोजन, आर्थिक लाभ।
**मीन** : सुख-सन्तोष, काममा सफलता, मन प्रफुल्लित, स्वस्थता।

# नेपाल

कपडाहरू खरिद गर्न समेत नसकेपछि उनीहरूले आफ्ना आफन्तलगायत इष्टमित्रहरूसँग सापटी लिई बाध्यतावश जाडोबाट बच्न न्याना कपडाहरू फुटपाथबाट खरिद गरिरहेका छन्।

## जाडो काट्न समस्यैसमस्या

**लक्ष्मीकुमार साह, महोत्तरी**

महोत्तरीमा विगत तीन दिनदेखि चिसो बढेपछि अति विपन्न, गरिब, असहाय तथा विपन्न वर्गका मुसहरलगायत अन्यलाई जाडो काट्न समस्या परेको छ। तराईलगायत महोत्तरी जिल्लाका नगरपालिका तथा गाउँपालिकाहरूमा एक्कासि मौसममा आएको परिवर्तनले गर्दा यहाँका स्थानीयमा जाडो काट्न मुस्किलको स्थिति सिर्जना भएको छ। विगत तीन चारदिन पहिले घाम लाग्दा उनीहरूको स्थिति सामान्य देखिएको थियो भने एक्कासि मौसममा परिवर्तनलगायत चिसो बढेसँगै जनजीवन कष्टकर बनेको छ।



खासगरेर दलित समुदाय, अति विपन्न परिवार, गरिब, असहाय तथा विपन्न वर्गका मुसहरहरूको आर्थिक स्थिति एकदमै दयनीय भएका कारण जाडो काट्नका लागि आवश्यक ज्याकेट, स्वीटरलगायत ऊनीका कपडाहरू खरिद गर्न समेत नसकेपछि उनीहरूले आफ्ना आफन्तलगायत इष्टमित्रहरूसँग सापटी लिई बाध्यतावश जाडोबाट बच्न न्याना कपडाहरू फुटपाथबाट खरिद गरिरहेका छन्।

खासगरेर फुटपाथमा राखिएका कपडाहरू सस्तोमा उपलब्ध हुने भएकाले उनीहरूले खरिद गरी जाडो काटिरहेका छन् भने बजारमा पहिलेका तुलनामा दाउरा पनि सहज मात्रामा उपलब्ध नहुनाले उनीहरूलाई एकदमै समस्या परेको छ। चिसो बढेसँगै बजार तथा ग्रामीण बस्तीहरूमा चहलपहलमा समेत कमी देखिएको छ।

महोत्तरीस्थित जलेश्वरका सडकमा फुटपाथमा कपडा बेच्ने सुशीला साहका अनुसार जाडोका लागि आवश्यक ज्याकेट, स्वीटर, ऊनीका कपडाको मूल्य पनि अघिल्लो वर्षको तलुनामा यस वर्ष ह्वात्तै बढेपश्चात् पनि कम नाफा लिई बेचिरहेको बताइन्। साथै चिसो बढेपछि पहिलेका तुलनामा अहिले न्याना लुगा किनमेल गर्नेहरूको भीड बढेको समेत उनले थपिन्।

जलेश्वर १ का ३८ वर्षीया एकल महिला हिरादेवी राउत जेनतेन अरूका सहारा तथा आफन्तहरूबाट पैसा मागी घर परिवार चलाइरहेकी छिन्। उनका परिवार जहानमा दुई छोरा र एक छोरी छन्। विगत एक वर्षपहिले चिसोकै कारण उनका श्रीमान् सञ्जय राउतको मृत्यु भएको थियो। उनी भन्छिन्- 'श्रीमान् हुँदा गरिब भए पनि जेनतेन आफ्ना दिन परिवारसँगै खुसीका साथ बितिरहेका थिए। तर मृत्युपश्चात् उनलाई परिवार चलाउनसमेत धौ-धौ परिरहेको छ। उनी अब अरूको सहारामै आफ्नो जीवन काट्न बाध्य भएकी छिन्। विगतमा आएको बाढीले उनका घरसमेत क्षति भएको थियो। तर एक्कासि चिसो बढेपछि आफू घरबाट बाहिरसमेत ननिस्किरहेको उनले बताइन्।

यता चिसोकै कारण मनरासिस्वा नगरपालिकामा चार वटा बाखाबाखी मरेको ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता सिया राघोशरणले बताए। साथै उनले एक्कासि यसरी बाखाबाखी चिसोका कारण मर्नुले यस भेगमा पशु पाल्नेहरूलाई समेत समस्या भएकाले सम्बन्धित निकायलाई यसतर्फ ध्यान दिन जरुरी भएको बताए।

यता जिल्ला स्वास्थ्य कार्यालय जलेश्वरका प्रमुख राजिव झाले चिसोको बिरामीहरूको चाप बढेको बताउँदै सबैभन्दा बढी नवजात शिशुका साथसाथै नाबालिक बालबालिकालगायत वृद्धवृद्धाहरू प्रभावित भएको जानकारी गराए।

श्वासप्रश्वासमा समस्या, निमोनिया, कोल्ड डायरिया, भाइरल ज्वरोका रोगी बढी उपचार गराउनको लागि अस्पतालमा आउने गरेको बताए। साथै उनले यसबाट बच्नको लागि तातो खाना खानुका साथै न्यानो कपडा लगाउनुपर्ने र समस्या आए अस्पतालमा गएर उपचार गराउन सुझावसमेत दिए।

प्रमुख जिल्ला अधिकारी बाबुराम श्रेष्ठले जाडोबाट राहत पाउनका लागि ठाउँ- ठाउँमा दाउराको व्यवस्थापन गर्नका लागि सम्बन्धित निकायलाई समेत निर्देशन दिई तत्काल व्यवस्था गर्न लगाउने बताए।

## विद्यार्थीविहीन मनाङका विद्यालय



**नवीन लामिछाने, मनाङ**

हिमालपारिको जिल्ला मनाङको नेस्याङ गाउँपालिकाका ६ वटा विद्यालय विद्यार्थीविहीन बनेका छन्। तिलिचो आधारभूत विद्यालय, टङ्की आधारभूत, भ्राका आधारभूत, ङावोल आधारभूत, ध्यारु आधारभूत, हुम्डे आधारभूत र पिसाङ आधारभूत विद्यालय विद्यार्थीविहीन भएका छन्।

स्थानीयबासीका बालबालिका सबै काठमाडौं, पोखरालगायतका शहरहरूमा लाने र गाउँघरमा काम गर्ने मजदूरका बच्चाहरूले विद्यालय धान्न मुस्किल भएको तिलिचो आधारभूत विद्यालयका प्रधानाध्यापक यमप्रसाद तिमल्सिनाले बताउनुभयो।

गत शैक्षिक सत्रसम्ममा २६ जना विद्यार्थी रहेको यस विद्यालयमा यो शैक्षिक सत्रमा जम्मा ४ जना छन्। भएका विद्यार्थी पनि स्थानीय नभएका र तिनीहरू पनि कामको खोजीमा आमाबाबु अन्यत्र जाने भएपछि आगामी शैक्षिक सत्रमा विद्यालय नील हुने बताएका छन्।

यस्तै समस्यामा गुज्रिएको टङ्की आधारभूत विद्यालय हो। यस विद्यालय त अहिलै नै विद्यार्थीविहीन भएको छ। ६ जनाको दरबन्दी रहेको यस विद्यालयमा विद्यार्थी भने शून्य रहेको छ। यस्तो समस्या किन भयो भनी सोध्दा स्थानीय मानिसका बच्चा गाउँमा नराख्ने र सबै गोर्खाली, धादिङे कामदारका बच्चा विद्यालय भर्ना हुने र कामको सिलसिलमा ठाउँ-ठाउँमा बसाइँ सर्ने कारणले यस्तो समस्या आएको टङ्की आधरभूतका प्रधानाध्यापक लोकबहादुर सुवेदीले बताउनुभयो।

थोरै जनसंख्या भएको र भएका मानिसहरूले पनि आफ्ना बालबालिका गाउँमा नराख्नु नै यो समस्याको प्रमुख कारण रहेको जिल्ला शिक्षा अधिकारी टुकराज अधिकारीले बताउनुभएको छ। आगामी शैक्षिक सत्रबाट जिल्ला शिक्षा कार्यालय नरहने हुँदा स्थानीय निकायले विद्यालय व्यवस्थापन कसरी गर्छ भन्ने जनचासो रहेको छ।


## वर्गीकृत डिस्प्ले



बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।
जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

**जग्गा विक्रीमा**
का.म.पा १९ कंकेश्वरी मन्दिरसँगै, डल्लु पुलबाट टेकु जाने लिंकरोडमा जोडिएको स्कुल, कलेज, अस्पताल, व्यापारिक मल, हलको लागि अति उपयोगी ५ रोपनी जग्गा विक्रिमा छ।
सम्पर्क नं.:- ९८४१३१४७८१

**वर्गीकृत डिस्प्ले**
आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० ।-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि. भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६ ४२१९६२२, ४२१९४४५


## न्यानो कपडा खरिदमा अनियमितता

**राम धामी, डडेल्धुरा**

जिल्लाको भित्रिमधेस क्षेत्रस्थित परशुराम नगरपालिका कार्यालयले नगर क्षेत्रका जेष्ठ नागरिकका लागि न्यानो लुगा खरिद गर्दा आर्थिक अनियमितता भएको जनप्रतिनिधिहरूले बताएका छन्।

न्यानो कपडा खरिदमा आर्थिक अनियमितता भएको भन्दै वडास्तरका जनप्रतिनिधिहरूले जेष्ठ नागरिकलाई न्यानो कपडा वितरण कार्यमा अवरोध गरेका छन्। 'न्युन गुणस्तरको कपडा खरिद गरेर बजार मूल्यभन्दा तेब्बर दर रेटमा कपडा उपलब्ध गराइएको छ', वार्ड नं. ८ का वडाध्यक्ष गोविन्द बोहराले भने- 'अनियमितता भएको ठहर गरेर हामीले वितरण गर्न रोकेका छौं।'

नगरपालिकाले नगर क्षेत्रमा रहेका ८० वर्ष पूरा गरेका ७ सय ५० जना जेष्ठ नागरिकका लागि न्यानो कपडा खरिद गर्ने निर्णय गरेको थियो। कोटेसनमार्फत् हरेक जेष्ठ नागरिकका लागि स्वीटर, कम्बल र कम्बलको खोल खरिद गरिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ईश्वरलाल शाक्यले बताए।

न्यानो कपडा खरिदका लागि कैलालीको धनगढीस्थित एबीआर सप्लायर्सको कोटेसन सदर भएको र सोही सप्लायर्सले वितरण गरिरहेको नगर कार्यपालिका कार्यालयले जनाएको छ। भ्याटसहित जनही ३ हजार ७५ रुपियाँका दरले न्यानो कपडा उपलब्ध गराएको सप्लायर्सले बजार मूल्यभन्दा निकै बढी दरमा कपडा उपलब्ध गराएको र कपडा गुणस्तरहीन रहेको वडाअध्यक्षहरू बताउँछन्।

नगरपालिकाको आइतबार सम्पन्न बैठकले सो प्रकरणमा छानविन गर्न वडा नं. ७ का वडाध्यक्ष केशव बोहराको संयोजकत्वमा तीन सदस्यीय छानविन समिति गठन गरेको छ। समितिका सदस्यहरूमा वडाध्यक्ष गणेश जोशी र कार्यपालिका सदस्य धर्मेन्द्र नेपाली सदस्य छन्। छानविन समितिले आवश्यक छानविन गरिसकेपछि प्रतिवेदन पेस गर्ने संयोजक बोहराले बताए। नगरपालिका कार्यालयले कोटेसन सदर भएको सप्लायर्सले गुणस्तरहीन न्यानो कपडा उपलब्ध गराएको गुनासो आएकाले भुक्तानी रोकिएको जनाएको छ। 'छानविनपछि मात्रै रकम भुक्तानी गरिने छ' -प्रमुख प्रशासकीय अधिकृत शाक्यले भने।


## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहींबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

**युनिक मेडिटेशन सेन्टर**
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्टकारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरू**
(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**
मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।
खान बस्नको सुविधासहित।
If you are satisfied, tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८९, ५०१०५५०

**बाथ तथा दमको अचुक उपचार**

हिमाली जडीबुटीहरूको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।

बाथ एवं नसारोग : स्यालको बोसो, चौंरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।

दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।

मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम**
**महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन** : ४७२००४६
**मोबाइल** : ९८५१०७३५००

## नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं**
गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोनः ३७०७०५, फ्याक्सः ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोनः ३५३९४१, फ्याक्सः ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोनः ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोनः ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्रयाक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिब्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोनः ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोनः २८२४५१, २८०६७३, फ्याक्सः २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोनः २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोनः ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोनः ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर ।गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोनः ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२,फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर**
हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोनः ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोनः ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोनः ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर**
सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मलः स्टेसनरी गठाघर, फोनः ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

२०७४, पुस
मंगलबार
४

‘हामीलाई लालपुर्जा चाहियो।’ सुकुम्बासीको अगुवाई गर्दै आएकी गीता वादीले भनिन्- ‘भोट माग्दा मात्रै लालपुर्जा दिन्छौं भनेर भन्नुहुन्छ, जितेपछि हामीलाई बेवास्ता किन ?’

# नेपाल

# भोट माग्दा मात्रै लालपुर्जाको आश्वासन

हिक्मत नेपाली, दैलेख

सदरमुकामनजिकै रहेको रातामाटे बस्ती। हरेक निर्वाचनमा हरेक दलका नेता र उम्मेदवार भोटका लागि पुगेकै हुन्छन्। स्थानीय तहको निर्वाचनमा भोट माग्न पुगेको दलका नेता र उम्मेदवार मंसिर २१ गते सम्पन्न संघ र प्रदेशको निर्वाचनमा पनि पुगे। निर्वाचनलगत्तै यो समुदायको समस्या पूरा गर्ने वाचासहित फर्किए। स्थानीय तहको निर्वाचनमा गरेको प्रतिबद्धता फेरि दोहोर्‍याउँदै फर्किएका दलका नेता र उम्मेदवार त्यो समुदायलाई फेरि फर्केर भने हेरेनन्।

निर्वाचनका बेला गरिएका प्रतिबद्धताबारे बेखबर भएका रातामाटे बस्तीका स्थानीयवासीको एक हुल स्थानीय सरकारको ढोका ढक्ढक्याउँदै नारायण नगरपालिकामै पुगेका छन्। लामो समयदेखि सामुदायिक वन क्षेत्रमा बसोवास गर्दै आएको रातामाटेको दलित बस्ती र वादी बस्तीका एक हुल सुकुम्बासी नगरपालिका कार्यालयमा छिर्दा कर्मचारी र सेवाग्राही छक्क परे। उनीहरू नगर प्रमुखको कार्यकक्षतर्फ लम्किए। नगर प्रमुख रत्नबहादुर खड्कासँगै उपप्रमुख सावित्री मल्ल, वडाध्यक्ष तीर्थनारायण श्रेष्ठ र प्रमुख प्रशासकीय अधिकृत जगत बस्नेत पनि आफ्नो कार्यकक्ष छाडेर नगर प्रमुखनजिक जम्मा भए।

हुल बाँधेर आएका दलित सुकुम्बासीलाई कार्यालयको सभाहलमा राखेर नगर प्रमुखसहितको सहभागितामा छलफल शुरू भयो। अधिकांश महिला र बालबालिकासहित



नारायण नगरपालिकाको कार्यालयमा पुगेको सुकुम्बासी बस्तीका बासिन्दा ।

५० भन्दा बढी दलित सुकुम्बासी कार्यालयमा छिर्नुको मुख्य कारण थियो लालपुर्जा। सुकुम्बासी बस्तीका अधिकांश पुरुष सदरमुकाममा ज्यालामजदूरीमा व्यस्त रहेकाले नगरपालिकामा लालपुर्जाको माग राख्दै आउने धेरैजसो महिला मात्र देखिन्थे। नगरपालिका कार्यालयमा ती दलित सुकुम्बासीको भीड जम्मा भएपछि व्यस्त बनेका जनप्रतिनिधिले उनीहरूसँग कुरा नगरी सुखै पाएनन्। नगरपालिकाको हलमा खचाखच सुकुम्बासीले नगर प्रमुख खड्कालगायत उपस्थित जनप्रतिनिधिलाई आफ्ना मागसहितको ज्ञापनपत्र बुझाएपछि सधैं आश्वासन मात्र बाँड्ने भन्दै एकाएक कराउन थाले।

आफ्ना लिखित मागसहित नगरपालिका कार्यालयमा आएका ती दलित सुकुम्बासी सबैको एउटै स्वर सुनिन थाल्यो- ‘हामीलाई लालपुर्जा चाहियो।’ सुकुम्बासीको अगुवाई गर्दै आएकी गीता वादीले भनिन्- ‘भोट माग्दा मात्रै लालपुर्जा दिन्छौं भनेर भन्नुहुन्छ, जितेपछि हामीलाई बेवास्ता किन ?’

अर्की अगुवा लीला नेपालीले चर्को स्वरमा भनिन्- ‘सधैं आश्वासन मात्र दिनुहुन्छ। हाम्रा लागि किन पहल गर्नुहुन्न ?’ गीता र लीलाजस्तै अरू पनि त्यही भन्दै केही समय बोली राखे। नगर प्रमुख खड्काले आफ्ना कुरा राख्न थालेपछि नगरपालिका पुगेका दलित सुकुम्बासी एकाग्र भए। ‘स्थायी लालपुर्जाका लागि हामी सधैं तपाईंहरूको पक्षमा छौं। कसैले तपाईंहरू बसेको ठाउँबाट उठाउन पाउँदैन’, दलित सुकुम्बासीलाई निर्वाचनपछि आश्वासन बाँड्दै खड्काले भने- ‘अब लालपुर्जा नगरपालिकाले नै दिन्छ, तर त्यसका लागि कानुन निर्माण गर्नुपर्छ।’ कानुन निर्माण गरी नगरसभाबाट पारित गर्नुपर्ने भएकाले त्यसकार्यमा जुटिसकेको आस्वासन उनले दिए। दलित सुकुम्बासीका माग जायज भएको र माग सम्बोधन गर्न कुनै बाधा अवरोध नहुने भन्दै नगरप्रमुख खड्काले त्यसका लागि केही समय अझै पर्खन उनीहरूलाई अनुरोध पनि गरे। नगर प्रमुखसँगै उपप्रमुख मल्ल र वडाध्यक्ष श्रेष्ठले पनि तत्काल माग सम्बोधन गर्न नसके पनि लालपुर्जा दिलाएर नै छाड्ने उद्घोष गरेपछि ती दलित सुकुम्बासी फर्किए।

दलित सुकुम्बासी लालपुर्जाको माग राख्दै यसभन्दा पहिले पनि ३ चोटी नगरपालिका कार्यालय पुगेका थिए। तर सधैंको आश्वासनले दिक्क भएका उनीहरू अहिले पनि आफ्ना माग लिएर कार्यालयमा धाउन छाडेका छैनन्। सुकुम्बासी बस्तीकै लक्षिराम नेपाली भन्छन्- ‘जहिलेसम्म हाम्रो माग पूरा हुँदैन, त्यतिबेलासम्म हामी दबाब दिन छाड्दैनौं।’ २०२८ सालमा सरस्वती गाउँपञ्चायतका तत्कालीन प्रधान नरबहादुर केसीले दैलेखकै कुसापानीको डाँडासरुबाट ३ घर दलितलाई रातामाटे ल्याएका थिए। उनले ती दलितलाई त्यहाँ ल्याएर राखे तर उनीहरूको नाममा कुनै जमिन बनाइदिएनन्। सरुबाट आएका रविलाल दमाई, अमृत दमाई र हरिलाल दमाई ऐलानी जग्गामा घर बनाएर बसे। तत्कालीन प्रधानले उनीहरूका नाममा जग्गा नबनाइदिएकाले आजभोलि ती दलितका नातिहरूले दुःख भोगिरहेको छन्।

५० को दशकमा भएको नापीमा ती दलितले जग्गा नाप्ने प्रयास गरे पनि विवादका कारण उनीहरूले जग्गाको लालपुर्जा पाएका थिएनन्। नापी हुँदा कुइकानावासीले वनको जग्गा नाप्न नपाइने बताएपछि ती दलितको लालपुर्जा बन्न सकेको थिएन। नारायण नगरपालिका-१ रातामाटेस्थित दलित बस्तीमा अहिले २० घरपरिवार बसोबास गर्दै आएका छन्। दैलेख सदरमुकामसँगै जोडिएको नारायण नगरपालिका-१ कुइकानाको रातामाटे दलित बस्ती आधा शताब्दीदेखि भूस्वामित्वविहीन छ। पटक-पटकको निर्वाचनमा उक्त समुदायमा गरिएको प्रतिबद्धता पूरा भने अहिलेसम्म हुन सकेको छैन।

## धुलिखेल नगरपालिका कार्यालय

**धुलिखेल, काभ्रेबाट साँध सँधियारको नाममा जारी गरिएको सूचना**

**सूचना प्रकाशित मिति : २०७४/०९/०४**

काभ्रेपलाञ्चोक जिल्ला पाँचखाल गा.वि.स. वडा नं. १ बस्ने मिरा गिरीले साविक श्रीखण्डपुर ७क हाल धु.न.पा. -५/६ कि.नं. १०३१ को क्षे.फ. ०-४-०-० मा घर नक्सा पास गर्न यस नगरपालिकामा मिति २०७४/०८/०६ मा नक्सा सहित निवेदन दर्ता गराई मिति २०७४/०८/०६ मा संधियारको नाममा सन्धि सर्पन पर्ने/नपर्ने सम्बन्धि १५ दिने सुचना टाँस र मिति २०७४/०८/१८ मा सात दिने सूचना टाँस गर्दा समेत पश्चिम, उत्तर र दक्षिण तर्फका संधियार राम कृष्ण श्रेष्ठले उक्त सुचना टाँसको वेला उपस्थित नरहेको साथै हाल सम्म सँधियारले सही नगरेको देखिएकोले यो २१ दिने सूचना प्रकाशित गरिएको छ। यसमा तपाईलाई वा अरु कसैलाई पीर मर्का सन्धि सर्पन पर्ने भएमा यस नगरपालिका कार्यालयमा २१ दिन भित्र लिखित उजुरी सहित सम्पर्क गर्न आउनुहोला अन्यथा नियमानुसार भइजाने जानकारी गराईन्छ।

सारा नेपाली मिलेर अन्याय, अत्याचारको विरुद्धमा लड्नु पर्छ र यस्ता अन्याय, अत्याचारबाट मुक्त हुनु पर्छ भन्ने आजको मागलाई हामी सबैले बुझ्नु पर्दछ ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
**सूचना विभाग**

## युवाविहीन बन्दै गाउँघर

# मलामी पाउनै सकस

विनोदसिंह विष्ट–बैतडी

देशमा रोजगारीको अवसर नहुँदा अधिकांश युवा रोजगारीका लागि भारत गएपछि बैतडीका विभिन्न गाउँहरू युवाविहीन भएका छन्। गाउँमा कोही मान्छे मृत्यु भए पनि मलामी जान समेत युवा नपाइने गरेको सुर्नया गाउँपालिकाका शिक्षक गणेशदत्त अवस्थीले बताउनुभयो। उहाँले भन्नुभयो- ‘गाउँहरू युवाविहीन हुँदा मलामी जान समेत युवा मिल्दैनन्।’

हिउँद लागेसँगै युवाहरू मजदूरी गर्न सीमावर्ती भारतीय शहरमा पसेपछि गाउँहरू युवाविहीन भएका हुन्। गाउँमा महिला र वृद्धवृद्धा मात्रै भएको दोगडाकेदार गाउँपालिका-३ का हेमराज गिरीले बताउनुभयो। उहाँले भन्नुभयो- ‘युवाहरू रोजगारीका लागि भारत गएपछि विकास निर्माणका कामहरूमा समेत सुस्तता आउने गरेको छ।’

विकास निर्माणका काममा बूढाबूढी र महिलाको मात्रै सहभागिता रहेको पाइन्छ। गाउँमा हुने विकास निर्माण मात्रै नभएर अन्य सामाजिक कामका लागि युवा नहुँदा समस्या हुने गरेको छ। परिवार पाल्नकै लागि भनेर यहाँका अधिकांश युवा भारत जाने गरेका छन्।

### सीमानामा झुलाघाट हुँदै भारत जानेको लर्को

प्रदेश नम्बर सातका पहाडी जिल्लाका नागरिक रोजगारीका लागि बैतडीको झुलाघाट नाका हुँदै भारत पस्न थालेका छन्। गहुँबाली छरेर हिउँदमा रोजगारीका लागि भारतका विभिन्न शहर पुग्ने गरेको बझाङको बित्थडचीर गाउँपालिका वडा नं ४ का धनबहादुर बोहराले बताउनुभयो। उहाँले भन्नुभयो- ‘परिवार पाल्नका लागि गाउँघरमा कुनै स्रोत नभएपछि बाध्य भएर भारत जानुपरिरहेको छ।’

अहिले प्रदेश नम्बर सातका बैतडी, बझाङ, डडेल्धुरा, डोटी, अछाम र बाजुरका स्थानीय नागरिक रोजगारीको खोजीमा झुलाघाट नाकाबाट सैयौंको संख्यामा भारत पस्ने गरेको सीमा प्रहरी चौकी झुलाघाटका इन्चार्ज चक्रदेव पाण्डेयले बताउनुभयो। ‘दैनिक ३ सय नेपाली नागरिक भारत जानेगरेका छन्’, उहाँले भन्नुभयो- ‘विद्यार्थी उमेरदेखि ६० वर्षमाथिका नागरिकसमेत रोजगारीका लागि भारत जान्छन्।’ भारतमा रोजगारी गर्दा विभिन्न जोखिम भए पनि परिवार पाल्न बाध्य भएर भारत जानुपर्ने बाध्यता रहेको बझाङका ६५ वर्षीय गम्भीरे बोहराले बताउनुभयो। भारतमा काम गर्दा सधैं हेपिनुपर्दछ उहाँले भन्नुभयो- ‘कतिपय ठाउँमा काम गरेको पैसासमेत नपाउने गरेको र डोट्याल भनेर हेपिनुपर्छ।’ नेपालमा रोजगारीको अवसर नहुँदा यहाँका नागरिक परिवार पाल्न भारतकै भर पर्नुपर्ने बाध्यता रहेको छ।

भारतमा रोजगारी गर्दा विभिन्न समस्या झेल्नुपरे पनि गाउँमा रोजगारीका कुनै सम्भावना नहुँदा भारत जानुपर्ने आफूहरूको नियति बनेको बझाङका नरेन्द्रबहादुर बोहराले बताउनुभयो। साहुको गाली, डरधम्की सहेर पनि काम गर्नुपर्छ उहाँले भन्नुभयो- ‘प्रत्येक हिउँदमा कामका लागि भारत जाने र नयाँ वर्षका लागि घर फर्कने गरेका छौं।’ राजनीतिक दलका नेताले चुनावका बेला मात्रै रोजगारीका कुरा उठाउने तर चुनावपछि कसैले केही नगर्ने मजदूरीका लागि भारत पस्नेहरूको गुनासो छ।

# बिल प्याड नहुँदा रोकियो उपदान

हेटौंडा, (नेस)

जिल्ला समन्वय समिति मकवानपुरबाट सेवानिवृत्त एक कर्मचारीको उपदान रकम रोकिएको छ। समन्वय समितिबाट कात्तिक २७ गते उमेर हदका कारण सेवानिवृत्त हुनुभएका जिल्ला समन्वय समिति मकवानपुरका नायब सुब्बा राजाराम थापाको उपदानवापत्को रकम रोकिएको हो।

आर्थिक वर्ष २०६४/०६५ मा करवापत् तत्कालीन जिविसले राजस्व संकलन गर्दा दश वटा बिल प्याड गायब बनाएको आरोपमा कार्यालयले उपदान रकम रोकेको हो। १० वटा रसिद प्याडमा पाँच सय वटा रसिद रहेको र प्याड गायब बनाउँदा राजस्व रकम हिनामिना गरेको आरोपमा उपदान रकम नपाएको जिल्ला समन्वय समितिका एक कर्मचारीले बताए।

महालेखा परीक्षकको कार्यालयले रसिद माग गर्दा नक्कली रसिद बनाएर बुझाएको भन्दै त्यसलाई वैधता दिइएन। मकवानपुरको मनहरी र लोथरमा अमानतमा ढुंगा, गिट्टी र बालुवाको राजस्व संकलन गर्दा पनि नियम मिचेर थोरैमात्र राजस्व संकलन गरेको भन्दै करिब ८० लाख रुपियाँ बेरुजु देखाइएको छ।

२०४० सालदेखि तत्कालीन जिविसमा कार्यरत थापाले करिब २८ लाख रुपियाँ उपदान पाउने तर केही कागजी प्रक्रिया बाँकी भएकाले उपदान रकम भुक्तानी बाँकी रहेको जिल्ला समन्वय समितिका लेखा अधिकृत शम्भुप्रसाद बर्तौलाले बताउनुभयो। मन्त्रालयदेखिको कागजी प्रक्रियाका कारण उपदान रकम पाउन ढिलाइ भएको उहाँले बताउनुभयो।

## नाम परिवर्तन गरिएको सूचना

यस ब्राइट भिजन कलेज विराटनगर प्रा.लि.को मिति २०७४।०८।०९ मा बसेको विशेष साधारण सभाको निर्णय बमोजिम नाम परिवर्तनका सम्बन्धमा यस कम्पनीको नाममा रहेको सम्पूर्ण चल, अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने ऋण धन र कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी **ब्राइट भिजन ‘ल’ कलेज प्रा.लि.** कायम गरिएको र उक्त नाम परिवर्तनको निर्णय श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७४।०८।११ अभिलेख समेत भइसकेको व्यहोरा सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**ब्राइट भिजन ‘ल’ कलेज प्रा.लि.**
**विराटनगर म.न.पा. वडा नं. ५,मोरङ्ग, (प्रा.लि. नं. ७४२७८)**

## राशन ठेक्का बोलपत्र सम्बन्धी सूचना

जिल्ला वन कार्यालय कालिकोट तथा मातहतका इलाका वन कार्यालयहरूमा दरबन्दी अनुसार कर्मचारीहरूलाई मिति २०७४ माघ १ गतेदेखि पौष मसान्तसम्म १ वर्षको लागि ठेक्का बन्दोबस्तद्वारा राशन उपलब्ध गर्नुपर्ने भएको हुँदा इच्छुक व्यक्ति, फर्म, संस्थाले सूचना प्रकाशित गरिएको छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि जिल्ला वन कार्यालय कालिकोटमा सम्पर्क गर्नुहुन अनुरोध छ।

**जिल्ला वन कार्यालय, कालिकोट**
**फोन नं. ०८७-४४०००२**

## हार्दिक श्रद्धाञ्जली



जन्मः
२०२५/०१/२५

स्वर्गारोहण :
२०७४/०८/२१

**स्व. रिनेश मुनी शाक्य**

यस संस्थाका शेयर धनी **रिनेश मुनी शाक्य** को असामयिक दुःखद निधन भएको आज १३ औ दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

श्री सोहन सुन्दर श्रेष्ठ
श्री प्रविन बहादुर प्रधान
श्रीमती बेनुका जोशी
श्री नविन बहादुर प्रधान
श्री रजु मास्के
श्री उज्वल मान प्रधान
श्री चन्दन श्रेष्ठ
श्री सविन भक्त जोशी
श्री प्रज्वल बहादुर प्रधान
श्री चन्दिका श्रेष्ठ
श्री नीता प्रधान
श्री नीना मास्के
श्री मिलन प्रधान

श्री जगदिश्वर श्रेष्ठ
श्री रामेश्वर श्रेष्ठ
श्री दिगम्बर लाल प्रधान
श्री जुजु काजी स्थापित
श्री रत्न काजी स्थापित
श्री किरण ताम्राकार
श्री रोशन ताम्राकार
श्री राजु ताम्राकार
श्री दिपक ध्वज जोशी
श्री राजेश ध्वज जोशी
श्री महेश ध्वज जोशी
श्री द्वारीका राम महर्जन

श्री राजेस महर्जन
श्री न्हुछे नारायन महर्जन
श्री राजेन्द्र श्रेष्ठ
श्री कृष्ण महर्जन
श्री सत्य राम महर्जन
श्री अमीर बनिया
श्री गौतम मान मानन्धर
श्री विजय श्रेष्ठ
श्री दिनेश नकर्मी
श्री सरोज ताम्रकार
श्री पूर्ण बहादुर शाक्य
श्री रत्न बहादुर शाक्य

श्री सानु मान प्रधान
श्री वासु उप्रेति
श्री वासु श्रेष्ठ
श्री शिल रत्न ताम्रकार
श्री उत्तम कुथु
श्री विक्रम कुथु
श्री राजेन्द्र मानन्धर
श्री अमीत आवाले
श्रीमती सनम शाक्य
श्रीमती सुधा जोशी
श्रीमती सन्जु महर्जन
श्री राम महर्जन
श्रीमती सनी श्रेष्ठ

**निम्बस बचत तथा ऋण सहकारी संस्था लि.**
**तथा**
**समस्त निम्बस परिवार**
**वडा नं २० इलाछे काठमाडौं**

# विश्व

## अलपत्र

विद्युत् आपूर्ति बन्द भएपछि अमेरिकाको एटलान्टाको हार्ट्सफिल्ड ज्याक्सन अन्तर्राष्ट्रिय विमानस्थलमा अलपत्र भएका यात्रु।



## निधन

दक्षिण कोरियाको चर्चित संगीत टोली साइनीका सदस्य किम जोङ ह्युनको मृत्यु भएको छ।



2017, DEC
Tuesday
19

विश्व २ मिनेट

### इन्डोनेसिया

## भगौडा कैदी पक्राउ

जाकार्ता, (एजेन्सी)

इन्डोनेसियाको बालीस्थित खतरनाक कारागार केरोबोकानबाट भागेका एक जना अमेरिकी कैदीलाई प्रहरीले गत साता पुनः पक्राउ गरेको छ। उनले लागूऔषध कारोबारको अभियोगमा सजाय भोग्दै आइरहेका थिए। क्रिश्चियन बिस्ली नामक उनलाई नजिकको लोम्बोक टापुबाट गिरफ्तार गरिएको थियो। ३२ वर्षीय बिस्ली अर्का एक कैदीसँग कारगारको पर्खाल हाम फालेर भागेका थिए। अर्का कैदीलाई भने तत्कालै पक्राउ गरिएको थियो। इन्डोनेसियामा लागूऔषध प्रयोग र ओसार पसारविरुद्ध कडा कानुन रहेको छ। यससम्बन्धी अपराधीलाई अधिकतम मृत्युदण्डको व्यवस्था छ।

### बंगलादेश

## भागदौड मच्चियो

ढाका, (एजेन्सी)

बंगलादेशको चटगाउँमा सोमबार एक्कासि शुरू भएको भागदौडमा कम्तीमा १० व्यक्तिको ज्यान जानुका साथै अन्य ३० जनाभन्दा बढी घाइते भएको प्रहरीले जनाएको छ। त्यहाँका पूर्वमेयर मोहिउद्दिन चौधरीको अन्त्येष्टिपछिको प्रार्थनासभा तथा भोजको दौरान सो घटना घटेको एक जना प्रहरी अधिकारीले एफपी समाचार निकायलाई जानकारी दिएका छन्। उनले कम्तीमा १५ जना घाइतेको स्वास्थ स्थिति निकै चिन्ताजनक रहेकाले मृतकको संख्या बढ्न सक्ने पनि बताएका छन्। नगरपालिकामा १६ वर्ष सेवा गरेका चौधरीको शुक्रबार ७३ वर्षको उमेरमा निधन भएको थियो।

### बेलायत

## कन्डम अभियान

लन्डन, (एजेन्सी)

बेलायतमा १६ देखि २४ वर्षका युवामध्ये धेरैले आफ्ना नयाँ पार्टनरसँगको यौन सम्पर्कमा कन्डमको प्रयोग कहिल्यै नगर्ने गरेको एक सर्वेक्षणले देखाएको छ। त्यसैले २५ वर्षभन्दा कम उमेरका युवालाई यौन संक्रामक रोगबाट बचाउन कन्डमको प्रयोग बढाउन बेलायतमा नयाँ अभियान शुरू गरिएको छ। यौन स्वास्थ्यका लागि विगत ८ वर्षमा सरकारले पहिलो पटक यस प्रकारको अभियान थालेको हो। बेलायतको स्वास्थ्य विभागले गरेको उक्त सर्वेक्षणमा १६ देखि २४ वर्षका युवामा करिब आधाले नयाँ साथीसँग कन्डमको प्रयोग नगरेको पाइएको थियो। सर्वेक्षणमा १० जनामा १ ले कहिले पनि कन्डमको प्रयोग नगरेको पाइएको छ।

### लेबनान

## बेलायती कर्मचारीको हत्या

बेरुत, (एजेन्सी)

बेरुतस्थित बेलायती दूतावासमा काम गर्ने एक बेलायती महिला मृत अवस्थामा फेला परेको लेबनान प्रहरीले बताएको छ। रिबेका डाइक्सको शव शनिबार एक प्रमुख सडकको किनारामा अलपत्र अवस्थामा फेला परेको थियो। कसैले उनको घाँटी थिचेर हत्या गरेको वरिष्ठ प्रहरीले बताए। रिबेकाको परिवारले उनको मृत्युले उनीहरु विचलित रहेको र सञ्चारमाध्यमलाई निजी मामिलाको सम्मान गर्न आग्रह गरेको छ। रिबेका सन् २०१७ जनवरीदेखि बेरुतमा अन्तर्राष्ट्रिय विकास विभागका लागि कार्यक्रम तथा नीति प्रबन्धकका रुपमा काम गरिरहेकी थिइन्।

### ट्रान्सपरेन्सी इन्टरनेसनलको प्रतिवेदन

# सोमालिया विश्वकै भ्रष्ट र डेनमार्क सबैभन्दा कम भ्रष्टाचार हुने देश

## नेपाल २९औं स्थानमा






बर्लिन, (एजेन्सी)

ट्रान्सपरेन्सी इन्टरनेसनलले जारी गरेको पछिल्लो वार्षिक प्रतिवेदनले विश्वको सबैभन्दा भ्रष्टचार हुने मुलुकमा सोमालिया, साउथ सुडान, उत्तर कोरिया र सिरियालाई राखेको छ। सोमालिया विगत १० वर्षदेखि करप्सन पर्सेप्सन इन्डेक्स २०१६ मा १० अंकसहित विश्वको सबैभन्दा भ्रष्ट मुलुकको स्थानमा पर्दै आएको छ।

व्यवसाय तथा सरकारी स्रोतको मिश्रित आँकडाका आधारमा यस संस्थाले वार्षिक आफ्नो प्रतिवेदन सार्वजनिक गर्दै आइरहेको छ। भ्रष्टाचार मानक सूचीमा नेपालको स्थान २९औं स्थानमा रहेको छ। यस सूचीमा देशहरुलाई ० देखि सय स्थानमा सूचीकृत गरिएको छ।

अति भ्रष्ट मुलुकको तलबाट दोस्रो स्थानमा परेको तुलनात्मक रुपमा नयाँ मुलुक साउथ सुडान ६ वर्षअगाडि मात्रै सुडानबाट स्वतन्त्र मुलुक बनेको थियो। उसले ११ अंक हासिल गरेको छ। तेस्रो सबैभन्दा भ्रष्ट मुलुकमा उत्तर कोरिया र त्यसलाई पछ्याउँदै सिरिया चौथो स्थानमा परेको छ। युद्धग्रस्त सिरियाबाट हालै मात्र ठूलो संख्यामा शरणार्थी बाहिरिएका छन्।

यसअघिका वर्षको भन्दा सुधार गरिरहेको भए पनि धेरैजसो देशको अंकमा गिरावट आइरहेको जर्मन समूहले चेतावनी दिएको छ। उक्त समूहले ती देशहरुमा भ्रष्टाचार, समाजमा शक्तिको असमान वितरण र सम्पत्तिको असमान वितरणबीच अनैतिक समूहको निर्माण भइरहेकामा प्रतिवेदनमा सचेत गराएको छ।

सामाजिक असमानताले बढाएको निरन्तर भ्रष्टाचारको चक्रलाई लिएर विश्वव्यापी नै नागरिकहरुमा चरम असन्तोष फैलिएको र तिनीहरुबाटै लोकप्रिय राजनीतिज्ञहरु उदय भइरहेको ट्रान्सपरेन्सी इन्टरनेसनलले जनाएको छ। तर ती लोकप्रिय नेताहरु पनि भ्रष्टाचारको मामिलामा खराब हुने गरेका छन्।

लोकप्रियवादी वा अधिनायकवादी नेताहरु भएका देशमा प्रजातन्त्र खस्कँदो अवस्थामा देखिएको र त्यो नागरिक समाजमाथि दमनकारी, सीमित प्रेस स्वतन्त्रता र न्यायिक प्रणालीलाई कमजोर बनाउने प्रयासमा लागेको देखिएको ट्रान्सपरेन्सी इन्टरनेसनलका अध्यक्ष जोस युगाजले जारी गरेको एक विज्ञप्तिमा उल्लेख गरेको छ।

व्यवस्थित पुँजीवादको सत्तामा ती नेताहरुले झन् खराब भ्रष्ट प्रणाली स्थापना गरिरहेको युगाजले थपे। अधिनायकवादी नेताहरुको उदय भइरहेका हंगेरी र टर्कीको भ्रष्टाचारको अंक खस्केको छ भने सन् २०१५मा लोकप्रियवादी सरकारलाई सत्ताच्युत गरेको अर्जेन्टिनाले सुधारको संकेत देखाएको ट्रान्सपरेन्सी इन्टरनेसनलले जनाएको छ।

उक्त प्रतिवेदनले पानामा पेपर्सलाई इंगित गर्दै व्यवसायी, धनाढ्य तथा राजनीतिज्ञहरुले समेत कसरी करको दुरुपयोग गरिरहेका छन् भन्ने खुलासा भएको उल्लेख गरेको छ।

सबैभन्दा कम भ्रष्टाचार हुने देशहरुमा पहिलो स्थानमा डेनमार्क र त्यसलाई पछ्याउँदै १०औं स्थानसम्म न्युजिल्यान्ड, फिनल्यान्ड, स्विडेन, स्विजरल्यान्ड, नर्वे, सिंगापुर, क्यानाडा, जर्मनी परेका छन्।

त्यसैगरी सार्क मुलुकमा भारत र श्रीलंका ४०औं स्थान रहेका छन् भने अफगानिस्तान सबैभन्दा भ्रष्ट मुलकका रुपमा ८औं स्थानमा रहेको छ। भुटान सबैभन्दा कम भ्रष्ट मुलुकका रुपमा ६८औं स्थानमा पर्न सफल भएको छ। पाकिस्तान र बंगलादेश २८औं स्थानमा परेका छन्।

# जनजाति भिडन्तमा ६१ जना मारिए

इरिट्रिया, (एजेन्सी)

इथियोपियाको आरोमिया क्षेत्रमा बिहीबारदेखि शुरू भएको विभिन्न जनजाति समूहबीचको भिडन्तमा कम्तीमा ६१ जनाको ज्यान गएको प्रहरीले जनाएको छ। तर जनजाति समूह सोमालिस र ओरोमोसबीच भएको हिंसाको स्पष्ट कारण भने अझै खुल्न नसकेको अधिकारीहरूले बताएका छन्।

तर रोयटर्स समाचार निकायले मंगलबार एउटा प्रदर्शनमा सरकारी सेनाले १६ जना ओरोमोस जनजातिलाई गोली हानी मारेपछि हिंसा फैलिएको हो। इथियोपियाको ओरोमिय र सोमालिया क्षेत्रबीच लामो आन्तरिक सिमाना रहेको छ। विगतमा पनि तिनीहरुबीच पटकपटक चौपाया चरनको विषयलाई लिएर भिडन्त हुने गरेको थियो।

ओरोमिया सरकारका प्रवक्ता एडिसु एरेगाले आफ्नो फेसबुक पेजमा मृतकको संख्या उल्लेख गरेका छन्। उनले १४ देखि १७ डिसेम्बरबीच २९ जना ओरोमोस र ३२ जना सोमाली इथियोपियाली जनजाति मारिएको जनाएका छन्। उनले हावी गुडिना र दारो लेवु जिल्लामा भिडन्त भएको बताएका छन्। ओरोमिया र सोमाली इथियोपियाका ठूलो भूभाग ओगटेका क्षेत्र हुन्।

ओरोमोस इथियोपियाको सबैभन्दा ठूलो जनजाति समूह हो। इथियोपियाको करिब एक तिहाइ जनसंख्या यिनीहरूले नै ओगटेका छन्। जबकि कुल जनसंख्याको ६ प्रतिशत इथियोपियाली सोमाली रहेका छन्। यस्ता भिडन्तका कारण हजारौं व्यक्ति आन्तरिक रुपमा विस्थापित हुने सम्भावना बढेको छ।



# सुकीविरुद्ध आमनरसंहार मुद्दा लाग्न सक्ने

न्युयोर्क, (एजेन्सी)

जेइद राद अल हुस्सेन म्यान्मारमा अल्पमत मुश्लिम समूह रोहिंग्याविरुद्ध भएका भयानक हिंसात्मक आक्रमणका पीडकलाई कारबाही होस् भन्ने चाहन्छन्। विश्वभरिको मानव अधिकार मामिला हेर्ने संयुक्त राष्ट्र संघीय निकायका अध्यक्ष भएको हैसियतले पनि उनको भनाइमा निकै वजन देखिन्छ।

हुस्सेन म्यान्मारका नेता आङ सान सु की र सशस्त्र फौजका प्रमुख जनरल आङ मिन लाइङलाई भविष्यमा कुनै पनि समय आमनरसंहारकोअभियोग लाग्ने सम्भावना धेरै रहेको बताउँछन्।

यसै महिनाको शुरूमा जेइदले रोहिंग्याविरुद्ध लगातार व्यापकरूपमा भएको दमनलाई हेर्दा आमहत्या नकार्न नसकिने कुरा संयुक्त राष्ट्र संघको मानव अधिकार परिषद्लाई बताएका थिए। म्यान्मारको उत्तरी रखाइन राज्यमा रोहिंग्यामाथि बौद्ध समुदाय र सरकारी फौजबाट भएको आक्रमणलाई लिएर अन्तर्राष्ट्रिय जगतले आलोचना गर्न थालेपछि सुकीले संयुक्त राष्ट्र संघको वार्षिक महासभामा भाग लिएको थिइनन्।



त्यसैगरी गत अगस्टयता झन्डै ६ लाख ५० लाख रोहिंग्या मुश्लिम भागेर छिमेकी मुलुक बंगलादेशमा सरण लिन पुगेका छन्। सरकारी फौजले भने त्यहाँका हिंसात्मक घटनाहरुमा आतंककारीको हात रहेको बताउँदै आएका छन्। म्यान्मारमा प्रजातन्त्र स्थापनाका लागि संघर्ष गरेकी सुकीलाई तत्कालीन जुन्ता सरकारले लामो समयसम्म नजरबन्दी बनाएको थियो।

**मर्स्याङ्दी बहुउद्देशीय सहकारी संस्था लि.को वार्षिक साधारणसभा सम्बन्धी सूचना**

यस संस्थाको १९औं वार्षिक साधारणसभा निम्नलिखित मिति, समय र स्थानमा हुने भएकोले सम्पूर्ण शेयर सदस्य महानुभावहरू एवं सम्बन्धित सबैलाई उपस्थितिका लागि अनुरोधका साथ जानकारी गराईन्छ ।

**सभा हुने मिति, समय र स्थानः**
**मितिः २०७४ पौष २९ गते शनिबार ।**
**स्थानः संस्थाको कार्यालय, मैत्री भवन, न्यूरोड, काठमाडौं ।**
**समयः बिहान ११:00 बजे ।**

**सूचना ! सूचना !! सूचना !!!**

मिति २०७४/०८/१४ गते नेपाल समाचार पत्रमा प्रकाशित कीर्तिपुर नगरपालिकाको टेण्डर न. KRM 04 आह्वान गरेकोमा Bill of Quantity -(BoQ) को सि.न. २५ र २७ मा तपशिल हुनु पर्नेमा अन्यथा भएकोले सच्याईएको व्यहोरा सम्वन्धित सरोकारवालाहरुमा जानकारिका साथ अनुरोध छ ।

**तपशिल**

| SL.No | Unit | Remarks |
|---|---|---|
| 25. | Sq.m | |
| 27. | r.m | |

**कीर्तिपुर नगरपालिका**

**राप्ती सोनारी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**अगैया, बाँके**
**५ नं प्रदेश, नेपाल**

**सूचना । सूचना ॥ सूचना ।॥**

**प्रथम पटक प्रकाशित मिति २०७४/०९/०४**

स्थानीय तहलाई सूचना प्रविधि सँग आवद्ध गर्ने उद्देश्यले स्थानीय शासन तथा सामुदायीक विकास कार्यक्रम अन्तरगत १ जना सूचना प्रबिधि अधिकृत करार सेवाबाट पूर्ति गर्नु पर्ने हुँदा लोक सेवा आयोगले लिन कम्प्युटर अधिकृतको न्यनुतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information and Communications Technologies वा सो सरहको विषय मध्ये कुनै एक विषय लिई स्नातक (BIT.BIM. BBIS.BCA.BEIT.BSCIT.CSIT) गरेको इच्छुक उम्मेदवारले यो सूचना पहिला पटक प्रकाशित भएको मितिले १५ दिनभित्र राप्ती सोनारी गाउँपालिकाको कार्यालय अगैयामा तपसिल बमोजिमका कागजातहरु सहित आवेदन दिन यो सूचना प्रकासित गरिएको छ । रित नपुगेको र म्याद नाघी आएको दरखास्त ग्राह्य हुने छैन ।

**दरखास्त साथ संलग्न कागजातहरु**

१. लोकसेवा आयोगबाट निर्धारण भएको दरखास्त फाराम
२. नेपाली नागरिकताको प्रमाण पत्र को प्रतिलिपि
३. शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि
४. अनुभवका प्रमाण पत्रहरुको प्रतिलिपि
५. दरखास्त दस्तुर रु १०००।- बुझाएको रसिद

पुनश्चः आवेदन परेका उम्मेदवरा मध्ये छनौट सूचीको आधारमा अन्तरवार्तामा बोलाइने छ । विस्तृत जानकारीको लागि मोवाइल नं. ९८५८०६०१४५ मा सम्पर्क गर्नु हुन अनुरोध छ ।

{ भ्रमणका क्रमम

# चीनमा नेपालसम्बन्धी अन्तर्राष्ट्रिय फोटो प्रतियोगिता

ध्रुव पौडेल, छन्तु (चीन)

पर्यटन प्रवर्द्धनका लागि नेपालसम्बन्धी पहिलो अन्तराष्ट्रिय फोटोग्राफी प्रतियोगिता चीनको छन्तुमा शुरू भएको छ।

प्रतियोगितामा भाग लिन नेपाल भ्रमणमा जाने पहिलो चिनियाँ फोटोग्राफी टोलीलाई चीनका लागि नेपाली राजदूत लीलामणि पौडेलले नेपालको रुद्रक्षको माला लगाएर विदाई गर्नुभयो। काठमाडौँ महानगरपालिकासँग भगिनीसम्बन्ध स्थापना भएको पहिलो वार्षिकोत्सवको अवसर पारेर छन्तु सहरको पर्यटकीय क्षेत्र वाइड न्यारो एलेमा छ दिवसीय नेपालसम्बन्धी फोटो प्रदर्शनी पनि शुरू गरिएको छ।



दैनिक एक लाखभन्दा बढी पर्यटकले भ्रमण गर्ने वाइड न्यारो एलेमा कम्तिमा ६ लाख चिनियाँ तथा विदेशी पर्यटकले उक्त प्रदर्शनी अवलोकन गर्न अपेक्षा गरिएको छ।

प्रतियोगिता र प्रदर्शनीको उद्घाटन गर्दै चीनका लागि नेपाली राजदूत लीलामणि पौडेलले नेपालको पर्यटन प्रवर्द्धन गर्न फोटो प्रतियोगिता कोशेढुंगा सावित हुने विश्वस व्यक्त गर्नभयो। चीन नेपालको दोस्रो ठूलो पर्यटकीय स्रोत भएको उल्लेख गर्दै नेपालको पर्यटन प्रवर्द्धनका क्षेत्रमा छन्तु सहर, सिछुवान प्रान्त र चीन सरकारले गर्दै आइरहेको सहकार्यका लागि आभार ब्यक्त गर्नुभयो।

कार्यक्रममा नेपाल पर्यटन बोर्डका मिडिया विज्ञ शरद प्रधानले नेपालको पर्यटन क्षेत्रमा फोटोग्राफी पर्यटनको अवधारण विकसित भएको उल्लेख गर्दै प्रतियोगितामार्फत अझ धेरै चिनियाँलाई नेपालमा स्वागत सकिने विश्वास ब्यक्त गर्नुभयो। अन्य गन्तब्यको तुलनामा नेपालमा जाने चिनियाँ पर्यटकको संख्या थोरै भएकोले फोटोग्राफी प्रतियोगिता र प्रदर्शनी गरिएको बताउनुभयो।

कार्यक्रममा काठमाडौं महानगरपालिकाका मेयर विद्यासुन्दर शाक्यले पठाउनुभएको शुभकामना सन्देश पढेर सुनाइएको थियो।

नेपाल पर्यटन बोर्डको प्रवर्द्धन तथा बेइजिंगस्थित नेपाली राजदूताबास, सिछुवान प्रान्तीय र छन्तु नगर सरकार, पर्यटनसँग सम्बन्धित स्थानीय संघसंस्था, चीनका फोटोग्राफी क्लबलगायतको सहकार्यमा उक्त कार्यक्रम साइनो नेपाल मिडिया सोसाइटीले आयोजना गरेको हो। प्रतियोगिताको अवधिभर सन् २०१८ मा कम्तिमा २० हजार चिनियाँ फोटोग्राफरलाई नेपाल भ्रमण गराउने र उनीहरूमार्फत सन् २०१९मा पाँच लाख चिनियाँ पर्यटकलाई नेपाल लैजान सकिने सोसाइटीको प्रक्षेपण गरेको छ।

उद्घाटन कार्यक्रममा सिछुवान प्रान्त र छन्तु नगरपालिकाका उच्च पदस्था सरकारी अधिकारी, स्थानीय पर्यटन ब्यवसायी, फोटाग्राफर क्लबका अधिकारी, पत्रकार, छन्तुमा अध्ययनरत नेपाली विद्यार्थीलगायत १ सय ५० भन्दा बढीको सहभागिता रहेको थियो।

## इन्ट्याग्रिटी आइडलको उपाधि पौडेललाई

नेपाल समाचारपत्र

काठमाडौं




२०१७ को इन्ट्याग्रीटी आइडलको उपाधी मोरङका सहायक प्रमुख जिल्ला अधिकारी शेषनारायण पौडेललाई प्रदान गरिएको छ। राजधानीमा आयोजित एक कार्यक्रमका वीच इन्ट्याग्रीटी आइडलको उपाधी लोक सेवा आयोगका अध्यक्ष उमेश मैनालीले प्रदान गर्नुभएको थियो।

सक्षम, इमान्दार र कर्तब्यनिष्ठ राष्ट्रसेवक कर्मचारीलाई सम्मान गर्न एकाउन्ट्याविलिटी ल्याबले हरेक वर्ष यो कार्यक्रम आयोजना गर्दै आएको छ। मनोनयनमा परेका मध्ये जिल्ला कृषि विकास कार्यालय काभ्रेमा कार्यरत कृषि प्रसार अधिकृत कृष्ण धिताल, वन विभाग काठमाडौँमा सहायक वन अधिकृतको रूपमा कार्यरत सवनम पाठक, पञ्चदेव माध्यामिक विद्यालय मान्मा कालिकोटका शिक्षक सबराज बम, मोरङका सहायक प्रमुख जिल्ला अधिकारी शेषनारायण पौडेल र सामान्य प्रशासन मन्त्रालयका उपसचिव सृजना तिवारी अन्तिम ५ जनामा पर्न सफल हुनुभएको थियो।

नागरिक स्तरबाट उत्कृष्ठ कर्मचारीलाई सम्मान गर्न ल्याबले सन् २०१४ देखि इन्ट्याग्रिटी आइडल शुरू गरेको हो। अन्तिम पाँच मध्ये सर्वोत्कृष्ट अर्थात् इन्ट्याग्रीटी आइडलको छनोट भने एसएमएस र वेभसाईटबाट प्राप्त जनताको मतका आधारमा गरिएको हो।

यस बर्ष एसएमएस र वेभसाईटबाट गरी प्राप्त भएको ४१ हजार ४ मत मध्ये कुल ३५ हजार १ सय ११ मत सदर भएको थियो। सो मध्ये विजयी पौडेलले सवै भन्दा बढि अर्थात ९ हजार ९ सय ३० मत पाउनु भएको थियो। सम्मान कार्यक्रममा पाँचै जनालाई प्रशंसापत्र र ट्रफी सहित सम्मान गरिएको थियो।

विजेता तथा पाँच जना आइडललाई बधाई दिँदै लोकसेवा आयोगका अध्यक्ष मैनालीले कर्मचारीले सदैब जनताको सेवक भएर काम गर्न आबश्यक रहेको धारणा राख्नुभयो। कर्मचारी देखि सेवाग्राही डराउन नपर्ने भन्दै सेवा सहितको मुस्कानलाइ कार्यान्वयन गर्नुपर्ने भन्दै आयोजक संस्था एकाउन्टबिलिटी ल्यावको अभ्यासको प्रशंसा गर्नुभयो।

सो अवसरमा उपाधी प्राप्त गर्न सफल पौडेलले जनताको सेवक भएर काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। सेवाग्राहिलाई केन्द्रविन्दुमा राखेर सेवाप्रबाह गर्ने भन्दै उपाधीले आफुलाइ थप दायित्ववोध गराएको बताउनुभयो। आफुलाई यो सम्मानले अझ बढी थप जिम्मेवार बनाएको र भोलीका दिनहरूमा थप काम गर्ने प्रेरणा मिलेको बताउनुभयो। नेपालबाट शुरू भएको यो अभियान लाईबेरिया, पाकिस्तान, माली, दक्षिण अफ्रिका, नाइजेरिया लगायतका देशमा विस्तार भैसकेको छ र सन् २०१८ मा श्रीलकांमा पनि यो कार्यक्रम शुरू हुने प्रकृयामा रहेको आयोजक संस्था एकाउन्ट्याविलिटी ल्यावले बताएको छ।

जनताका लागि राम्रो काम गर्ने कर्मचारी अझै पनि जनता माझ लुकेको र भ्रष्टहरू खुले आम समाजमा हिंडिरहेको अवस्थामा कर्तव्यनिष्ठ इमान्दार कर्मचारीलाई जनताका माझ चिनाउनका लागि इन्ट्याग्रीटी आइडल कार्यक्रमको शुरूवात गरिएको आयोजक संस्था एकाउन्ट्याविलिटी ल्यावका प्रमुख नारायण अधिकारीले बताउनुभयो।

## प्रहरी र म्यादीबीच झडप

दोलखा, (नेस)

निर्वाचन प्रयोजनकोलागि दोलखामा भर्ना भएका म्यादी प्रहरीले सरकारले नेपाल प्रहरी र म्यादीलाई समान सेवा सुविधा दिने भनेपनि जिल्ला प्रहरी कार्यालय दोलखाले रासनमा विभेद गरेको भन्दै आन्दोलन गरेका छन्।

आन्दोलनको क्रममा ९ महिला र १ पुरुष गरी १० जना म्यादी प्रहरी घाईते भएको उनीहरूले बताएका छन्। आफुहरूले जायज माग गरी आन्दोलन गर्दा दुर्व्यवहार गर्दै लाठिचार्ज भएकोले हवल्दार मेजरलाई कारवाही गर्नु पर्ने र नेपाल प्रहरी सरह ६० रूपैयामा रासन खुवाउनु पर्ने म्यादी प्रहरीले माग गरेका छन।

नेपाल प्रहरीलाई ६० रूपैयामा रासन खुवाउने गरिएको तर आफुहरूलाई भने ८० रूपैया लगाईएको म्यादी प्रहरीले आरो लगाएका छन। जिल्ला प्रहरी कार्यालय दोलखाका प्रहरी नायव उपरीक्षक रामेश्वर कार्कीले भने म्यादी प्रहरीलाई ६५ रूपैयामा रासन खुवाउने सहमति भएको बताउनुभयो। कार्कीले नेपाल प्रहरीलाई ७० रूपैयामा रासन खुवाउने गरिएको र म्यादीलाई त्यो भन्दा ५ रूपैया कम ६५ रूपैयामा रासन खुवाउने निर्णय भएको बताउनुभयो।आन्दोलनको क्रममा धकेलाधकेल हुदा केही म्यादी प्रहरी घाईते भएको तर प्रहरीले कुटपिट र दुर्व्यवहार भने नगरेको डिएसपी कार्कीले बताउनुभयो।

## 'छिटो न्याय दिलाउने गरी काम भइरहेको छ'

काठमाडौं, (नेस) । प्रधानन्यायाधीश गोपाल पराजुलीले छिटो र सहजरूपमा न्यायको पहुँच पुर्‍याउने योजनाका साथ काम गरिरहेको बताउनुभएको छ। न्याय परिषद्को २७ औं स्थापना दिवसको उद्घाटन गर्दै उहाँले न्यायको उपभोक्तालाई सहजरूपमा छिटो न्याय दिलाउनका लागि योजनाबद्धरूपमा काम गरिरहेको बताउनुभयो।

### मतदाता शिक्षा प्रभावकारी भएन

## प्रदेशसभातर्फ १० लाख मत बदर

सुनील महर्जन, काठमाडौं

निर्वाचनमा लाखौं मत बदर हुनुले निर्वाचन आयोगले सञ्चालन गरेको मतदाता शिक्षाको प्रभावकारितामाथि प्रश्न उठेको छ। निर्वाचन आयोगको आधिकारिक वेभसाइटमा राखिएको तथ्यांक अनुसार प्रतिनिधिसभाको समानुपातिकतर्फ १० लाखभन्दा बढी मत बदर भएको छ। अर्थात् कुल मतदानको ९ दशमवल ८४ प्रतिशत मत बदर भएको हो।

त्यसै गरी प्रदेशसभातर्फ १० लाख ४२ हजार ७ सय ७७ मत बदर भएको देखिएको छ। आयोगको तथ्याक्र अनुसार प्रदेश सभातर्फ प्रतिनिधि सभामा भन्दा बढी मत भदर भएको छ। सातवटै प्रदेशमा गरी ९० लाख १९ हजार ४ सय ३० मत मात्र सदर भएको हो।

मतदाता शिक्षाका लागि २० हजार स्वयम्सेवक परिचालन गर्दै करोडौं रकम खर्च गर्ने गरे पनि मतदाता शिक्षा प्रभावकारी नभएको पुष्टि भएको २०४८ सालदेखि निर्वाचन पर्यवेक्षण गर्दै आउनुभएका आम निर्वाचन पर्यवेक्षण समितिका महासचिव कृष्णमान प्रधानले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो। उहाँले भन्नुभयो- 'मतदाता शिक्षा अपुरो, अधुरो र प्रभावकारी रहेन।'

निर्वाचन अवलोकनका क्रममा एउटै मतदाताले तीनवटा मतपत्रमा चारवटा छाप लगाउनुपर्ने भन्ने भनेर मतदातासमक्ष राम्ररी जानकारी नभएको पाइएको बताउँदै महासचिव प्रधानले भन्नुभयो- 'खास गरी समानुपातिकतर्फको मतदान गर्दा कतिपय मतदाताहरू अलमलमा परेको पाइयो। एकैचोटि चारवटा मतपत्रमा मतदान गर्नुपर्दा बदर मतको संख्या बढी भएको हो।'

मत बदरको प्रारम्भिक तथ्याक्रले मतदाता शिक्षाको प्रभावकारितामा प्रश्न खडा भएको राष्ट्रिय निर्वाचन पर्यवेक्षक समितिका अध्यक्ष सूर्यप्रसाद श्रेष्ठले बताउनुभयो। 'निर्वाचनको सम्पूर्ण प्रक्रियामा समानरूपमा सक्रियतापूर्वक समेट्न सकेनन्' -उहाँले भन्नुभयो।

सातवटै प्रदेशमा गरी ९० लाख १९ हजार ४ सय ३० मत मात्र सदर भएको थियो। 'स्थानीय तह निर्वाचनमा १ करोड ४ लाख ३६ हजार ३ सय २५ मत खसेकोमा त्यसको झन्डै ११ प्रतिशत मत बदर भएको थियो।

यस पटक मतदाता शिक्षाका लागि ९५ करोड रुपियाँ तथा विभिन्न तालिमका लागि ४७ करोड ५९ लाख ६३ हजार खर्च विनियोजित गरिएको थियो। आयोगले प्रदेश तथा प्रतिनिधिसभा निर्वाचनमा सुरक्षा तथा व्यवस्थापन तालिमका लागि १० लाख ७३ हजार, निर्वाचनसम्बन्धी सञ्चार तालिममा ७४ लाख ८० हजार, केन्द्रमा दिइने मतदाता तालिमका लागि ९ करोड ८८ लाख ५७ हजार खर्चेको थियो।

चम्पादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिका, ओखलढुंगाको

कार्यालय तथा कर्मचारी आवास भवन निर्माण ठेक्का सम्बन्धि विज्ञापन संशोधन गरी म्याद थप गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति: २०७४।०८।०४

यस चम्पादेवी गाउँपालिकाको कार्यालय र कर्मचारी आवास भवन निर्माणको लागि ठेक्का आह्वान गर्ने मिति : २०७४।०८।०४ गते नेपाल समाचार पत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचनामा e-bidding समेतको लागि भन्ने आसयको विज्ञापन प्रकाशित भएको थियो । तर भर्खरै स्थापित यस चम्पादेवी गाउँपालिकाको कार्यालयमा ईन्टरनेटको व्यवस्था नभएको कारणले सार्वजनिक खरिद अनुगमन कार्यालय सँग समन्वय गरेर हामीले त्यो सुविधा दिन नसकिएको अवस्था यथार्थ हो । यसै अवस्थालाई मध्यनजर गर्दै कागजी प्रक्रियामा काम गर्नुपर्ने भएकोले कार्यालय र ठेकेदार समेतको लागि सार्वजनिक खरिद ऐन तथा नियमावलि र सार्वजनिक खरिद अनुगमनको कार्यालयले गरेको व्यवस्था अनुसार अन्यथा नहुने गरी कार्यसम्पादन गर्नुपर्ने भएकोले यो विज्ञापन संशोधन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचना प्रकाशित गरिएको छ ।

पहिलो पटक विज्ञापन प्रकाशित भएको मितिले ३० औं दिन सम्म फारम खरिद गरि ३१ औं दिनको १२ बजे सम्म फारम दर्ता गरिसक्नु पर्ने र सोही दिन दिउँस २ बजे टेण्डर खोल्ने भनिएकोमा यो सूचना प्रकाशन भए सँग १५ दिन म्याद थप गरिएको व्यहोरा जानकारी गराइन्छ ।

पुनश्च: e-bidding को व्यवस्था नरहेको व्यहोरा जानकारी गराइन्छ ।

थप जानकारीको लागि सम्पर्क नं. ९८५११८२१२८,९८४१०१८६४५

कीर्तिपुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय
सेवा करारमा लिने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७४।०९।०४

यस कीर्तिपुर नगरपालिका कार्यालयको लागि तपशिल अनुसारका नगर प्रहरी कर्मचारीहरू सेवा करारमा लिनु पर्ने भएको हुँदा लोकसेवा आयोगले निर्धारण गरेको फाराम भरी देहायका पदहरूमा प्रथम पटक सूचना प्रकाशित भएको मितिले २१(एक्काईस) दिनभित्र दरखास्त दिन ईच्छुक योग्य उम्मेदवारहरूलाई यो सूचना प्रकाशित गरिएको छ । म्याद नाघि प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन ।

| क.स. | सूचना | पद | माग संख्या |
|---|---|---|---|
| १ | १।२०७४।२०७५ | नगर प्रहरी हवल्दार | १ (एक ) |
| २ | २।२०७४।२०७५ | नगर प्रहरी जवान | ४ (चार ) |

क) योग्यता स्युरक्षा निकाय (नेपाली सेना ,नेपाल प्रहरी र शशस्त्र प्रहरी बल)बाट सेवा निवृत्त नगर प्रहरी हवल्दारको हकमा सम्बन्धित पदमा कम्तिमा ३ (तिन) वर्ष काम गरि विभागिय सजाय नपाएको र प्रहरी जवानको हकमा सम्बन्धित पदमा कम्तिमा १०(दश ) वर्ष काम गरि विभागिय सजाय नपाएको हुनुपर्नेछ ।

ख) उमेरः२०७४ सालको बैशाख १ गते १८ वर्ष पुरा भै ४५ वर्ष ननाघेको हुनुपर्नेछ ।

ग) छनौटका आधार: स्वअन्तरवार्ता

घ) सेवा शर्त सुविधा: स्नगरपालिकाले तोके बमोजिम

ङ) दरखास्त दस्तुर: सूचना नं. १।२०७४।२०७५ को हकमा रू.२००।- र सूचना नं.२ ।२०७४।२०७५ को हकमा रू.१००। को रसिद दरखास्त फारामसंग संलग्न गरि बुझाउनु पर्नेछ ।

च) दरखास्त फाराम बुझाउने अन्तिम म्याद मिति २०७४।०९।२४ गते सोमबारसम्म हुनेछ

छ) अन्तरवार्ता मिति दरखास्त दिने म्याद समाप्त भए पश्चात नगरपालिकाको सूचना पाटीमा टाँस गरिनेछ ।

ज) संलग्न हुनुपर्ने कागजातहरू: नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी,नेपाल मेडिकल काउन्सिलबाट मान्यता प्राप्त चिकित्सकबाट प्रमाणित निरोगिताको प्रमाणपत्रको प्रतिलिपी,अवकाश प्राप्त भएको प्रमाणको प्रतिलिपी र आफुसंग भएको शैक्षीक योग्यताको प्रतिलिपी संलग्न गर्नु पर्नेछ ।

झ) अन्य थप विस्तृत जानकारिका लागि प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ ।

कीर्तिपुर नगरपालिका
फोन.न. ०१४३३११९३, ०१४३३१८०५

### तयार...

प्रादेशिक पाठ्यक्रम तथा जनशक्ती विकास विभागले तालिम दिने, शिक्षकको तालिमको मापदण्ड तयार गर्ने, तालिम र पाठ्यक्रम तथा सामग्रीको विकास गर्ने लगायतका काम गर्ने उल्लेख गरिएको छ। प्रादेशिक शिक्षा निकाय अन्तर्गत सात प्रदेशमा ७ सचिव, २८ सहसचिव, ९८ उपसचिव, लेखाका ७ उपसचिव, १ सय ७५ जना शिक्षा अधिकृत, प्रशासन तर्फका २८ शाखा अधिकृत, २१ जना लेखा अधिकृत,१४ लेखापाल, १४ जना कम्प्युटर अधिकृत, १४ जना कम्प्युटर अपरेटर, १४ जना राप्रअनंधिकृत प्रथम श्रेणीका कर्मचारी, ८४ जना हलुका सवारी चालक, १ सय ३३ जना कार्यालय सहयोगी सहित ७ सय ७० जना कर्मचारी आवश्यक पर्ने संरचनामा उल्लेख गरिएको छ।

### सरकार...

निर्वाचनका क्रममा नै एमाले अध्यक्ष ओलीको अभिव्यक्ति र निर्वाचन सम्पन्न भएपछि एमालेका महासचिव ईश्वर पोखरलको अभिव्यक्तिले माओवादी केन्द्र सशंकित भएको छ। बैठकमा नेताहरूले अध्यक्ष प्रचण्डलाई एमालेसँग पार्टी एकीकरण हुने हो कि पार्टी विलय हुने हो भन्ने प्रश्न गरेका थिए। जवाफमा प्रचण्डले दुई पार्टीबीच सम्मानजक रूपमा नै पार्टी एकीकरण हुने बताउनुभएको एक नेताले बताए। बैठकमा नेताहरूले नयाँ सरकार गठन गर्दा सबै कार्यकारी पद एमालेलाई नदिन पनि प्रचण्डको ध्यानाकर्षण गराएका छन्।

बैठकले पार्टीका नेता नारायणकाजी श्रेष्ठ र नेकपा एमालेका उपाध्यक्ष वामदेव गौतमलाई हटाउन वाम गठबन्धनभित्रैबाट षड्यन्त्र भएको निष्कर्ष निकालेको छ। श्रेष्ठ र गौतम दुवै जना वाम गठन्धनको सूत्राधार मानिन्छन्। प्रतिनिधिसभाको निर्वाचनमा नेताद्वय गौतम र श्रेष्ठ पराजित भएका छन्। बैठकमा पार्टीभित्रको अन्तरघातका कारण श्रेष्ठको हार भएको भन्दै हारको कारण पत्ता लगाउन छानविन समिति गठन गर्न नेताहरूले माग गरेका छन्।

बैठकले राष्ट्रियसभा गठनमा देखिएको अन्योलता राजनीतिक परामर्शबाटै हटाउनुपर्ने निष्कर्ष निकालेको छ। राष्ट्रियसभा गठनसम्बन्धी विवाद राजनीतिक विषय भएकाले यसलाई राजनीतिक सहमतिकै आधारमा समाधान गर्नुपर्ने माओवादी केन्द्रका प्रवक्ता पम्फा भुसालले बताउनुभयो। उहाँले भन्नुभयो- 'राष्ट्रिय सभा गठनमा वर्तमान सरकार अल्झिनुहुँदैन, नयाँ जनमतअनुसार नयाँ सरकार गठन गर्न मार्गप्रशस्त गर्नुपर्छ।'

बैठकले नयाँ सरकार गठनका लागि छलफललाई घनिभूत बनाउने निर्णय पनि गरेको छ। माओवादीले समानुपातिकमा पार्टीको कम मत आउनुमा ६० प्रतिशत स्थानमा उम्मेदवार नहुनु र समानुपातिकतर्फको व्यवस्थित प्रचार नहुनु, प्रत्यक्षतर्फका उम्मेदवारले समानुपातिकमा मत माग्न ध्यान नदिनु, समानुपातिकतर्फको बन्द सूची बुझाउँदा नेताको योग्यता र क्षमताअनुसार भन्दा पनि गुट र नातागत रूपमा सिफारिस गर्नु नै मत कम आउनुको निष्कर्ष निकालेको छ।

बैठकले प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचन सम्पन्न भएकोमा खुसी व्यक्त गर्दै निर्वाचन आयोग, राजनीतिक दल, सुरक्षा अंग, राष्ट्रसेवक कर्मचारी, नेपाल सरकार, कूटनीतिक नियोग र सम्पूर्ण मतदातामा धन्यवाद दिएको छ।

### आन्तरिक...

उहाँले भन्नुभयो- 'काठमाडौंमा तालिम चलाउँदा सबैलाई हवाई भाडा दिनुपर्छ चितवनमा गर्दा गाडी भाडा मात्र दिँदा हुन्छ। यो तालिम सम्पन्न भए लगतै जनवरी देखि १८ महिना लामो सर्भे गर्ने योजना रहेको छ। यो सर्भेपछि अनुमानित तथ्यांकमा काम गर्नुपर्ने हुन्न। सर्भेका लागि विश्व स्वास्थ्य संगठनको स्वीकृति लिनुपर्छ। यतिबेला तिनै सर्भे गर्ने जनशक्तिलाई तालिम दिँदै छौ।'

क्षयरोग केन्द्रले चितवनमा मात्र नभई वुटवलमा पनि क्षयरोगसँग सम्बन्धित अर्को तालिम सञ्चालन भइरहेको क्षयरोग केन्द्रका निर्देशक डा. केसी बताउनुहुन्छ। उहाँको साथमा चितवनमा डा. केसीका साथ संस्थाका दोस्रो हाकिम डा. मोहन प्रसाईं, उपसचिव अनिल थापा, शाखा अधिकृत रीता खतिवडा, नर्स नमुना कार्कीलगायतको टोली रहेको छ।

डा. केसीले पहिलो चरणको चितवनको ३ दिने तालिम सम्पन्न गरी सोमबार बेलुका आफू पनि वुटवल जाँदै गरेको जानकारी गराउनुभयो। वुटवलमा पब्लिक हेल्थका नर्स कमला वाग्ले, अर्का नर्स यशोदा राजभण्डारीलगायतको टोली मल्टिड्रग रेजिस्टेन्टसम्बन्धी तालिम दिनका लागि पुगेको जानकारी गराउनुभयो। सौराह रिसोर्टमा सञ्चालन भएको पहिलो समूहको प्रिविलेन्स सर्भे तालिममा सुदूरपूर्व, पूर्वाञ्चल, मध्यपशिचमाञ्चलका ५० जना रहेका थिए। अब अब मध्यमाञ्चाल र मध्यपशिचमाञ्चलका ५० जना डीटीएलओ र आरटी एलओलाई ४ गते देखि ६ गतेसम्म ३ दिनको तालिम रहेको डा. केसीले जानकारी गराउनुभयो।

डा. केसी थप्नुहुन्छ- 'नेपालमा टीबीको पहिचानका लागि गरिँदै आएको एक्सरे, कफ जाँच, दाग देखेपछि लामो समयसम्म औषधि खुवाउँदै आएकोमा हाल आएर जेनएक्सपर्ट नामक मेसिनको सहायतामा टीबीको ब्याक्टेरियाको परीक्षण गर्ने मेसिन काठमाडौंका ठूला अस्पताल, वीर, पाटन, त्रिवि .शिक्षणलगायत ४३ स्थानमा सुचारु भइसकेको छ। १८ महिनाको सर्भेको लागि बिनान नामक संस्थाको सपोर्टमा प्रथम ब्याचको कार्यक्रम अघि बढाउँछौ।

हाल सम्म मल्टिड्रग रेजिस्टेन्टका १ हजारभन्दा बढी बिरामी रहेका र २४ देखि ३० महिनासम्म औषधि सेवन गर्नुपर्ने हुन्छ। अब सुधारिएको प्रविधिअनुसार विनानको सपोर्ट उपलब्ध औषधि ९ देखि ११ महिना खुवाउँदा पुग्ने भएकाले यो तालिम वुटवलमा दिँदै छौं।'

# विचार

नयाँ संकटपछि मात्र नयाँ प्राप्तिको प्रादुर्भाव हुनसक्छ।
- फ्रेडरिक एङ्गेल्स

सोच, आजको दिन फेरि कहिल्यै आउँदैन।
- दाँते अलिघारे

## सम्पादकीय

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA

# बदर मतले उब्जाएको प्रश्न

निर्वाचनलाई प्रभावकारी र सफल बनाउन मतदाता शिक्षाको अहम् भूमिका हुने गर्दछ । मतदाता शिक्षाले निर्वाचनलाई कर्मकाण्डी मात्र नबनाई मतको सैद्धान्तिक महत्व र मतदाताको चेतनास्तर बढाउन पनि भूमिका खेलेको हुन्छ । यस्तो महत्वको विषयलाई निर्वाचन आयोगले लगातार कर्मकाण्डीरुपमा हचुवाको तरिकाले लिँदै आएको पाइएको छ । सन्र्दभ हो, समानुपातिकतर्फको खसेको कुल मतको झन्डै १० लाख मत बदर हुनु ।

प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनतर्फ ७७ वटै जिल्लामा समानुपातिकको मतगणना सकिएको छ । आयोगका अनुसार समानुपातिकतर्फ खसेको कुल मतमध्ये ९५ लाख ४४ हजार ७ सय ४१ मत सदर भएको छ । खसेको कुल मत १ करोड ५ लाख ८७ हजार ५ सय २१ थियो । खसेको कुल मतको ९ दशमलव ८५ प्रतिशत मत अर्थात् १० लाख मत खेर गएको छ । प्रत्येक मतदाताको हरेक मत महत्वपूर्ण हुन्छ । त्यसैले यो सदर हुनु उत्तिकै जरुरी रहेको छ । अद्यावधिक निर्वाचन भनेको लोकतन्त्रको महत्वपूर्ण प्राण हो। मतदाताको सुझबुझपूर्ण मतले निर्वाचनलाई कर्मकाण्डी र औपचारिकतामा सीमित नगरी लोकतन्त्रको अभ्यासलाई बलियो बनाउँछ। यस अर्थमा १० लाख मत खेर जानुले निर्वाचन शिक्षा अप्रभावकारी र औपचारिकतामा मात्र सीमित भएको स्पष्ट हुन्छ ।

निर्वाचन आयोगले मतदाता शिक्षाका लागि अर्बको हाराहारीमा खर्च गरे पनि ठूलो परिमाणमा जनताको अमूल्य मत खेर गइरहेको छ। सही रूपमा मतदान गर्ने तरिका थाहा नपाउँदा हालिएको मत बदर भएको हो। लाखौं मत बदर भएपछि यसका लागि खर्चिएको रकमको प्रभावकारितामाथि प्रश्न उठेको छ । आयोगले निर्वाचन शिक्षाको नाउँमा राज्यमा पहुँच भएका उही टाठाबाठालाई पोस्ने काम त कतै गरेको होइन र ? भन्ने प्रश्न उब्जिएको छ। यसअघि स्थानीय तहको निर्वाचनमा झन्डै ११ प्रतिशत मत बदर भएको थियो। त्यसबाट सिक्दै आयोगले बेलैमा मतदाता शिक्षा सञ्चालनका लागि हजारौं कर्मचारी नियुक्त गरी खटाएको बताएको थियो । आयोगले मतदाता शिक्षाको नाउँमा खर्चिएको करोडौं रकम बालुवामा पानी खन्याएसरह भएको छ । आयोगले यसलाई अत्यन्त गम्भीरतापूर्वक लिनुपर्दछ ।

मतदाता शिक्षामा जोड दिन नसक्ने हो भने लोकतन्त्रको सही पद्धतिका रुपमा मानिएको निर्वाचन औपचारिकतामा मात्र सीमित हुनेछ। हाम्रो जस्तो देशमा इलेक्ट्रोनिक मतदानको प्रक्रिया सञ्चालन हुन नसक्नुले पनि मत बदरको प्रतिशतलाई बढावा दिएको पाइन्छ । राज्य र आयोगले अबका दिनमा मत बदर रोक्नको लागि इलोक्ट्रोनिक पद्धतिको विकास र विस्तार गर्न आवश्यक छ। त्यसै गरी मतदाता शिक्षामा खटिएका कर्मचारीहरुले पनि इमानदारिताका साथ आफ्नो जिम्मेवारी पूरा गरी मतदतालाई सचेत र सजग बनाउन आवश्यक छ। नभए लोकतन्त्र आवरणमा मात्र सीमित हुने डर सधैँ रहन्छ।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।

email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# विकास-समृद्धिका लागि इच्छाशक्तिको खाँचो



बद्री तिवारी

स्थानीय तह, प्रदेशसभा र प्रतिनिधिसभा/संघीय संसद्को निर्वाचन शान्तिपूर्ण एवम् सफलतापूर्वक सम्पन्न भएपछि मुलुकले राजनीतिको महत्वपूर्ण चरण पार गरेको छ। नेकपा (एमाले) र माओवादी केन्द्रबीचको वाम गठबन्धनले विकास र समृद्धिको नारा दिएर प्रदेश र संघीय संसद्को निर्वाचनमा अत्यधिक स्थानमा विजय प्राप्त गर्न सफल भएका छन् भने नेपाली कांग्रेस, संघीय समाजवादी फोरम र राष्ट्रिय जनता पार्टीले अपेक्षाकृत सफलता हासिल गर्नबाट चुके, त्यसो त चुनावमा जीत-हार हुनु स्वाभाविकै भएकाले यसपटकको नतिजालाई पनि अस्वाभाविक नै मान्नुपर्छ भन्ने छैन। यद्यपि अनपेक्षित नतिजालाई स्वीकार्न गाह्रो हुन्छ नै। आखिर जुन राजनीतिक दलले विजय हासिल गरेका भए पनि लोकतन्त्रको संस्थागत विकास गर्नका लागि आवश्यक पर्ने प्रक्रियाका रूपमा रहेको आवधिक निर्वाचन अत्यन्त शान्तिपूर्ण, स्वतन्त्र र निष्पक्ष हिसाबले सम्पन्न गर्न सक्नु नै एक महत्वपूर्ण उपलब्धि मान्न सकिन्छ। कसले जित्यो, कसले हाऱ्यो भन्दा पनि निर्वाचन हुनसक्छ वा सक्दैन भन्ने आशंका र अनिश्चितताका बीचमा प्रदेश र प्रतिनिधिसभाको निर्वाचन सम्पन्न भएको छ। नेपाल सरकार, निर्वाचन आयोग, राजनीतिक दलहरू र नेपाली जनताको संयुक्त प्रयासमा तीनै तहको निर्वाचन सम्पन्न हुनु भनेको नयाँ संविधानको कार्यान्वयन सफलतापूर्वक अघि बढ्नु हो भन्दा फरक नपर्ला।

यस निर्वाचनसँगै राजनीतिक अस्थिरता तथा मुलुकमा विद्यमान संक्रमणकालीन अवस्थाको अन्त्य भएको मान्न सकिन्छ, पछिल्लो राजनीतिक अवस्थालाई लिएर सकारात्मक टिप्पणीहरू भइरहेकाले जनतालाई पनि अब त केही होला कि भन्नेमा आशावादी तुल्याएको हुनुपर्छ। लामो समयदेखि झन्डै-झन्डै निराशाजनक अवस्थामा पुगेका नागरिकलाई आशावादी तुल्याएर लोकतन्त्रको यात्रामा सँगसँगै हिँडाउन सक्नु चानचुने कुरा होइन।

यसपटक वाम गठबन्धनले विकास र समृद्धिको नारा दिएर मुलुकमा अर्को एउटा नयाँ आशाको किरण बीजारोपण मात्रै गरेन, निर्वाचनमा सफलता नै हात पाऱ्यो। जनतालाई स्थिर सरकार दिने र विकासका कार्यहरूलाई अघि बढाउने बचनबद्धतासँगै नेपाललाई समग्रमा समृद्धशाली बनाउने संकल्प गऱ्यो जनतासामु। विकासका लागि राजनीतिक स्थिरता चाहिन्छ, एकमना सरकार निर्माण गर्न सक्ने स्थिति भएन भने विगतमा जस्तै सांसदहरू बिक्री हुन बेर लगाउँदैनन्, स-साना दल, गुट, समूह तथा व्यक्तिहरूले ठूला दलहरूसँग पद र पैसाको लागि सौदाबाजी गर्न सक्छन् र राष्ट्र तथा जनताको अवस्थाचाहिँ सधैँ जस्ताको त्यस्तै भन्ने वास्तविकतालाई मध्यनजर गर्दै ती सबै प्रकारका विकृतिको अन्त्यका लागि वाम गठबन्धनलाई आफ्नो अभिमत सुम्पेका छन्। वास्तवमै तटस्थ जनता निर्णायक हुन्छन्, उनीहरूले जे चाह्यो त्यही हुन्छ भन्ने कुरा यसपटक पनि प्रमाणित भएको छ। चुनाव जित्ने दलहरूले मात्तिनु र पराजय खेप्नुपरेकाहरूले आत्तिनुको कुनै तुक छैन, किनकि २०६४ सालमा माओवादीलाई पहिलो पार्टी बनाउने जनता तिनै हुन्, जसले माओवादीको कार्यशैलीलाई हेरेपछि २०७० को निर्वाचनमा नेपाली कांग्रेसलाई ठूलो दल बनाए। यसपटक तिनै जनताले एमालेलाई सबैभन्दा ठूलो पार्टी बनाए। त्यसकारण दलका कार्यकर्ता र समर्थकले मात्रै सोचेको परिणाम ल्याउन सक्दैनन्, त्यहाँ निष्पक्ष एवम् तटस्थ जनताको हात ठूलो हुन्छ- कसलाई जिताउने र कसलाई प्रतिपक्षीमा राख्ने ? त्यस्ता जनताको मत दल वा व्यक्ति हेरेर होइन कि उनीहरूले गर्ने कामप्रति लक्षित हुन्छ। काम गरेर देखाए भने ती दलहरू पुनः पछि पनि निर्वाचित हुनसक्छन् र काम देखाउन सकेनन् भने उनीहरू त्यत्तिकै बिलाउँछन्।

> वाम गठबन्धनले अब विकास र समृद्धिको नारालाई व्यवहारमा उतारेर जनतालाई विश्वास दिलाउनुपर्छ कि उनीहरू राष्ट्र र जनताका लागि, अझ विकास र समृद्धिका लागि राजनीति गरिरहेछन्। हुन पनि राजनीतिका लागि विकासको नारा दिनेहरूलाई भन्दा विकासका लागि राजनीति गर्नेहरूलाई बढी विश्वास गर्दछन् जनताले।

त्यसकारण वाम गठबन्धनले अब विकास र समृद्धिको नारालाई व्यवहारमा उतारेर जनतालाई विश्वास दिलाउनुपर्छ कि उनीहरू राष्ट्र र जनताका लागि, अझ विकास र समृद्धिका लागि राजनीति गरिरहेछन्। हुन पनि राजनीतिका लागि विकासको नारा दिनेहरूलाई भन्दा विकासका लागि राजनीति गर्नेहरूलाई बढी विश्वास गर्दछन् जनताले।

चुनावी घोषणापत्रमा विकास र समृद्धिको सवाल मात्र उठाइएको छ तर कसरी विकास गर्ने तथा समृद्धिका लागि के र कस्ता नीति तथा कार्यक्रम निर्माण गर्नुपर्छ भन्ने कुराहरू राम्रोसँग परिभाषित हुन सकेको छैन। त्यसैले जनतामा पूर्ण विश्वास जगाउन अब बन्ने गठबन्धन सरकारले स्पष्ट पार्नु आवश्यक छ। सर्वप्रथम विकास भनेको के हो, समृद्धि भनेको के हो, विकास र समृद्धिका लागि के-के काम गर्नुपर्छ वा कस्ता उपायहरू अवलम्बन गर्नुपर्दछ भन्नेलगायत विविध पक्षलाई समेटेर परिभाषित गर्नु आवश्यक देखिन्छ।

सामान्यतया विकास भन्नेबित्तिकै विद्यमान अवस्थाको सकारात्मक परिवर्तन, उन्नति, प्रगति वा सुधारात्मक स्थितिलाई जनाउँछ। अतः यस अवस्थामा सरकारले केको विकास गर्ने हो ?, पूर्वाधार निर्माण, शिक्षा, स्वास्थ्य, खानेपानी, सूचना प्रविधि, कृषि, उद्योग, जलविद्युत्, रोजगारी, गरिबी निवारण, लगानी, मानव विकास वा चौतर्फी विकासलाई समेट्ने तथा परिभाषित गर्ने काम गर्नु आवश्यक छ। त्यस्तै समृद्धि भन्नेबित्तिकै विकाससँगै जोडिने प्रसंग हो, यो प्राप्तिका लागि विकास नै पहिलो सर्त हो भन्ने कुरामा विमति नहोला। यी दुवैलाई सँगसँगै अघि बढाउनुपर्दछ।

देशमा विकास गर्छु भन्ने नेता, मन्त्री तथा योजनाविद्हरूको कहिल्यै कमी रहेन, सबैले विकासकै नारा दिए तर दुर्भाग्य नै भन्नुपर्ने हुन्छ, अधिकांशले भनेको कुरा पुऱ्याउन सकेनन्। नेपालमा योजनाबद्ध विकासको कुरा गर्ने हो भने यो वि.सं. २०१३ देखि शुरु भएको पाइन्छ। ९ वटा पञ्चवर्षीय र ३ वटा त्रिवर्षीय योजनाहरूको समय सकिइसकेको छ। विभिन्न समयमा शुरु भएका, सञ्चालन भएका तथा अधिकांश स्थगित र असफल भएका योजनाहरूको सूची धेरै लामो छ। आखिर अहिले पनि हामी जे-जस्तो अवस्थामा छौं त्यो अवस्थामा ल्याउनका लागि धेरथोर तिनै योजनाहरूले योगदान पुऱ्याएको जश दिन कञ्जुस्याइँ गरिरहनुपर्दैन। यद्यपि लक्षित उद्देश्यहरू सबै पूरा नभएको अवस्थामा योजना कार्यान्वयन गर्ने पात्रहरूको कमजोरीलाई पनि औंल्याउनु आवश्यक छ।

वर्तमान वास्तविकतालाई हेर्ने हो भने, यतिखेर स्वदेशमा रोजगारी पाउन नसकेपछि लाखौं युवा वैदेशिक रोजगारीको नाममा विदेशिन बाध्य भएका छन्। व्यापार घाटा खर्बौं रुपियाँ हुँदा पनि कुनै उपायले काम गर्न सकेको छैन। कृषिप्रधान देश भनेर कहलिए पनि कृषि शिक्षा लिएका, तालिमप्राप्त जनशक्ति बेरोजगार बनेको अवस्था छ। व्यापारको नाममा विदेशी वस्तुको बिक्री वितरण मात्रै हुँदा खाली उपभोक्ता बजार निर्माणको काम मात्रै भइरहेको छ। नेपाली उपभोक्ता बजारबाट खर्बौंखर्ब रुपियाँ बाहिरिन्छ, हामी आफ्ना उत्पादनको मतलब राख्दैनौं, विदेशी सामान खरिद गरेर उपभोग गर्नमा बडप्पन महसुस गर्छौं भने कसरी आयात प्रतिस्थापन हुनसक्ला ? निकै विचारणीय प्रश्न खडा भएको छ। शिक्षा क्षेत्र त्यस्तै छ, अनुत्पादक शिक्षा दिएर युवा जमातलाई भीरको चिण्डो बनाउने काम भएको छ। त्यसकारण कुनै पनि क्षेत्र त्यस्तो छैन जहाँबाट सन्तोष लिन मिलोस्। यी र यस्तै खालका समस्याले हाम्रो नेपाली समाजलाई नराम्ररी जकडेको हुनाले यसबाट पार पाउनका लागि विशेष नीति तथा कार्यक्रमका साथ योजनालाई कार्यान्वयन गर्न सकिएमा विकास गर्न सकिनेछ। अझ भनौं, दलका घोषणापत्रमा भएकामध्ये ५० प्रतिशत मात्रै पूरा भइदिए पनि देशको कायापलट हुनेछ।

साँच्चै देश विकास गर्ने हो भने, मुलुकमा विद्यमान योजना तथा नीतिलाई मात्रै कार्यान्वयनको रूप दिने हो भने यसले धेरै हदसम्म विकासका लक्ष्यहरूलाई चुम्न सक्छ। यसै प्रसंगमा नेपालको विकासको लागि देशको विदेशी लगानी नीतिको दीर्घकालीन लक्ष्य उल्लेख गर्नु सान्दर्भिक नै हुनेछ, जसमा 'राष्ट्रिय प्राथमिकताका क्षेत्रहरूमा विदेशी पुँजी, प्रविधि, सीप र ज्ञान आकर्षित गर्दै आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनको माध्यमबाट व्यापार सन्तुलन कायम गरी राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धात्मक र गतिशील बनाउने' उल्लेख छ। यस नीतिले इंगित गरेका राष्ट्रिय प्राथमिकताका क्षेत्रहरू खासगरी पाँचवटा रहेका छन् :

जलविद्युत् (उत्पादन र प्रसारणसमेत), यातायात क्षेत्रको पूर्वाधार विकास (द्रुतमार्ग, रेलवे, टनेल, केबुलकार, मेट्रो रेल सेवा, फ्लाइओभर र अन्तर्राष्ट्रिय विमानस्थलहरू), कृषिजन्य, खाद्य प्रशोधन तथा जडिबुटी प्रशोधन उद्योग, पर्यटन उद्योग र खानीजन्य एवम् उत्पादनमूलक उद्योग।

उल्लिखित क्षेत्रहरूमा विदेशी लगानी भित्र्याउन सकेमा वास्तवमै मुलुकको विकासले फड्को मार्ने कुरामा शंका छैन। यद्यपि स्थिर सरकार, प्रतिबद्ध नेतृत्व, समयानुकूल नीति नियमको परिवर्तन, औद्योगिक शान्ति, सौहार्दपूर्ण श्रमसम्बन्ध, लगानीकर्तालाई लगानी सुरक्षाको प्रत्याभूतिजस्ता विविध पक्षहरूको व्यवस्थापनको अभावमा जतिसुकै नीति बनाए पनि सफलता प्राप्त गर्न सकिँदैन।

हाम्रा नेता तथा योजनाविद्हरूमा आत्मविश्वास र इच्छाशक्ति भयो भने विकास र समृद्धिको सवालमा कुनै अप्ठेरो आउनेछैन। एउटा सानो तर महत्वपूर्ण प्रसंग- उल्लिखित नीतिलाई पालना गर्ने क्रममा विचार पुऱ्याउनै पर्ने कुरा भनेको नेपालमा उत्पादन हुने अर्थात् यहाँ उपलब्ध वस्तु तथा उत्पादनलाई प्रतिस्थापन गर्ने गरी आयात गर्न प्रतिबन्ध नै लगाउनुपर्दछ। आफ्नो उत्पादनको बजारलाई नै ध्वस्त बनाउने, नेपाली किसान तथा उद्यमीहरूलाई नै हतोत्साहित तुल्याउने र कमिसनको लागि विदेशी वस्तु तथा उत्पादनलाई छुट दिने परम्परालाई अन्त्य नै गर्ने साहस सरकारमा हुनुपर्दछ ताकि सरकारी नीतिकै कारण नेपालीहरू नै पीडित बन्ने अवस्था नआओस्। त्यसकारण आवश्यकताअनुसार समयानुकूल नीति नियमहरू परिवर्तन गर्नुगर्दछ। देशलाई आत्मनिर्भर बनाउनका लागि स्वदेशी उत्पादनमा जोड दिएर नेपालीहरूलाई आफ्नै उत्पादन उपभोग गर्न लगाउने अभियान नै शुरु गर्नुपर्दछ। आर्थिक उदारीकरण, खुल्ला बजार अर्थतन्त्रजस्ता नीतिलाई केही समय सरकारको निगरानीमा राखेर स्वदेशी कृषि, कृषिमा आधारित उद्योग र अन्य औद्योगिक उत्पादनलाई निर्यात गर्नका लागि विशेष पहल आवश्यक छ। त्यसका अतिरिक्त विदेशमा माग भएका वस्तुहरूको उत्पादनलाई जोड दिनुपर्दछ। त्यसका लागि विदेशस्थित दूतावाहरूमार्फत आर्थिक कूटनीति, ब्रान्ड एम्बेसेडर तथा वाणिज्य दूतावाहरूमार्फत प्रचारप्रसार तथा बिक्री वितरणको व्यवस्था मिलाउन सक्नुपर्दछ।

साथै स्वदेशी उद्योग तथा कलकारखानामा लगानी गर्नका लागि यहाँ रकमको खाँचो हुँदैन भन्ने कुरा बुझ्नु आवश्यक छ, किनकि विश्वासिलो ठाउँमा लगानी गर्न नपाएर साना लगानीकर्ता तथा सर्वसामान्य नागरिकहरू किंकर्तव्यविमूढको अवस्थामा छन्। बेलाबखत शेयर खरिदका लागि सूचना आह्वान गर्दा आवेदकहरूको घुइँचो लाग्ने र मागभन्दा पचासौं गुणा आवेदन पर्ने गरेको यथार्थलाई हेर्दा लगानीका लागि मानिसहरू कति आतुर छन् भन्ने देखिन्छ। हो, यसैलाई अब बन्ने सरकारले अवसरका रूपमा लिएर उद्योगहरू सञ्चालन गर्न सकेमा विकास, रोजगारी र समृद्धिका नारालाई वास्तविकतामा परिणत गर्न सकिन्छ।

दबमचषउतरकबषी अक साथै स्वदेशी उद्योग तथा कलकारखानामा लगानी गर्नका लागि यहाँ रकमको खाँचो हुँदैन भन्ने कुरा बुझ्नु आवश्यक छ, किनकि विश्वासिलो ठाउँमा लगानी गर्न नपाएर साना लगानीकर्ता तथा सर्वसामान्य नागरिकहरू किंकर्तव्यविमूढको अवस्थामा छन्। बेलाबखत शेयर खरिदका लागि सूचना आह्वान गर्दा आवेदकहरूको घुइँचो लाग्ने र मागभन्दा पचासौं गुणा आवेदन पर्ने गरेको यथार्थलाई हेर्दा लगानीका लागि मानिसहरू कति आतुर छन् भन्ने देखिन्छ। हो, यसैलाई अब बन्ने सरकारले अवसरका रूपमा लिएर उद्योगहरू सञ्चालन गर्न सकेमा विकास, रोजगारी र समृद्धिका नारालाई वास्तविकतामा परिणत गर्न सकिन्छ।

badript@gmail.com

## पाठक पत्र

### ट्राफिक प्रहरीको अर्को राम्रो काम




सार्वजनिक सवारीसाधनमा चढ्दा बलिया व्यक्ति जबर्जस्ती चढेर सिटमा बस्ने र बालबालिका, वृद्ध, अशक्त, महिला र सुत्केरीले सिट नपाएपछि महानगरीय ट्राफिक प्रहरी महाशाखाले लाम बसेर सवारी चढ्ने व्यवस्था मिलाउन लागेको छ। यो एकदमै राम्रो कामका रूपमा मैले लिएको छु। सर्वेन्द्र खनाल ट्राफिक प्रहरी प्रमुख बनेपछि केही हदसम्म जाम कम भएको, मापासे कम भएको र ट्राफिक नियम पालना भएको देखिरहेको समयमा फेरि आरक्षण सिटमा समस्या देखिएको भन्दै नयाँ नियम लागू भएको छ।

उपत्यकाका १० स्थानमा लाम लागेर सवारी चढ्ने व्यवस्था मिलाएको छ। यसलाई विस्तार गरेर धेरै ठाउँमा लैजानुपर्छ। शुरुवातमा १० स्थान गराउनु पनि राम्रो हो। यसलाई कार्यान्वयन मुख्य चुनौती रहेको छ। यसका लागि सर्वेन्द्र खनालले विशेष ध्यान दिएर काम गर्नु जरुरी रहेको छ। एनएसी, रत्नपार्क, भृकुटीमण्डप, सामाखुशी, बानेश्वर, कोटेश्वर, कुपण्डोल, जडीबुटी र चाबहिल मात्रै नभएर अन्य स्थानमा पनि यो व्यवस्था लागू गर्न प्रहरीले काम शुरु गरिहाल्नुपर्छ।

लाम बस्ने व्यवस्थाले मानिस उकाल्न तथा ओराल्न सहज हुन्छ। मानिस एक मिनेट भए पनि चाँडो गन्तव्यस्थलमा जान खोज्दा सवारी भीड हुने गर्छ। यस व्यवस्थाबाट अलि कम सास्ती हुने देखिन्छ। त्यति मात्रै हैन, बस कहाँ पाइन्छ भन्नेबारे सूचनापाटी नराख्दा यात्रु अन्योलमा परेको देखिएको छ। यसमा पनि खनालको ध्यान जान जरुरी रहेको छ।

*- पुष्प अधिकारी, ओखलढुंगा*

### देउवा, नैतिकताका आधारमा राजीनामा देऊ

पञ्चायतकालीन प्रधानमन्त्री कीर्तिनिधि विष्टले सिंहदरबारमा आगलागी हुँदा नैतिकताको आधारमा राजीनामा दिएका थिए। दशरथ रंगशालामा ढोकामा चेपिएर धेरै जनाको ज्यान गएपछि त्यति बेलाका शिक्षामन्त्री केशरबहादुर विष्टले पनि राजीनामा दिए। नेपालका प्रधानमन्त्री शेरबहादुर देउवा अहिले आफू नेतृत्वको पार्टी नेपाली कांग्रेसले हालै सम्पन्न निर्वाचनमा २३ सिट मात्र जितेर तेस्रो स्थानमा पुगेको छ। तर पनि उनी राजीनामा दिएर मार्गप्रशस्त गर्नेतिर नलागी मनपरि निर्णय गर्दै छन्।

लज्जास्पद पराजय भएको हुँदा पनि प्रम देउवाले नैतिकताको आधारमा राजीनामा दिएका छैनन्। उनी के आधारमा अझै पनि पदमा बसिरहेका छन् ? जनताले प्रश्न उठाइरहेका छन्। उनीसँग नैतिकता नभएर पनि यस्तो गरेको आँकलन भइरहेको छ। हालै सम्पन्न निर्वाचन परिणामबाट वाम गठबन्धनले दुई तिहाइ बहुमत प्राप्त गरेको छ। यस अर्थमा उनीहरू ताजा जनादेशसहित सिंहदरबारमा कब्जा जमाउने हकदार बनेका छन्।

अब छिटोभन्दा छिटो अल्पमतमा रहेको कांग्रेस सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवाले राजीनामा दिएर ताजा जनादेशप्रति सम्मान व्यक्त गर्न सक्नुपर्दछ। जनताको मतको कदर गर्न सक्नुपर्छ। सचेत नेपाली जनता अहिले प्रम देउवाको अग्निपरीक्षा गरिरहेका छन्। उनी अहिले हारलाई स्वीकार्दै जनतामाझ गएमा फेरि नेपाली जनताले सोच्ने अवस्था आउन सक्छ। नत्र देउवाको यो पाराले कांग्रेसलाई ठूलै घाटा हुने निश्चित छ। कांग्रेस नेतृत्वको अक्षमता र गुट/उपगुटको गम्भीर कारणले नै कांग्रेस पार्टीले लज्जास्पद हार व्यहोर्नुपरेको कुरा घामजस्तै छर्लंग छ। तसर्थ, छिटोभन्दा छिटो प्रम पदबाट राजीनामा दिएर बचेखुचेको इज्जत जोगाउनुमा नै देउवाको कल्याण हुनेछ। देउवाले बचेको इज्जत बचाउन भए पनि त्यो कुर्सी छाड्न जरुरी छ।

*- हरिकृष्ण खड्का, हेटौंडा*

### लागूऔषधको रूपमा औषधि प्रयोग नहोस्

बिरामीलाई दिने औषधि अनुमतिपत्र (प्रेसक्रिप्सन)को दुरूपयोग भएको देखिएको खबर समाचारमा आउन थालेको छ। खासगरी बिरामीको उपचारका लागि दिइएका केही औषधि लागूऔषधको रूपमा प्रयोग भएको देखिनु गम्भीर कुरा हो। चिकित्सकको प्रेसक्रिप्सनविना प्रयोग गर्न नपाइने नार्कोटिप औषधि बिरामीले भन्दा पनि बिरामीको बहानामा लागूऔषध प्रयोगकर्ताले सेवन गर्ने गरेको विषयमा सबै पक्ष गम्भीर भएर लाग्नुपर्छ। यसको दुरूपयोग हुन नदिन काम शुरु गर्न जरुरी छ।

मानसिक रोगी, अनिद्रा, नसाका बिरामी आदिका लागि प्रयोग हुने औषधि लागूपदार्थको रूपमा दुरूपयोग भएको हो। यस्ता औषधि जथाभावी बिक्री गर्न नपाइने व्यवस्था भए पनि मेडिकलबाट बिक्री भइरहन्छन्। यसलाई पहिले नियन्त्रण गर्नुपर्छ। यसो त कतिपय औषधि विक्रेताले लगत राख्ने गरे पनि आफन्तकै नाममा युवाहरू औषधि लिन आउने भएकाले रोक्न नसकिएको पनि समस्या हुन सक्छ। सरकारले चिकित्सकको सल्लाह र निगरानीबाहेक यस्ता औषधि बिक्री गर्न नपाइने भने पनि मेडिकलबाट अन्य औषधिसरह बिक्री भइरहेकाले समस्या देखिएको छ। सरकारी अस्पतालबाट यसको दुरूपयोग नभएको र मेडिकलबाट दुरूपयोग भएको पनि देखिएको छ।

*- सुरेन्द्र केसी, पाल्पा*

## सामाजिक सञ्जाल



जनमतले कांग्रेसलाई प्रतिपक्षको भूमिकामा पुऱ्याइसकेपछि पनि फेरि प्रचण्डलाई प्र.म. बनाउने कुरा गरेर दुनियाँको अगाडि निर्वस्त्र बन्ने कुनै पनि कांग्रेस नेताले चेष्टा नगरोस्।

**Dhan Raj Gurung**
**@dhanrgrg**



अब वाम गठबन्धनले विभिन्न भाषा, धर्म, क्षेत्र, वर्ग, सम्प्रदाय, लिंग, समुदाय, हिमाल, पहाड, मधेस सबैतिरका जनतालाई एकताबद्ध गराएर राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गराउन सक्नुपर्छ।

मनोज रेग्मी
**@Qri9E**



# अर्थ

आयोजनाले दैनिक १० घर परिवारलाई गरी मासिक २ सय ५० परिवारलाई मुआब्जा  वितरण गरिने व्यवस्था मिलाएकाले आउँदो वैशाख जेठसम्ममा मुआब्जा वितरण गरेर सकिने प्रमुख शर्माले बताउनुभयो। तर, किसानले दुई महिनाभित्रै सबै मुआब्जा माग गरी आन्दोलन गरिरहेका छन्।

# जग्गा अधिग्रहणमा परेका किसान आन्दोलित

यमलाल भुसाल, बुटवल

भैरहवामा निर्माणाधीन गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल बनाउन जग्गा अधिग्रहणमा परेका किसानले सहज र छिटो मुआब्जाको रकम पाउनुपर्ने भन्दै आन्दोलनमा उत्रिएका छन्। केही दिनदेखि आन्दोलित किसानले सोमबार बिहानैदेखि निर्माणाधीन धावनमार्गको काम ठप्प पारी आयोजनास्थलमा निर्माण सामग्री लैजानसमेत अवरोध पराएका छन।

आयोजनाले मुआब्जा सहज रुपमा उपलब्ध गराउनेतर्फ सहजीकरण नगरेको, मुआब्जा लिनका लागि आवश्यक कागजात पेश गर्दा मालपोत, नापी, वनलगायतका कार्यालयका कर्मचारीले धेरै दिनसम्म अल्भ्काएर दु:ख दिने गरेको, केही कर्मचारीले किसानसँग अतिरिक्त पैसा माग्ने गरेको, चाँडो मुआब्जा उपलब्ध गराइदिने भन्दै बिचौलियाले कमिसन माग्ने गरेको आन्दोलित किसानले आरोप लगाएका छन्।

> मुआब्जा वितरणमा कर्मचारी र बिचौलियाले दु:ख दिने गरेको आरोप किसानको छ।

आन्दोलनरत किसानले मुआब्जा प्रक्रिया चाँडो र सहज रुपमा उपलब्ध गराइनुपर्ने माग राख्दै आए पनि कुनै सुनुवाई नभएको र मुआब्जा पाउनका लागि किसानले महिनौंसम्म धेरै कार्यालय धाउँदा पनि पाउन नसकेको गुनासो गरेका छन्।

जग्गा अधिग्रहणमा परेपछि जोतभोग पनि गर्न नपाइने र मुआब्जा पनि नपाइनाले आर्थिक समस्यामा परेको भनाइ आन्दोलित किसानको छ। डेढ महिना अघि पनि उनीहरू यही माग राखेर आन्दोलित भएका थिए। गौतम बुद्ध विमानस्थललाई सम्पूर्ण भौतिक पूर्वाधारसहितको अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप निर्माणका लागि पछिल्लोपटक थप ५ सय बिगाहा जमिन अधिग्रहण गरिएको हो।

अधिग्रहणपश्चात् गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको क्षेत्रफल ७ सय ८७ बिगाहा कायम भएको छ। पछिल्लोपटकको घर जग्गासहित जग्गा अधिग्रहणमा पर्नेको संख्या २ हजारभन्दा धेरै रहेका छन्। किसानको मुआब्जाका लागि आयोजनाले करिब २३ अर्ब रुपियाँ वितरण गर्नुपर्ने भएको छ।

हालसम्म आयोजनाले करिब ४ सय घर परिवारलाई मुआब्जा वितरण गरेको जनाएको छ। आयोजनाका  प्रमुख ओम शर्माले हालसम्म करिब ७० बिगाहा जमिनका लागि साढे ३ अर्ब रुपियाँ वितरण गरेको बताउनुभयो।

उहाँका अनुसार नापी कार्यालयमा आवश्यकता अनुरुप जनशक्ति नहुँदा जग्गा छुट्याउन समय लाग्ने गरेकाले किसानले मुआब्जाका लागि धेरै दिन कुर्नु परेको बताउनुभयो।

चाँडो मुआब्जा उपलब्ध गराउन विमानस्थलको मात्रै काम गर्ने गरी ५ जना सर्वेक्षकको टिम उपलब्ध गराउन भनेर नापी विभागसंग पत्राचार गरी माग गरेको आयोजनाका प्रमुख शर्माले बताउनुभयो।

## PRESS RELEASE

### हिरोको १ लाख जित्ने छैठौं विजेता घोषित

काठमाडौं, (नेस)

नेपालको लागि हिरो मोटरसाइकलको आधिकारिक बिक्रेता नेपाल जेनरल मार्केटिङ प्रालिले दशैं र तिहारको उपलक्ष्यमा दशैं र तिहारमा 'भाग्य मनी भए' भन्ने नयाँ योजनाअन्तर्गत बम्पर लक्की ड्रमा कामेश्वर हुजेडारले एक/एक लाख नगद जितेका छन्।




यस योजनाअन्तर्गत हिरो मोटरसाइकल तथा स्कुटर किन्ने ग्राहकले ६ हजार रुपियाँ पक्का डिस्काउन्ट, स्क्रयाच कार्ड मार्फत् १ हजारदेखि १ लाख रुपियाँसम्म पाउन सक्ने र साप्ताहिक बम्पर लक्की ड्र उपहार स्वरुप एक जनाले १ लाख रुपियाँ नगद पाउने छन्।

### मेगा बैंकले लघुवित्तमा लगानी बढाउने

काठमाडौं, (नेस)

मेगा बैंक नेपाल लिमिटेडले विपन्न वर्गका लागि गर्दै आएको लगानी चालू आर्थिक वर्षको अन्त्यसम्ममा चार अर्ब रुपियाँ पुऱ्याउने भएको छ। मेगा बैंक नेपाल लिमिटेडकी कायममुकाम प्रमुख कार्यकारी अधिकृत अनुपमा खुञ्जेलीले चालू आर्थिक वर्षको अन्त्यसम्ममा ४ अर्ब रुपियाँ विपन्न वर्गमा लगानी गर्ने बताउनुभएको हो।

मेगा बैंकको लघुवित्त इकाईले देशभरका ५० वटा लघुवित्त संस्थाका प्रमुख कार्यकारी अधिकृतसँग गरेको अन्तरक्रिया कार्यक्रममा कामु सीईओ खुञ्जेलीले भन्नुभयो-'अहिलेसम्म हामीले विपन्न वर्गका लागि २ अर्ब ४६ करोड रुपियाँ लगानी गरिसकेका छौं। बाँकी रकम पनि यसै आर्थिक वर्षको अन्त्यसम्ममा लगानी भइसक्नेमा हामी ढुक्क छौं।'

कार्यक्रममा लघुवित्त विज्ञ डा. नरहरि ढकालले लघुवित्त संस्थाले सञ्चालन खर्च कम गर्न सूचना प्रविधिको प्रयोगमा जोड दिनुपर्ने बताउनुभयो। अर्का लघुवित्त विज्ञ मेघराज गजुरेलले लघुवित्त संस्थाले कर्मचारीको उत्पादकत्व बढाउनुपर्ने बताउनुभयो।

लक्ष्मी लघुवित्त वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत प्रकाशराज शर्माले विगत २५ वर्षदेखि वाणिज्य बैंकले लघुवित्त संस्थालाई गरेको थोक कर्जा शतप्रतिशत असुली भएको जानकारी दिनुभयो।

थोक कर्जामा कुनै जोखिम नभएको भन्दै उहाँले ढुक्क भएर लघुवित्त संस्थामार्फत् विपन्न वर्गमा कर्जा लगानी गर्न वाणिज्य बैंकहरूलाई आग्रह गर्नु भयो।

नेपाल राष्ट्र बैंकले बाणिज्य बैंकलाई अनिवार्य रुपमा ५ प्रतिशत रकम विपन्न वर्गमा लगानी गर्न निर्देशन दिएको छ। तर, मेगा बैंकले अहिले नै करिब ७ प्रतिशत लगानी गरिसकेको छ भने चालू आर्थिक वर्षमा करिब १० प्रतिशत पुऱ्याउने लक्ष्य लिएको छ।

### डिस होमले पायो 'इमर्जिङ ब्रान्ड अवार्ड'

काठमाडौं, (नेस)

डिस होमले 'इमर्जिङ ब्रान्ड अवार्ड' प्राप्त गरेको छ। यसका साथै डिस होमका प्रमुख कार्यकारी अधिकृत सुदीप आचार्यले सीईओ अफ द इयर, २०१७ को आवार्ड समेत प्राप्त गर्नुभयो।

थाइल्यान्डको सीएसआर, थट लिडर्स, सीएमओ र स्टार ग्रुपको आयोजनामा भएको उक्त कार्यक्रममा डिस होमलाई २ महत्वपूर्ण अवार्ड प्राप्त भएको हो।

विश्वको विभिन्न देशमा ब्रान्ड र यस सम्बन्धी कार्यक्रम गरी अवार्ड प्रदान गर्दै आएको सीएसआर, थट लिडर्स, सीएमओ र स्टार ग्रुपले नेपालमा पनि सो कार्यक्रम आयोजना गरेको हो।






# रोजगार मुद्दाका एक फरार पक्राउ

काठमाडौं, (नेस)

नेपालले प्रहरीले वैदेशिक रोजगार ठगी मुद्दाका एक फरार अभियुक्तलाई पक्राउ गरेको छ। प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले २ वर्षदेखि फरार रहेका लमजुङका हरिबहादुर पाण्डेलाई सोमबार बाँसबारीबाट पक्राउ गरेको हो।

फरार अभियुक्त पाण्डेलाई प्रहरीले पक्राउ गरी फैसला कार्यान्वयनको लागि काठमाडौं जिल्ला अदालतमा पेश गरेको थियो। अदालतले कैद भुक्तानको लागि पाण्डेलाई कारागार कार्यालय डिल्लीबजार पठाएको छ। पाण्डेलाई वैदेशिक रोजगार न्यायाधिकरणले दुई वर्षअघि २ वर्ष कैद तथा २ लाख रुपियाँ जरिवाना हुने निर्णय सुनाएको थियो।

पाण्डेले वेलकम इन्टरनेसनल एजुकेसन प्रालिको नामको कम्पनी खोली पपुवा न्युगिनि पठाउने भन्दै २७ लाख ४५ हजार रुपियाँ ठगेको प्रहरीले जनाएको छ। पाण्डेले उक्त मुलुकमा नपठाएको तथा लिएको रकमसमेत फिर्ता नगरी फरार रहेको जनाएको छ।








ज्योति हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७५.३५ | ७७.८५ | ७७.६५ | ८७.२२ |
| बीरगंज | ७५.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७३.४५ | ७५.९४ | ७५.७५ | ८५.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७३.९५ | ७६.४४ | ७६.२५ | ८६.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • ५०० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला। तौलमा हुक र चुरा समावेश छ।

RHINO GUARANTEED DUCTILITY Fe 500D

बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरू | राईनो स्टील | | | |
|---|---|---|---|---|
| | ८ एम.एम | १०-२० एम.एम | २५ एम.एम | २८-३२ एम.एम |
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | ७८ | ७५ | ७८ | ७८ |
| सिमरा, वीरगञ्ज, कलैया, हेटौंडा | ७६/४० | ७३/४० | ७६/४० | ७६/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७७ | ७४ | ७७ | ७७ |
| लाहान, विराटनगर, धरान, इटहरी, बुटवल, भैरहवा, कृष्णनगर | ७७ | ७४ | ७७ | ७७ |
| विर्तामोड, दमक, नेपालगञ्ज, धनगडी | ७८ | ७५ | ७८ | ७८ |
| पोखरा, स्याङजा | ७८ | ७५ | ७८ | ७८ |

नोट: उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के. जी. अन्तशुल्क र १३% मु.अ.कर थप लाग्नेछ ।
नेपालमा पहिलो पटक, नेपालकै लागि
NS:191 IS : 1786
Available at Samakhushi (01-4384786), Swayambhu (9841356008), Satungal (9841687562), Dhumbarai (01-446169) Sanepa ( 01-5525049 / 01-5555259), Bhaktapur (01-6616205), Banepa (9851054994), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467)

# अर्थ

# स्वदेशी लगानीमै कसरी बन्न सक्छ बूढीगण्डकी ?

**नेपाल समाचारपत्र**

काठमाडौं

बूढीगण्डकी जलविद्युत् आयोजना निर्माण सम्बन्धमा लगानीको खाका तयार गर्न गठित समितिले आयोजना निर्माणका लागि लगानी बाँडफाँड तथा व्यवस्थापनका लागि ११ वटा शीर्षक छुट्याएको छ। ती शीर्षकमार्फत् लगानी संकलन गर्दा आठ वर्ष अवधिमा २ खर्ब ७० अर्ब रुपियाँदेखि ३ खर्ब ६७ अर्ब रुपियाँ संकलन हुने देखिन्छ।

हाल सरकारको स्रोत (पूर्वाधार कर र कार्बन करसमेत) का साथै नेपाल विद्युत् प्राधिकरण, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, राष्ट्रिय बीमा संस्थान, राष्ट्रिय बीमा कम्पनीलगायत जलविद्युत् लगानी तथा विकास कम्पनी, नेपाल टेलिकम, नेपाली सेना, नेपाल प्रहरीमा रहेको कोषबाट लगानी गर्न सकिन्छ। यसका साथै केही मात्रामा सर्वसाधारण एवम् गैरबैंकिङ वित्तीय संस्थाहरूको लगानीसमेत आकर्षित गर्न सकिने पनि प्रतिवेदनमा उल्लेख छ।

बूढीगण्डकी जलाशययुक्त आयोजना निर्माणका लागि वार्षिक रूपमा बजेट विनियोजन गर्ने तथा पेट्रोलियम इन्धनमा लगाइने र कार्बन करसमेतलाई स्वदेशी स्रोत सम्भाव्यताको प्रमुख आधार मानिएको छ। स्वदेशी लगानीबाट निर्माण गर्न सरकारले पेट्रोलियम इन्धन आयातमा लगाउँदै आएको ५ रुपियाँ प्रतिलिटर पूर्वाधार र कार्बन करलाई बलियो आधारका रुपमा लिइएको छ। नेपालमा पेट्रोलियम इन्धन खपतको विगत १० वर्षको तथ्यांकअनुसार प्रत्येक वर्ष करिब १५ प्रतिशत वृद्धि भएको देखिन्छ। सोही आधारमा आगामी १० वर्षमा पेट्रोलियम इन्धनको खपतको वृद्धिदर १० प्रतिशत प्रतिवर्ष मात्र हुने प्रक्षेपण गर्ने हो भने पनि करिब १ खर्ब ६४ अर्ब रुपियाँ पूर्वाधार करवापतको रकम जम्मा हुने देखिन्छ।

त्यसैगरी सरकारले लगानी गरेका आयोजनाको लगानी फिर्ता रकमलाई पुन: लगानी गर्ने तथा प्राधिकरणको आन्तरिक आम्दानीलाई पनि परिचालन गर्नुपर्ने देखिन्छ। कर्मचारी सञ्चय कोषमार्फत् वार्षिक २० अर्ब रुपियाँभन्दा बढीका दरले कोष वृद्धि हुने र आगामी दुई वर्षपछि माथिल्लो तामाकोसी, रसुवागढी, सान्जेन र मध्यभोटेकोसी जलविद्युत् आयोजनाको लगानी फिर्ता शुरू हुने भएकाले सोही लगानीलाई पुन:लगानी गर्न सकिने छ।

नागरिक लगानी कोषमार्फत् वार्षिक १० अर्बभन्दा बढीका दरले कोष वृद्धि हुने र दुई वर्षपछि माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाको लगानी फिर्ता शुरू हुने भएकाले सोही लगानीलाई पुन:लगानी गर्न गर्न सकिने प्रतिवेदनले देखाएको छ।

त्यस्तै नेपाल टेलिकममार्फत् ५० अर्ब रुपियाँभन्दा बढीको रकम अपरिचालित भएको र प्रत्येक वर्ष १२ देखि १५ अर्ब खुद मुनाफा भइरहेकाले सोको उपयोगका लागि पनि आयोजनामा लगानी गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ।

सम्झौतित बचत गर्ने संस्थाबाट आंकलन गरिएअनुसारको लगानी प्राप्त हुने अवस्था नआएमा विकल्पका रुपमा बहुपक्षीय दातृ संस्थाबाट प्रँप्त हुने ऋण, सहुलियतपूर्ण ऋण, आयोजना विषेष ऋणपत्र, आपूर्तिकर्ताको ऋण, कार्बन व्यापार तथा सर्वसाधारणमार्फत् लिइने ऋणलाई लिइएको छ।

## कस्को लगानी कति?

काठमाडौं, (नेस)

प्राधिकरणले स्वपुँजीका रुपमा २० अर्ब र ऋण लगानी ४० देखि ५० अर्ब लगानी, कर्मचारी सञ्चय कोषको स्वपुँजी ३ अर्ब, ऋण लगानी ३० देखि ४० अर्ब, नागरिक लगानी कोष स्वपुँजी ३ अर्ब, ऋण लगानी २० देखि ४० अर्ब, नेपाल टेलिकम स्वपुँजी ३ खर्ब ऋण लगानी १० देखि २० अर्ब, राष्ट्रिय बीमा संस्थान तथा बीमा कम्पनीहरुबाट स्वपुँजी २ अर्ब, ऋण लगानी ५ देखि १५ अर्ब, जलविद्युत लगानी तथा विकास कम्पनीको स्वपुँजी २ अर्ब, ऋण लगानी १० देखि १५ अर्ब रुपियाँ हुनसक्ने प्रतिवेदनमा उल्लेख छ।

त्यस्तै माथिल्लो तामाकोसीको स्वपुँजी २ अर्ब, चिलिमेको स्वपुँजी २ अर्ब, सेना तथा प्रहरी कल्याणकारी कोषले ३ देखि ५ अर्ब ऋण लगानी, स्थानीय जनता ५ अर्ब स्वपुँजी, आमसर्वसाधारणले ८ अर्ब स्वपुँजी, ऋण लगानी ५ देखि १० अर्ब, कर्मचारीले स्वपुँजी ३ अर्ब गरी कुल ५३ अर्ब रुपियाँ स्वपुँजी जुटाउने तथा १ खर्ब ६५ अर्ब रुपियाँ ऋण लगानी गरी स्वदेशी पुँजीमै बूढीगडण्की निर्माण गर्न सकिने खाका तयार भएको छ।




# नेप्सेमा झिनो गिरावट

काठमाडौं, (नेस)

नेप्से कारोबारमा परिसूचक घट्दा कारोबार रकम बढ्ने क्रमले सोमबार पनि निरन्तरता पाएको छ। साताको दोस्रो दिन नेप्से परिसूचक झिनो अंकले घट्दा कारोबार रकम अघिल्लो दिनभन्दा करिब पौने छ करोड रुपियाँले बढेको छ।

सोमबार शेयर बजारमा शून्य दशमलव ८९ अंकको गिरावट आएको हो। यस दिन हजार ५ सय ९ दशमलव १४ अंकबाट शुरू भएको कारोबार १ हजार ५ सय ८ दशमलव २५ अंकमा रोकिएको हो। नेप्से परिसूचक घट्दा सोमबार 'क' वर्गका कम्पनीहरूको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पनि शून्य दशमलव २७ अंकले घटेर ३ सय १७ दशमललव ८ अंकमा पुगेको छ।

सोमबार बजार १ बजेसम्म सामान्य अवस्थामा थियो। त्यसपछि बजार तीव्र गतिमा बढे पनि त्यो लामो समय टिक्न सकेन। अन्त्यमा बजार सामान्य गिरावट भएर बन्द भएको हो।

परिसूचक घट्दा सोमबार कारोबार रकममा भने सुधार आएको छ। शेयर बजारमा सोमबार ५६ करोड ८३ लाख २१ हजार ७ सय ७९ रुपियाँको कारोबार भएको थियो। यसक्रममा बजारमा १ सय ६३ कम्पनीका १२ लाख २५ हजार ३९ कित्ता शेयर किनबेच भए। अघिल्लो दिन बजारमा ५१ करोड १२ लाख १२ हजार १ सय ९२ रुपियाँको कारोबार भएको थियो। सोमबार कारोबारमा आएका बैंकिङ, विकास बैंक, बीमा तथा लघुवित्त समूहमा गिरावट आउँदा नेप्से ओरालो लागेको हो।

## मार्जिन कारोबारलाई परिभाषित गर्न जोड

काठमाडौं, (नेस)

शेयर ब्रोकरहरूले नेपाल स्टक एक्स्चेन्ज (नेप्से) लाई मार्जिन कारोबारसम्बन्धी कार्यविधिमा केही बुँदा थप गर्न सुझाव दिएका छन्। नेप्सेले अन्तिम रुप दिए पनि त्यसमा केही प्रश्न अनुतरित रहेकाले कार्यविधि अस्पष्ट रहेको ब्रोकरहरूले बताएका हुन्।

ब्रोकरहरूले उक्त अस्पष्टता प्रस्ट पार्न पनि नेप्से सामु माग गरेका छन्। कार्यविधिमा ब्रोकर व्यवसायीको कारोबार स्थगन तथा इजाजत पत्र/ मार्जिन कारोबारको इजाजत खारेज भएमा मार्जिन कर्जाअन्तर्गतका शेयर के हुने ? भन्ने विषय प्रस्ट्याउनु पर्ने माग राखेका हन्। त्यस्तै ब्रोकर कम्पनी खारेजीमा परेमा मार्जिन कारोबारका हरहिसाब कसरी राफसाफ गर्ने भन्ने प्रश्नको उत्तर पनि कार्यविधिमा नसमेटिएको ब्रोकरहरूले जनाएका छन्।

ब्रोकरहरूको सुझावमा 'मार्जिन ट्रेडिङ'को परिभाषामा शेयर खरिद तथा सटसेललाई पनि समावेश गर्नेलगायत रहेको छ। मार्जिन कारोबार पुल खाताको परिभाषा थप्दै ब्रोकरले ग्राहकले मार्जिन कारोबारअन्तर्गत खरिद गरेको धितोपत्र जम्मा हुने ब्रोकरको एक छुट्टै हितग्राही खाता सम्झनुपर्ने उनीहरूको सुझाव छ।

त्यस्तै कार्यविधिमा रहेको 'नेप्सेले उपयुक्त ठहर गरेको अवस्थामा कारोबार सदस्यलाई प्रदान गरेको मार्जिन कारोबार सुविधा उपलब्ध गराउने अनुमति स्थगन वा खारेजी गर्न सक्ने छ,' भन्ने व्यवस्था अस्पष्ट रहेको उनीहरूको ठहर छ। यस व्यवस्थाले कस्तो अवस्थामा स्थगन तथा कस्तो अवस्थामा खारेजी हुने भन्ने प्रक्रिया र सुनवाईको मौकाको प्रावधान पनि समेट्नु पर्ने सुझावमा उल्लेख छ। त्यस्तै मार्जिन निक्षेप खातामा पनि हेरफेर गर्नुपर्ने सुझाव पनि ब्रोकरको छ।

## नेसनल इन्स्योरेन्सको स्थापना दिवस महिनामा विविध कार्यक्रम

काठमाडौं, (नेस)

नेसनल इन्स्योरेन्स कम्पनीले 'स्थापना दिवस महिना'का सन्दर्भमा रक्तदान कार्यक्रम आयोजना गरेको छ। ब्लड बैंकसँगको सहकार्यमा भएको रक्तदान कार्यक्रममा ४६ जनाले रक्तदान गरेका थिए।

स्थापना दिवस महिनाको अवसरमा कम्पनीले यस महिनाभर बीमा गर्ने सबैलाई व्यक्तिगततर्फ १ लाख रुपियाँ बराबरको नि:शुल्क बीमा गर्ने पनि घोषणा छ। त्यस्तै सशस्त्र प्रहरी बलबाट विपद् व्यवस्थापनमा सक्रिय गोताखोरलाई नि:शुल्क प्रतिव्यक्ति २ लाख रुपियाँको दरले दुर्घटना बीमा गर्ने कार्यक्रम पनि रहेको कम्पनीले जनाएको छ। त्यसबाहेक 'स्थापना दिवस महिना'को विभिन्न शिक्षालयमा गएर विद्यार्थीलाई बीमासम्बन्धी जानकारी दिइने कम्पनीले घोषणा जनाएको छ।

नेसनल इन्स्योरेन्स कम्पनीले हरेक वर्ष डिसेम्बर ५ तारिखदेखि जनवरी ४ तारिखसम्म 'स्थापना दिवस महिना' (फाउन्डेसन मन्थ) का रूपमा मनाउँदै आएको छ। कम्पनीले यस वर्ष आफ्नो स्थापनाको १ सय ११औं वर्ष मनाइरहेको छ। भारतमा स्थापित यस कम्पनीले नेपालमा कारोबार शुरू गरेको ४३ वर्ष पूरा भइसकेको छ। कम्पनीको नेपालमा ११ वटा शाखा एवम् सेवा केन्द्र रहेका छन्।



# अस्ट्रेलियाले जित्यो एसेस सिरिज

लन्डन, (एजेन्सी)

इंग्ल्यान्डलाई तेस्रो टेस्टमा इनिङ र ४१ रनले हराएर अस्ट्रेलियाले ३-० को अग्रतासँगै एसेस सिरिज जितेको छ।

सोमबार अन्तिम दिन २ सय ५९ रन बनाएर इंग्ल्यान्डले अस्ट्रेलियालाई पुनः ब्याटिङ गर्न लगाउनुपर्ने थियो। तर पाहुना टोली ३४ ओभरमा २ सय १८ रनमा अलआउट भएपछि अस्ट्रेलियाले एसेस जित्यो। पर्थमा इंग्ल्यान्डलाई हराउन घरेलु बलर जोश हेजलवुडले ४८ रन दिएर ५ विकेट लिएका थिए।

पाँच टेस्टको एसेस सिरिजमा अस्ट्रेलियासँग हवाइवासबाट जोगिन इंग्ल्यान्डलाई दुई मौका बाँकी रहेको छ। अस्ट्रेलियाले पहिलो इनिङमा ९ विकेटको क्षतिमा ६ सय ६२ रन बनाउँदै इनिङ समाप्तिको घोषणा गरेको थियो। जसमा कप्तान स्टिभ स्थिमले २ सय ३९ र मिचेल मार्शले १ सय ८१ रन बनाएका थिए।



इंग्ल्यान्डले पहिलो इनिङमा ४ सय ३ रन बनाएको थियो। डाविन मालानले टेस्टमा पहिलो इनिङमा शतक बनाए भने दोस्रो इनिङमा ५४ रन बनाएका थिए। दोस्रो इनिङमा एक समय ४ विकेटको क्षतिमा १ सय ३२ रन बनाएको इंग्ल्यान्डले बाँकी ६ विकेट गुमाउँदा ८६ रन मात्र जोडेको थियो।

यो अस्ट्रेलियाको आठ एसेसमा सातौं सिरिज जित हो। टोलीले २०१५ मा इंग्ल्यान्डसँग हारेको ट्रफी फेरि हात पारेको छ। अस्ट्रेलियाले इंग्ल्यान्डविरुद्ध घरेलु टेस्टमा लगातार आठ जित हात पारेको छ। यो १९२० मा राखेको रेकर्डसँग पनि बराबरी गरेको छ। अहिले अस्ट्रेलियाले ११ वर्षमा लगातार दोस्रो पटक ५-० ले जित्ने लक्ष्य पनि राखेको छ। बाँकी दुई टेस्ट मेलबर्न र सिड्नीमा हुँदै छ।

# ललितपुरसँग काठमाडौं किंग्स पराजित

**नेपाल समाचारपत्र**

काठमाडौं

श्रीलंकाका अनुभवी खेलाडी टिममा सहभागी गराएको काठमाडौं किंग्स इलेभेनले टीभीएस एभरेस्ट प्रिमियर लिग (ईपीएल) मा पराजय बेहोरेको छ।

सोमबार कीर्तिपुरस्थित त्रिवि मैदानमा ललितपुर प्याट्रियट्सले काठमाडौं किंग्सलाई ७ विकेटले हराएको हो। काठमाडौंले पहिले ब्याटिङ गरेर ९० रनको लक्ष्य दिएकोमा ललितपुरले १६ दशमलव ३ ओभरमा तीन विकेटको क्षतिमा लक्ष्य पूरा गर्‍यो। टोलीको जितमा भारतीय खेलाडी जयकिसन कोल्सावालाले ४४ रनको योगदान दिए। त्यस्तै कप्तान ज्ञानेन्द्र मल्ल २० रनमा आउट भए। ३० बलको सामना गरेका ज्ञानेन्द्रले २ चौका प्रहार गरे।

ओपनर पवज सर्राफ शून्य रनमा पहिलो विकेटको रुपमा आउट भए पनि कप्तान ज्ञानेन्द्र र जयकिसान दोस्रो विकेटका लागि ५४ रनको साझेदारी गर्दै टोलीको जितको आधार तयार पारेका थिए। काठमाडौंका लागि श्रीलंकन अक्षु फर्नान्डोले २ र सोमपाल कामीले १ विकेट लिए।



*मेहबुब आलम बलिङ गर्दै।* *तस्वीर : उज्जोल डंगोल*

यसअघि टस हारेर पहिले ब्याटिङ गरेको काठमाडौंले १८ दशमलव ३ ओभरमा सबै विकेट गुमाएर ८९ रन बनाएको थियो। काठमाडौंको शुरुआत नै खराब भएको थियो। दोस्रो ओभरमा ७ रन बनाएको सागर पुनलाई गुमाएको काठमाडौंले तेस्रो ओभरमा नरेश बुढाएर (०) को विकेट पतनको आत्मसात गर्नुपर्‍यो। कप्तान महरूफले आशाअनुरूप टोलीलाई सहयोग गर्न सकेनन्। उनी सात रनमा पवेलियन फर्केका थिए। काठमाडौंका लागि अमित श्रेष्ठले सर्वाधिक २७ रन बनाए। २८ बलको सामना गरेका अमितले ४ चौका प्रहार गरे।

ललितपुरका बलर ललित नारायण राजवंशीले ४ ओभरमा १४ रन खर्चंदै ३ विकेट लिए। मेहबुब आलमले २ विकेट लिँदा योगेश नागरले १ विकेट लिए। ललित नारायणले म्यान अफ दि म्याच घोषित भएर १० हजार रुपियाँ प्राप्त गरे।

## धरहरा

### अजीव छ 'सुपरग्लु'



प्रदेशसभाको निर्वाचन परिणामअनुसार वामपन्थी गठबन्धनले स्पष्ट बहुमत पाएपछि स्वतः गठबन्धनको नेतृत्वमा नयाँ सरकार गठन हुने प्रस्ट भएको छ। तर देउवा नेतृत्वको वर्तमान सरकार विभिन्न बहानाबाजीका साथ राजीनामा नगरी सत्ताको अवधि बढाउने खेलमा लागेको वाम गठबन्धनको आरोप छ। हिजो-आज गठबन्धनका नेतालाई भाषणको गतिलो मसला यही भएको छ।

राष्ट्रियसभा गठन प्रक्रिया प्रस्ट नभएसम्म सरकारबाट नहट्ने प्रधानमन्त्री देउवासहितका कांग्रेस नेताहरूको तर्क छ। वर्तमान सरकारमा रहेको माओवादी एमालेकै अभिव्यक्ति र शैली दोहोर्‍याइरहेको छ। बहुमत प्राप्त गठबन्धनको प्रमुख हिस्सेदार माओवादी भने 'चिचिको पनि लोभ, पापाको पनि लोभ' शैलीमा प्रस्तुत भएको देख्दा धरहरा छक्क पर्न थाल्या छ।

निकै गतिलो 'सुपरग्लु'ले अडचाएको छ कि क्या हो, माओवादीका विना विभागीय मन्त्रीले चुनावपछि पनि काम चलाउ सरकार त्याग्न सकेका छैनन्। गज्जबै रैछ, यो सुपरग्लु। अनि त्यही पार्टीका नेता भन्छन्- 'कांग्रेसले सत्ता लम्ब्याउने चाल रच्यो।' धरहरा यसमा मध्यस्थकर्ता बन्दै यस्तो सुझाव दिन चाहन्छ- माओवादी मन्त्रीहरू सरकारबाट सरक्क हट्या भए त कांग्रेसलाई पनि छिट्टै सरकारबाट हट्न नैतिक दबाब मिल्थ्यो होला नि। कि कसो पाठकवृन्द!







# लिभरपुल चौथो स्थानमा उक्लियो

लन्डन, (एजेन्सी)

इंग्लिस प्रिमियर लिगमा जित हासिल गर्दै लिभरपुल लिग तालिकाको चौथो स्थानमा उक्लेको छ।

आइतबार राति भएको खेलमा बर्नमाउथलाई ४-० ले हराउँदै लिभरपुल अंक तालिकाको चौथो स्थानमा उक्लेको हो। घरेलु टोलीविरुद्ध खेलको २०औं मिनेटमा फिलिप कौटिन्होले गोल गर्दै लिभरपुललाई शुरुआती अग्रता दिलाएका थिए। पहिलो गोल भएको ६ मिनेटपछि नै फिर्मिनोको पासमा डेजान लोभ्रेनले गोल गर्दै लिभरपुलको अग्रता दोब्बर पारेका थिए।

४४औं मिनेटमा जारी सिजनको प्रिमियर लिगका सर्वाधिक गोलकर्ता मोहम्मद सालाहले गोल गर्दै पहिलो हाफसम्म लिभरपुललाई ३-० ले अघि राखे। खेलको ६६औं मिनेटमा कौटिन्होको पासमा फिर्मिनोले थप एक गोल गरेपछि लिभरपुलले ४-० गोल अन्तरको जित सुनिश्चित पार्न सफल भए। जितपछि १८ खेलबाट ३४ अंक जोड्दै लिभरपुल चौथो स्थानमा उक्लिएको छ। शीर्ष स्थानको म्यानचेस्टर सिटीभन्दा लिभरपुल १७ अंकले पछि रहेको छ।

# बार्सिलोनाको सहज जित

लन्डन, (एजेन्सी)

बार्सिलोनाले स्पेनिस ला लिगामा डेपोर्टिभो ला कोरुनालाई ४-० गोलअन्तरले सहजै पराजित गरेको छ।

लियोनल मेसी पेनाल्टीमा गोल गर्न चुके पनि बार्सिलोनाका लागि लुइस सुवारेज र पाउलिन्होले २-२ गोल गर्दै सहज जित दिलाएका हुन्। खेलको पहिलो हाफसम्म दुई गोलले अघि रहेको बार्सिलोनाका तर्फबाट २९औं मिनेटमा लुइस सुवारेजले गोलको खाता खोलेका थिए। यसैगरी पाउलिन्होले खेलको ४१औं मिनेटमा बार्सिलोनाको अग्रता दोब्बर पारे। ४७औं मिनेटमा लुइस सुवारेज तथा ७५औं मिनेटमा पाउलिन्होले व्यक्तिगत दुई-दुई गोल गरेपछि बार्सिलोनाको गोल संख्या चार पुगेको थियो।

# सेमिफाइनल समीकरण पूरा

काठमाडौं, (नेस)

दोस्रो बीभीएस कप यू-१४ अन्तरविद्यालय छात्र क्रिकेट प्रतियोगिताको सेमिफाइनल समीकरण सोमबार तयार भएको छ। समूह 'ए'को विजेता डीएभीले समूह 'बी'को उपविजेता रोज बड तथा समूह 'बी'को विजेता सैनिक आवासीय महाविद्यालयले समूह 'ए'को उपविजेता सेन्ट जेभियर्सविरुद्ध फाइनल प्रवेशका लागि प्रतिस्पर्धा गर्नेछन्।

लिग चरणको अन्तिम दिनको खेलमा सैनिकले दुई खेल खेल्दै दुवैमा सफलता हात पार्‍यो। सैनिकले आयोजक बृहस्पति विद्या सदनलाई ४१ रनले हरायो भने साविक उपविजेता रोज बडलाई ३ रनले पराजित गर्‍यो।

बृहस्पतिविरुद्ध सैनिकका अशिम कार्की र रोज बडविरुद्ध सैनिककै अमोघ थापा 'म्यान अफ द म्याच' बने। अर्को खेलमा डीएभीले डिफेन्डिङ च्याम्पियन केएमसीलाई ४ रनले हरायो। खेलमा ३ चौका मद्दतमा ४७ रन जोडेका केएमसीका सनिध्या आचार्य 'म्यान अफ द म्याच' चुनिए।

# स्नेहा, प्रकृति र अजा क्वार्टरफाइनलमा

**नेपाल समाचारपत्र**

काठमाडौंक

स्नेहा यादव, प्रकृति श्रेष्ठ र अजा रेग्मी १५औं जयकर मेमोरियल राष्ट्रिय जुनियर लनटेनिस प्रतियोगिताको यू-१४ गर्ल्स सिंगल्समा सोमबार क्वार्टरफाइनलमा प्रवेश गरेका छन्।

मन जयकर टेनिस एकेडेमीद्वारा आयोजित प्रतियोगितामा स्नेहाले निमिशा ढकाललाई ६-१ र ६-३, प्रकृतिले सृष्टि राईलाई ६-४ र ६-३ तथा अजाले आइशा डोल्कर गुरुङलाई ६-४ र ६-४ को सोझो सेटमा पराजित गरे। सोही स्पर्धाको ब्वाइजमा कुवेहाङ चेम्जोङले आयुश गुरुङलाई ६-० र ६-०, आर्यन गिरीले सफल श्रेष्ठलाई ६-१ र ६-१, आदित अग्रवालले साक्षत शाहीलाई ६-४, ०-६ र ६-४ तथा सरोज तामाङले प्रणव मानन्धरलाई ६-१, ४-६ र ७-५ को सेटमा हराउँदै अन्तिम आठमा स्थान सुरक्षित गरे।






कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ